# डोभा

## घरेलु हिंसाको सन्दर्भमा
## मानव अधिकारको प्रभाव मुल्याङ्कन सामग्री

# विषयसूची


१. डोभाको बारेमा १

१.१ डोभाले महिलाका मानव अधिकारहरूलाई महसुस गर्न सहयोग पुऱ्याउँछ । १

१.२ मानव अधिकारको प्रभाव मुल्याङ्कन भनेको के हो ? १

१.३ घरेलु हिंसामा मानव अधिकारको मुल्याङ्कन किन गर्ने ? २

१.४ डोभाको प्रयोग कसले गर्न सक्छ ? ३

१.५ डोभाको प्रयोग कहिले गर्ने ? ३

१.६ डोभा विश्लेषण गर्न कति समय लाग्छ ? ३

१.७ डोभाको ढाँचा ४

१.८ प्रयोगकर्ताहरूको सहयोगको लागि ४

२. घरेलु हिंसा र महिलामाथिको हिंसा ६

२.१ उद्देश्य ६

२.२ महिला हिंसा एक विश्वव्यापी समस्या ६

२.३ महिलामाथि हुने हिंसाका सहयोगी कारकतत्वहरू ७

२.४ समाजले चुकाउनुपर्ने मुल्य ७

२.५ महिला हिंसाका प्रकारहरू ८

२.६ डोभाको ध्यानाकर्षण : घरेलु हिंसा/ नजिकको साथीबाट हुने हिंसा ८

३ मानव अधिकार र अन्तर्राष्ट्रिय नीतिको मापदण्ड ११

३.१ उद्देश्य ११

३.२ मानव अधिकारहरू के हुन् ? ११

३.३ राज्यको मानव अधिकारको दायित्व १२

३.४ व्यक्तिगत अधिकार र घरेलु हिंसा १४

३.५ अन्तर्राष्ट्रिय नीतिको मापदण्ड र राज्यको दायित्व १५

४. संक्षिप्त पुनरावलोकन र मुल्याङ्कनको तयारी १६

४.१ उद्देश्य १६

४.२ संक्षिप्त पुनरावलोकनबाट मुल्याङ्कनको लागि समस्या पहिचान १७

४.३ मुल्याङ्कन समूहको निर्माण १९

४.४ सरोकारवालाको पहिचान २०

४.५ कार्ययोजना र वजेटको विकास २२

४.६ उपयुक्त प्रश्नको छनौट गरी उत्तर दिने (ट्राफिक लाईट सिद्धान्त) २३

४.७ निष्कर्ष २४

५. डोभा मुल्याङ्कनका ७ चरणहरू २५

परिचय २५

प्रारम्भ २५

सम्झिनु पर्ने मुख्य बुँदाहरू २६

चरण १ २८

- समस्या र नीति २८
- सरकारी नीतिहरूका मानव अधिकार पक्षहरू २८
- अत्याधिक प्रभावित समूहहरू २८
- प्रभावित अधिकारहरू २८
- कुन समस्या र नीतिको विश्लेषण गर्ने ? २९
- प्रश्नहरू र व्याख्या २९
- नीतिबाट प्रभावित समूहहरू कुन कुन हुन् ? ३१

● नीतिले कस्ता मानव अधिकारहरूलाई प्रभावित पारेको छ ? ३३

चरण २ ३४

● सरकारका प्रतिवद्धताहरू ३४

● सरकारका प्रतिवद्धताका मानव अधिकार पक्षहरू ३४

● सन्धिहरू ३४

● अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरू ३४

● राष्ट्रिय कानुनी खाका ३४

● प्रश्नहरू र व्याख्या ३६

चरण ३ ४०

● सामाजिक र राजनैतिक अवस्था ४०

● प्रश्नहरू र व्याख्या ४१

चरण ४ ४५

● कार्यान्वयन ४५

● प्रश्नहरू र व्याख्या ४६

चरण ५ ५१

● व्यवहारमा नीतिको प्रभाव ५१

● प्रश्नहरू र व्याख्या ५३

● क्षेत्रहरू : सान्दर्भिक मापदण्डको जाँच ५४

● क्षेत्र नं एक : कानुनी उपचार, कानुन ५५

● क्षेत्र नं २ : न्यायिक प्रणाली, कार्यान्वयन ५७

● क्षेत्र ३ : सुरक्षाको स्तर ५९

● क्षेत्र नं. ४ रोकथामका उपाय ६ १

चरण ६ ६६

● जवाफदेहिता ६६

● राज्यको जवाफदेहिताका मानव अधिकारवादी पक्षहरू ६६

● गैर राज्य पक्ष ६६

● अगाडि बढ्ने : प्रगतिशील दायित्व बोध ६७

● पछाडि फर्केर हेर्दा : गैर अवनतिको दायित्व ६७

● अन्तर्राष्ट्रिय नीतिको मापदण्ड ६७

● जवाफदेहिताको आङ्कलन ६७

● प्रश्नहरू र व्याख्या ६८

● सहभागिता ७३

● के तपाई आफ्नो परिणामको प्रतिवेदन तयार गर्नु हुन्छ ? ७ ३

चरण ७ ७३

● सुझाव र कार्य योजना ७३

● पैरवी तथा लवी ७४

● प्रश्नहरू र व्याख्या ७६

● प्रभावित समूह र अन्य सम्बन्धित सरोकारवालाहरूलाई कसरी सूचित र संलग्न गरायौ ? ७६

अनुसूची १ शव्दावली ८१

अनुसूची २ मानव अधिकारको दृश्यावलोकन ८२

अनुसूची ३ संक्षिप्त पुनरावलोकनको उदाहरण ९७

अनुसूची ४ डोभा विश्लेषणको कार्ययोजना ९९

अनुसूची ५ पैरवीको कार्ययोजना १००

# कृतज्ञता ज्ञापन : डोभा सामग्रीको विकास कसले, किन गर्‍यो ?

विश्वभरि नै मानिसहरू घरेलु हिंसा र त्यसको रोकथामका उपायहरूको खोजी गर्ने चुनौतीहरूको सामना गरिरहेका छन् । विगत २५ बर्षमा घरेलु हिंसालाई मानवअधिकारको हनन् र सार्वजनिक सरोकारको विषयको रूपमा पहिचान गर्न थालिएको छ ।

घरेलु हिंसा रोकथामका लागि कार्यरत सङ्घ संस्थाको विचारमा यदि अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डहरूलाई रणनैतिक रूपमा आफ्ना काममा प्रयोग गर्न सकेमा र सरकारहरूलाई ती अधिकारहरूको हननमा जवाफदेही बनाउन सकेमा महिलाको मानव अधिकारमा सुधार गर्न सकिन्छ ।

मुल्याङ्कनको संरचना उपलब्ध भएको अवस्थामा अधिकारमुखी र तथ्यपरक अनुसन्धान गर्न सहज हुन्छ । एम फर ह्युमन राइट्ससँग मानव अधिकारका असरहरूको मुल्याङ्कन सामग्रीहरूको निर्माण गर्ने विज्ञता भएकोले सहयोगका लागि आग्रह गरियो । धेरै छलफल र आवश्यकताहरूको मुल्याङ्कन पश्चात घरेलु हिंसाको सन्दर्भमा मानव अधिकार मुल्याङ्कन सामग्री (डोभा) को निर्माण गर्ने निर्णय गरियो ।

प्रयोगकर्ताहरूका अनुभव र आवश्यकताहरू झल्काउने सामग्रीको निर्माण गर्न सम्भावित प्रयोगकर्ताहरूलाई सामग्री निर्माण प्रक्रियामा सहभागी गराइनु पर्दछ । त्यसैलें सन् २००८ को गृष्म महिनामा डोभा निर्माणका लागि सहकार्य गर्न अन्तराष्ट्रिय सङ्घ सस्थांहरूको एउटा संजाल गठन गरियो ।

डोभा संजालका सदस्यहरूले निम्न विषयहरूमा आफ्नो ज्ञान र दक्षता प्रदान गरेका थिए: घरेलु हिंसाको सन्दर्भमा अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डहरू; घरेलु हिंसाका पीडितलाई दिइने सेवा सुविधा (सुरक्षा आवास र कानुनी सहायता लगायत); संचेतना अभिबृद्धि र व्यवहार परिवर्तन; क्षमता अभिबृद्धि; तथा पैरवी र लवि (नीति र कानुन परिमार्जन कार्य लगायत) । सञ्जालका संस्थाहरूले विश्वका विभिन्न क्षेत्रहरूलाई समेटेका थिए ।

**युरोप:** एम फर ह्युमन राइट्स, द नेदरल्याण्ड (सहभागी सास्कीया बाकर, ल्युकी ड्रोइसन र मारिजे नेदरभीन), प्रोजेक्ट अन ओमेनस् राइटस्, द नेदरल्याण्डस् (सहभागी मारग्रिट डी बोइर), सेन्टर फर लिगल सिभिक इनिसिएटिभस्, अलवानिया (सहभागी अरेला बोजो र अनास्टासी)

**अफ्रिका**: मासिमानयाने ओमनस् सर्पोट सेन्टर, साउथ अफ्रिका (सहभागी लेसले एनी फोर्सट्र, माला नाइडु र फेलिका बोक्वाना), मोसाइक ट्रेनिङ्ग, सरभिस एन्ड हिलिङ्ग सेन्टर फर ओमेन, साउथ अफ्रिका (सहभागी मारिता दि भोस र क्रिस्टीले क्रोन्जे), केम्बाति मेन्ती गेजिमा टोपे (के एम जी), ईथियोपीया (सहभागी बोगालेटच गेवरे), जिम्बावे ओमेन लर्यस् एसोसिएसन, जिम्बावे (सहभागी फजिया चटिजा, पृस्का डोवे र रेविका मागोरोकोसो) र ओमेन इन ल एण्ड डेभेलप्मेन्ट, घाना (सहभागी बरनिस साम)।

**लेटिन अमेरिका**: सेन्ट्रो डी ला मुजेर पेरुवाना फ्लोरा ट्रिस्टान, पेरु (सहभागी डिआना मिलोस्लाभिच तुपाक्)

**सी आई एस** : इण्डिपेन्डेण्ट कनसल्ट्यान्ट अनारा मोल्डास्चेभा, किर्गिस्तान ।

**एसिया** : ओरेक नेपाल (सहभागी रचना श्रेष्ठ, सुवर्णा पाण्डे), द नेटवर्क रिसर्च सेन्टर फर कम्ब्याटिङ डोमेस्टिक भायोलेन्स, चीन, (सहभागी ची जाङ)

डोभा निर्माणको लागि डच परराष्ट्र मन्त्रालय, हिभोस र पी एस ओबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

आफ्ना अनुभवहरू आदान प्रदान गरी आफ्नो अमुल्य समय प्रदान गर्नु भएका डोभाको सञ्जालका सबै सदस्यहरूमा म मुख्य लेखकको हैसियतले हार्दिक आभार व्यक्त गर्न चाहन्छु । म एम् फ‍र ह्युमन राईटस्का साथीहरू मारिके

भान् डेन् वर्ग, कार्लिजेन् भान डन् इन्डे, जोन लानन्, मारिजे नेडेरभिन्, सास्किया बेकर र हेनरियेट स्तुलेन्लाई र ओमेनस् ह्युमन राइट्स् कार्यक्रमको इन्टर्न लियासेलट् स्पिलिट्, मारिया भरस्चर, मेरिन टे स्टोएट्, मेरिकाक्रिखर, एनी आल्डी लुइस् र लोरेइन बुस्टोलाई सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु । म सधैं सबैको मेहेनत र काम गर्दाको रमाइलो सम्झनालाई सङ्गालेर राख्नेछु ।

डोभाको सञ्जालका सदस्य संस्थाहरू तालिम प्राप्त प्रशिक्षकको रूपमा रहेका छन् र आफ्नो क्षेत्रका संस्थाहरूलाई यो सामग्रीको प्रयोगमा सहयोग पुऱ्याउन बचनबद्ध छन् । थप जानकारीको लागि www.humanrightsimpact.org. मा हेर्नुहोला ।

सम्पूर्ण महिला, बालबालिका र पुरुष हिंसामुक्त जीवन बाँच्न स्वतन्त्र छन् । डोभा सामग्रीले हरेक व्यक्ति तथा संस्थालाई घरेलु हिंसा रोक्नको लागि बल प्रदान गर्नेछ भन्ने आशा राखेकी छु ।

**ल्युकि ड्रोएसन**

**उत्रेच,**

**डिसेम्बर, २०१०**

# १. डोभाको बारेमा

## १.१ डोभाले महिलाका मानव अधिकारहरूलाई महसुस गर्न सहयोग पुऱ्याउँछ ।

"महिला र बालबालिकाहरू सुरक्षित रहनुपर्ने आफ्नै घरपरिवार जस्ता स्थानहरूमा पनि बारम्बार असुरक्षित हुन्छन् । धेरैका लागि घर त्यस्तो स्थान हो, जहां आफूले विश्वास गर्न सकिने नजिकका सदस्यबाट नै डर त्रास र हिंसा हुन्छ । त्यस्ता महिलाहरू शारीरिक र मानसिक रूपमा पीडित हुन्छन् । त्यस्ता पीडितहरू आफ्नो निर्णय आफै गर्न, आफ्नो विचार प्रस्तुत गर्न, अथवा आफ्ना बालबच्चाहरूको संरक्षण गर्न असक्षम हुन्छन् । यसप्रकारको सदैव झेल्नुपर्ने हिंसाको त्रासले उनीहरूको जीवन क्षतविक्षत भएको हुन्छ र उनीहरूका मानव अधिकारहरूको[1] हनन भएको हुन्छ ।" [2]

प्रायः घरेलु हिंसालाई समाज र सरकारहरूले मानव अधिकारको हननको रूपमा लिंदैनन् । हिंसालाई व्यक्तिगत मुद्दाका रूपमा मात्र लिइन्छ र त्यसलाई रोक्नका लागि न्यूनतम प्रयास गरिन्छ । धेरै जसो समुदायमा घरेलु हिंसालाई सहज रूपमा लिई सहन गरिन्छ । त्यसले पीडितले संरक्षण र उपचार खोज्ने कुरामा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । धेरै जसो राज्यहरूमा घरेलु हिंसालाई सम्बोधन गर्ने पर्याप्त कानुन अथवा नीतिहरूको अभाव छ । नीति नियमहरूलाई कानुनमा समावेश गरिए पनि त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने कार्यमा राज्य प्रायः असफल रहन्छ ।

यस मुद्दामा ध्यानाकर्षण गर्दा धेरै बर्षसम्म महिला आन्दोलनले गरेको प्रतिवद्धतापूर्ण कार्यको परिणामस्वरूप अन्तर्राष्ट्रिय समुदायले के पहिचान गरेको छ भने घरेलु हिंसा लगायत महिलामाथि हुने हिंसाहरूको अन्त्य गर्ने दायित्व सरकारको हो ।[3]

तर विद्यमान मानव अधिकार र नीतिहरूलाई आफ्नो कार्यमा सहयोग पुऱ्याउन र सरकारलाई पीडितको मानव अधिकार उल्लंघनमा जवाफदेही बनाउन प्रयोग गर्नु घरेलु हिंसामा कार्यरत सङ्घ / संस्थाहरूका लागि एक चुनौतीको रूपमा रहेको छ ।[4] "महिलामाथिको हिंसालाई सम्बोधन गर्न खासगरी अन्तर्राष्ट्रिय मापदण्डहरूलाई स्थानीय तहमा वास्तवमै व्यवहारमा लागू गर्न महिला आन्दोलन र मानव अधिकारवादी सङ्घ/ सस्थाहरूले अहम् भूमिका निर्वाह गर्नु पर्दछ" ।[5]

विश्वका सङ्घ / संस्थाहरूलाई यस प्रकारको महत्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग गर्नको लागि डोभाका सञ्जालका साझेदार संस्थाहरूले डोभा (मानव अधिकारको मुल्याङ्कन सामग्री) को विकास गरेको हो ।

## १.२ मानव अधिकारको प्रभाव मुल्याङ्कन भनेको के हो ?

अधिकार प्राप्त गर्नु र वास्तवमै अधिकारको उपभोग गर्नुमा भिन्नता छ । धेरै जसो देशहरूमा मानव अधिकारको सैद्धान्तिक र व्यावहारिक ज्ञानबीच रिक्तता याने खाडल छ । मानव अधिकारको प्रभाव वा असर मुल्याङ्कन भनेको राज्यले गरेको प्रतिबद्धता (सिद्धान्तमा मानव अधिकार) र व्यक्ति, समुदाय र समूहले देशमा आफ्ना ती अधिकारहरू उपभोग गर्ने क्षमता (व्यवहारमा मानव अधिकार) बीच विद्यमान खाडल मापन गर्ने एक प्रक्रिया हो । मानव अधिकारको प्रभाव वा असर मुल्याङ्कन राज्यको दायित्वमा केन्द्रित हुन्छ । मानव अधिकार मापदण्ड अनुरुप आफ्नो क्षेत्राधिकारभित्र बसोबास गर्ने सबै मानिसहरूको मानव अधिकार सुनिश्चित गर्ने, आदर गर्ने र संरक्षण गर्ने कर्तव्य राज्यको हो । मानव अधिकार प्रभाव मुल्याङ्कन राज्यको दायित्व विश्लेषण गर्ने एक नयाँ र स्पष्ट विधि हो ।

नीतिगत सुधारका लागि पैरवी गर्दा मानव अधिकारमुखी शैलीले धेरै योगदान गर्न सक्दछ । मानव अधिकारहरू विश्वव्यापी छन् । ती कुनै क्षेत्र विशेष र सुनिश्चित राजनैतिक समूहसँग सम्वद्ध हुँदैनन् । धेरै सरकारहरूले मानव अधिकारसम्बन्धी विभिन्न सन्धिहरूमा हस्ताक्षर गरेर मानव अधिकारप्रति प्रतिवद्धता व्यक्त गरेका हुन्छन् । हामीले

1 गाढा गरी लेखिएको शब्दको परिभाषा शब्दावलीको अनुसुची १ मा रहेको छ

2 http://www.unicef-icdc.org/publications/pdf/digest6e.pdf

3 Secretary general in –depth study, page 13-14

4 E.g.http://endviolence.un.org/

5 Secretary general in-depth study, page 24

आ-आफ्ना सरकारलाई महिला अधिकारका लागि जे जति गर्न सकिन्छ त्यो गर्न र मानव अधिकारको प्रतिवद्धताप्रति जवाफदेही बनाउनु पर्दछ । मानव अधिकारमुखी शैली ठूला खाले अधिकार हननमा निर्भर हुँदैन । जति मानिसलाई प्रभावित गरे पनि जुनसुकै खालको मानव अधिकारको अतिक्रमण मानव अधिकारको हनन् हो । डोभा मुख्य रूपमा घरेलु हिंसाको सन्दर्भमा मानव अधिकारमा केन्द्रित छ । तर यस्तै खाले शैली मानव अधिकारको अन्य सवालमा पनि प्रयोग गर्न सकिन्छ ।

## १.३ घरेलु हिंसामा मानव अधिकारको मुल्याङ्कन किन गर्ने ?

घरेलु हिंसाको अन्त्यका लागि कार्यरत व्यक्तिलाई त्यो निकै ठूलो लडाईं जस्तो लाग्न सक्दछ । हिंसा समाजमा स्थापित भैसकेको बिषय भएकोले त्यसलाई परिवर्तन वा सुधार गर्नका लागि लवि गर्न कठिन हुन्छ । तर राज्यहरूले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मापदण्डहरूमा आधारित भएर र तिनको प्रयोग गरेर लबि र पैरवीको कामलाई सशक्त बनाउन सकिन्छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त गरि सकेपछि त्यसलाई कार्यान्वयन गर्न राज्य उदासिन रहन सक्दैन । आफ्ना प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयन नगर्ने सरकारलाई जवाफदेही बनाउन यो सामग्री उपयोगी हुनेछ ।

घरेलु हिंसालाई मानव अधिकारको मुद्दाको रूपमा सम्बोधन गरी महिलाहरू तथा घरेलु हिंसाबाट पीडित वा प्रभावितहरूलाई सशक्तीकरण गर्न सकिन्छ । उनीहरू मानव अधिकार प्राप्त व्यक्ति हुन् । उनीहरूले सक्रिय अधिकार प्राप्त व्यक्तिका रूपमा राज्य र सरकारले प्रतिवद्धता व्यक्त गरे अनुरुपका अधिकारहरूको माग गर्न सक्दछन् ।

तर देशमा विद्यमान व्यवहार, कानुन र नीतिहरू अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड अनुरुप छन् वा छैनन् भने विश्लेषण र मुल्याङ्कन गर्न सजिलो हुँदैन । डोभाले यसको प्रयोगकर्तालाई विश्लेषण गर्दा आवश्यक पर्ने प्रश्नहरूसमेत उपलब्ध गराएको छ । हामीले आफ्नो देशमा सामना गरिरहेका खास समस्यालाई केन्द्रमा राख्ने छौं । डोभाले चरणबद्ध निर्देशन दिन्छ र हामीलाई कानुन, नीति र व्यवहारहरू राज्यले गरेको मानव अधिकार र अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप छन् वा छैनन् भन्ने मुल्याङ्कन गर्न मद्दत गर्दछ ।

समस्याको विश्लेषण गर्न डोभाको प्रयोगले निम्न कुराहरूमा मद्दत गर्दछ

- समस्या, नीति र सम्बन्धित मानव अधिकारका मुद्दाहरूबीच प्रत्यक्ष सम्बन्ध स्थापना गर्न
- महिलाको जीवनमा यथार्थमा घटि रहेका घटनाहरूबारे ज्ञान
- वर्तमान र भविष्यमा मानव अधिकारको प्रभावबारे मुल्याङ्कन
- सरकारलाई कार्य गर्न उत्प्रेरित गर्नका लागि सरकार र सङ्घ / सस्थाले के गर्न सक्दछन् भन्ने बिषयमा निष्कर्ष निकाल्न

यो अधिकारमुखी मुल्याङ्कनले कुनै पनि अवस्थाको पूर्ण विश्लेषण गर्नेछ । यसले सुधार र परिवर्तनका लागि माग गर्न अधिकारमुखी प्रमाणहरू उपलब्ध गराउनेछ । अधिकारहरूको उल्लङ्घन कहाँ र कसरी भइरहेको छ भन्ने कुराहरू स्पष्ट रूपमा राख्न यस पुस्तकका प्रयोगकर्ताहरूलाई यसले सक्षम बनाउँनेछ । यसका अतिरिक्त यसले व्यावहारिक रूपमा अवस्था सुधारका लागि लवि गर्न उपयोगी तर्कहरूसमेत उपलब्ध गराउँनेछ ।

डोभा मुल्याङ्कनबाट प्राप्त परिणामहरूलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै स्तरमा प्रयोग गर्न सकिन्छ । अन्तर्राष्ट्रिय स्तरमा एउटै मानव अधिकार दायित्वलाई विभिन्न मुलुकहरूले कसरी कार्यान्वयन गर्दछन् भन्ने कुरा तुलना गर्न यसले सहजीकरण गर्न सक्दछ । संयुक्त राष्ट्र सङ्घ जस्ता अन्तर्राष्ट्रिय संस्था अथवा अन्तर्राष्ट्रिय राजनीतिक बैठक र समितिहरूमा लवि गर्न यो सामग्री सहयोगी हुन सक्दछ । डोभाको मुल्याङ्कनबाट प्राप्त नतिजाले उपलब्ध गराउने सूचनाहरू नागरिक समाजले मानव अधिकार सन्धिहरूको कार्यान्वयन अनुगमन गर्ने समितिलाई बुझाउन तयार पार्ने प्रतिवेदन र छायाँ प्रतिवेदनका लागि प्रयोग गर्न सकिन्छ । यसले राष्ट्रिय तथा स्थानीय स्तरमा अधिकारमुखी लवि र पैरवीका लागि आधारहरू उपलब्ध गराउँछ ।

### मानव अधिकारको प्रभाव मुल्याङ्कन गर्ने सीमा

मानव अधिकारको प्रभाव मुल्याङ्कनले रातभरमै सबै कुरामा सुधार ल्याइहाल्छ भन्ने होइन । यो मुल्याङ्कन र अनुसन्धानका नतिजाहरूको लेखाजोखाले मानव अधिकारसम्बन्धी दायित्वहरूको कार्यान्वयनमा विद्यमान रिक्तता पत्ता लगाउन र सम्भाव्य समाधानहरू पत्ता लगाउन मद्दत गर्दछ । तपाईको विश्लेषणमा आधारित लवि र पैरवीले परिवर्तन ल्याउन सहयोग गर्न सक्दछ तर त्यसका लागि समय र श्रम चाहिने छ ।

## १.४ डोभाको प्रयोग कसले गर्न सक्छ ?

घरेलु हिंसाको विरुद्धमा स्थानीय स्तरमा कार्यरत महिला अधिकारवादी सङ्घ संस्थाहरू र सुरक्षा आवास सेवा पुऱ्याई रहेका सङघ संस्थाहरूले प्राथमिक रूपमा प्रयोग गर्नको लागि यसको विकास गरिएको हो ।

अन्य मानव अधिकारबादी र नागरिक समाज तथा पेशागत संस्थाहरू जस्तै अनुसन्धानकर्ताहरू, कानुन व्यवसायीहरू, सामाजिक कार्यकर्ताहरू र दातृ संस्थाहरूले पनि यसको प्रयोग गर्न सक्दछन् ।

## १.५ डोभाको प्रयोग कहिले गर्ने ?

घरेलु हिंसाको अन्त्यको लागि काम गर्न कटिबद्ध भएका ईच्छुक व्यक्ति र संस्थाहरूले यसको प्रयोग गर्न सक्दछन्। हामीलाई थाहा छ कि हाम्रा कानुनहरू, नीतिहरू र अभ्यासहरूमा रिक्तताहरू छन् र तिनले घरेलु हिंसाको अन्त्य गर्ने काममा अवरोध खडा गरिरहेका छन् । यस किसिमको रिक्तता मानव अधिकारको उल्लङ्घन र अन्तर्राष्ट्रिय मापदण्डहरूमा पनि महसुस गर्न सकिन्छ ।

अधिकारमा आधारित अनुसन्धानले हाम्रो काममा कानुनी मान्यता थप्दछ किनकि त्यस्ता अनुसन्धानहरू अन्तर्राष्ट्रिय मापदण्डहरूमा आधारित हुन्छन् । जोखिममा रहेको कुनै सीमान्तकृत समूह जस्तो कि गैरकानुनी बसाइसराई गरेका व्यक्तिहरू अथव यौनकर्मीहरूले कुनै समस्या खेपिरहेका छन् भने, त्यस सम्बन्धी लवि र पैरवी गर्न यो कानुनी मान्यता (वा प्रावधान) बिशेषतः सहयोगी हुन सक्दछ ।

यसका अतिरिक्त डोभाको प्रयोग गरी मानव अधिकारको मुल्याङ्कन गर्दा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूको प्रयोग गर्ने तथा राज्यका कानुन र नीतिहरूको विश्लेषण गर्ने संस्थागत क्षमतामा अभिबृद्धि हुन्छ । डोभाको प्रयोगबाट हाम्रो काममा अधिकारमा आधारित शैली (right-based approach) को प्रयोग गर्ने सीप र मानव अधिकारलाई रणनीतिक रूपमा प्रयोग गर्ने हाम्रो क्षमतामा विकास हुनेछ । अनुभवले के देखाएको छ भने डोभाको प्रयोगबाट प्राप्त क्षमता र सीप सम्बन्धित व्यक्ति र संस्थाहरूका अन्य गतिविधिहरूमा पनि उपयोगी हुन सक्दछन् ।

### व्यक्तिगत समस्या र डोभा

तपाई घरेलु हिंसाबाट पीडित वा प्रभावित व्यक्तिलाई सहयोग गर्न सूचनाहरू खोज्दै हुनुहुन्छ भने डोभा एक उपयुक्त सामग्री हो कि जस्तो लाग्न सक्दछ । वास्तवमा कुनै निश्चित अवस्थामा एउटा व्यक्तिको मानव अधिकारको हनन् मुल्याङ्कन गर्न यो उपयुक्त सामग्री होइन । किनकि मानव अधिकारको असर मुल्याङ्कनले मानव समूहलाई प्रभाव पार्ने समस्याहरूको लेखाजोखा गर्दछ । त्यसो भए पनि यस सामग्रीको चरण ५ मा भएको छलफल र परिशिष्ट दुईमा प्रस्तुत गरिएको व्यक्तिगत अधिकारहरूको सिंहावलोकनबाट मिल्दाजुल्दा मानव अधिकार मापदण्डहरूबारे उपयोगी सूचना प्राप्त गर्न सकिन्छ ।

## १.६ डोभा विश्लेषण गर्न कति समय लाग्छ ?

मुद्दाको छनोट संस्थाको कार्य अनुरुप भएमा डोभा विश्लेषण सबभन्दा उपयोगी र रणनीतिक हुन सक्दछ । पूर्ण डोभा मुल्याङ्कन गर्न ५ देखि ६ महिनासम्मको समय लाग्न सक्दछ । यो कुरा संस्थाको क्षमतामा निर्भर गर्दछ । यो प्रक्रियामा तथ्याङ्क संकलनले सबैभन्दा बढी समय लिन्छ । तर यसलाई संस्थाभित्रकै कामसँग एकीकृत गरी गरेमा निकै सहज हुन्छ । जस्तै कार्य क्षेत्रको भ्रमणमा जाँदा सेवा प्राप्त गरिरहेका व्यक्तिहरूसँग, निश्चित भैसकेको बैठकका क्रममा सरकारी कर्मचारीहरूसँग र अन्य सरोकारवालाहरूसँग अन्तरवार्ता लिन सकिन्छ । यसमा संलग्न संस्थाहरूसँग विश्लेषणको कार्य विभाजन

गरेर पनि यो प्रक्रियालाई कम सघन पार्न सकिन्छ अथवा कम समयमा पूरा गर्न सकिन्छ । लवि गर्दा प्रस्तुत गरिने तर्कहरू तथ्यमा आधारित हुनु पर्दछ । के कुरा हेक्का राख्नु पर्दछ भने सूचनाहरूको गहनता र विस्तृत विवरणको आवश्यकता अवस्थापिच्छे फरक हुन्छ र आवश्यक पर्ने सबै सूचनाहरू सदैव सहज रूपमा उपलब्ध नहुन पनि सक्दछ ।

**डोभाको प्रयोगमा लचकता अपनाऔं**

डोभाका सम्भावित प्रयोगकर्ताहरूको जीवनलाई सकभर सरल पार्ने हिसाबले र यसको प्रयोग गर्दा झन्झट नहोस् भन्ने कुरा ध्यानमा राखी डोभाको विकास गरिएको छ । यसका केही प्रश्नहरू र केही चरणहरू तपाईका केही अवस्थाहरूसँग मेल नखान सक्छन् । त्यसो हुँदैमा यसलाई लचिलो रूपमा प्रयोग गर्न डराउनु पर्दैन । यसको प्रयोग गर्दा केही भाग वा प्रश्नहरू छोड्न सकिने देखिएमा त्यस्ता भाग वा प्रश्नहरूलाई छोडेर पनि गर्न सकिन्छ ।

## १.७ डोभाको ढाँचा

के कुरा हेक्का राख्नु जरुरी छ भने डोभाको ढाँचा र प्रश्नहरूले यो मुल्याङ्कन स्थानीय सन्दर्भमा केन्द्रित छ र तपाईको अवस्थामा मिल्दो छ भन्ने सुनिश्चित गर्दछन् । डोभाको ढाँचा यस प्रकारको छ

अध्याय २ र ३ मा सामान्य जानकारी दिइएको छ । यसले प्रयोगकर्तालाई घरेलु हिंसा र मानव अधिकारका विषयहरूमा पुन: परिचित हुन सहयोग गर्दछ ।

अध्याय ४ मा मुल्याङ्कन प्रक्रियाको पहिलो चरणको बारेमा वर्णन गरिएको छ । तपाईले डोभा मुल्याङ्कन प्रक्रिया थाल्नु अघि आफैलाई सोधिने प्रश्नहरू यस अध्यायमा समावेश छन् । त्यसले मुल्याङ्कनका लागि समस्या छनोट गर्न सहयोग पुऱ्याउँनेछ । यसले उपयुक्त सरोकारवाला, समूहका सदस्यहरू, यसमा लाग्ने समय र खर्च पत्ता लगाउन सोध्ने काम गर्नेछ । यो तयारीबाट तपाई वा तपाइको संस्थाले डोभा मुल्याङ्कन गर्ने समयलाई रणनैतिक लगानीका रूपमा लिने वा नलिने बिषयमा निर्णय गर्न सहज हुनेछ ।

अध्याय ५ डोभाको मुटु हो । यसमा मुल्याङ्कनको भाग रहेको छ । यसले विश्लेषणको लागि प्रश्नहरू र सूचनाहरू उपलब्ध गराउँछ र चरणबद्ध रूपमा प्रश्नका उत्तरहरू उपलब्ध गराउँछ ।

अध्याय ५ को चरण ७ ले त्यस्ता सूचनाहरू उपलब्ध गराउँछ जसले डोभा विश्लेषणबाट प्राप्त सूचनाहरूलाई परिवर्तनका लागि लवि गर्न कसरी सफलतापूर्वक प्रयोग गर्ने भन्ने विषयमा लेखाजोखा गर्न सहयोग गर्नेछ ।

अनुसूचीहरूले थप जानकारी प्रदान गर्दछन् । डोभामा प्रयोग भएका शब्दावलीहरूको परिभाषा र व्याख्या पनि दिइएको छ । डोभामा हाइलाइट गरिएका शब्दहरूको बारेमा थप जानकारी अनुसूचीमा रहेको शब्दावलीबाट प्राप्त गर्न सकिन्छ । अनुसूची २ मा व्यक्तिको मानव अधिकारको बारेमा छोटो जानकारी दिइएको छ । यसका अतिरिक्त डोभा विश्लेषणको लागि कार्य योजना फारम र पैरवीको लागि कार्ययोजना फारम पनि उपलब्ध गराइएको छ । अनुसूची ६ मा उपयुक्त स्रोतहरूको बारेमा जानकारी दिएको छ ।


## १.८ प्रयोगकर्ताहरूको सहयोगको लागि

डोभालाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ, तर मानव अधिकारको खाकामा काम गरिरहेका धेरै सङ्घ संस्थाहरूका लागि यो एउटा नयाँ अनुभव हुन सक्छ । यसलाई सहजकर्ताको सहयोग लिई विश्लेषणको भागसमेत समेटिएको कार्यशाला गोष्ठीको आयोजना गर्नु उपयोगी हुन सक्छ । गोष्ठीबारे र अन्य जानकारीको लागि निम्न ठेगानामा हेर्नुहोला www.humanrightsimpact.org अथवा info@humanrightsimpact.org मा इमेल गर्नुहोला ।

**सुझाव**

हामीले तपाईको देशमा महिलामाथि हुने हिंसा मापन सामग्री पनि विकास गरिसकेका छौ । सो सामग्रीले हिंसा रोक्न गरिएका कार्यहरूमा विद्यमान रिक्तता पत्ता लगाउन र रणनैतिक हस्तक्षेपको योजना बनाउन सहयोग गर्दछ । थप जानकारीका लागि *www.humanrightsimpact.org* तथा *info@humanrightsimpact.*मा सम्पर्क राख्नुहोस् ।

डोभाका ७ चरणहरू


सुझाव र कार्य
७
जवाफदेहिता
६
व्यवहारमा विद्यमान नीतिको प्रभाव
५
कार्यान्वयन
४
सामाजिक र राजनैतिक स्थिति
३
सरकारको प्रतिवद्धता
२
समस्या र नीति
१

# २. घरेलु हिंसा र महिलामाथिको हिंसा

महिलामाथिको हिंसा शायद एक अत्यन्त लज्जास्पद मानव अधिकारको उल्लङ्घन हो । शायद यो सर्वव्याप्त छ । यसको कुनै भौगोलिक, सांस्कृतिक अथवा सम्पदाको सीमा छैन । यो यसरी नै निरन्तर रहने हो भने हामी समानता, विकास र शान्तितर्फ वास्तवमै प्रगति गरिरहेका छौं भनी भन्न सक्दैनौं ।"

**कोफि अन्नान**

**निवर्तमान महासचिव, संयुक्त राष्ट्र महासङ्घ**

## २.१ उद्देश्य

डोभाले घरेलु हिंसाको अन्त्यको लागि अधिकारमुखी अवधारणाबाट विश्लेषण गर्न सहयोग पुऱ्याउँदछ । घरेलु हिंसाका बारेमा बुझ्नको लागि उक्त समस्यालाई विस्तृत सन्दर्भमा - महिला हिंसाको सामान्य विश्वव्यापी समस्याका रूपमा - बुझ्नु जरुरी छ । समस्यालाई सम्बोधन गर्न र परिवर्तनका निमित्त बल पुऱ्याउन सक्षम हुनका लागि समस्याका कारणहरूबारे बुझ्नु आवश्यक हुन्छ ।

## २.२ महिला हिंसा एक विश्वव्यापी समस्या

आज विश्वभर महिलाले आफ्नो श्रीमान्‌बाट पिटाई खाइरहेका छन्, सशस्त्र द्वन्द्वको बेला युद्ध गतिविधिका रूपमा बलात्कृत भइरहेका छन्, आफ्नो परिवारको "इज्जत" बचाउन बालिकाहरूको यौनाङ्ग छेदन अथवा हत्यासम्म गरिन्छ ।

महिला हिंसा विश्वका सबै देशमा मानव अधिकारको हनन् तथा लैङ्गिक समानता प्राप्तिमा एक प्रमुख चुनौतिका रूपमा व्याप्त छ । आज विश्व समुदाय यस समस्याको बारेमा झन् झन् सजग हुँदैछ ।

### महिलामाथि हुने हिंसाको परिभाषा

"महिलामाथि हुने हिंसा महिलालाई शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक आघात वा दुख पुऱ्याउने लैङ्गिक हिंसाजन्य कुनै पनि गतिविधि हो, जसअन्तर्गत यसप्रकारका धम्की, दवाव अथवा सार्वजनिक वा निजी जीवनमा महिला स्वतन्त्रतामा बन्देजसमेत पर्दछ" । [६]

"महिलामाथि हुने हिंसा महिला भएकै कारणले महिलामाथि गरिने कुनै पनि प्रकारको लैङ्गिक हिंसाजन्य गतिविधि हो । यस अन्तर्गत शारीरिक, मानसिक, अथवा यौनजन्य आघात वा दुख, डर, त्रास, धम्कीका साथै अन्य स्वतन्त्रताहरूबाट बञ्चितीकरण पर्दछन्" । [७]

(यहाँ "महिला" शब्दले सबै उमेरका महिलाहरूका साथै १८ बर्षमुनिका बालिकाहरूलाईसमेत समेटेको छ )

महिला हिंसा एक विश्वव्यापी समस्या हो । संसारमा त्यस्तो कुनै पनि देश र संस्कृति छैन, जहाँ महिलाहरू हिंसामुक्त छन् । राज्य, संस्कृति, वर्ण, वर्ग, लैङ्गिक अभिमुखीकरण र धर्मको दायराभित्र व्याप्त हिंसाले महिलामाथि हुने हिंसाको जरो पितृसत्तात्मक सोच र मूल्य मान्यता नै हो भन्ने देखाउँछ; अर्थात महिलामाथि पुरुष दमन प्रणाली । ऐतिहासिक रूपमा पुरुषहरूले महिलाहरूमाथि शक्ति प्रयोग र नियन्त्रण गर्दै आएका छन् । विभिन्न स्थान, राजनैतिक अवस्था र संस्कृतिमा भिन्दाभिन्दै खाले पितृसत्ता भिन्न तरिकाले अभिव्यक्त भएपनि सामाजिक र सांस्कृतिक मूल्यमान्यतामा पुरुषहरूको प्रमुख भूमिका रहन्छ ।

यो विभिन्न देशहरूको कानुन र राजनैतिक संरचनामा संस्थागत भएको छ र स्थानीय तथा विश्व अर्थतन्त्र दुबैमा समाहित भएको छ ।

महिलामाथि हुने हिंसा समाजमा महिलाको निम्नस्तरको दर्जालाई निरन्तरता दिने एउटा माध्यमका साथै उक्त निरन्तरताको एक नतिजाको रूपमा रहेको छ । महिलामाथि हुने हिंसा पुरुषको अधिकार स्थापित गर्ने एक संयन्त्रको रूपमा पनि रहेको छ । उदाहरणार्थ एउटा महिलाले परिवारभन्दा बाहिरको कुनै पुरुषसँग बोल्दा

६ United Nation's Declaration on elimination of violence against women, GA Resolution 48/104.

७ CEADAW General Recommendation No 19

पिटिनु उसको व्यक्तिगत कुरा मात्र नभई समुदायमा पुरुषको लैङ्गिक भूमिका र अधिकारलाई बलियो रूपमा स्थापित गराउने घटना हो । यसले अरु महिलाहरूलाई पनि आफ्नो लक्ष्मण रेखाभित्र रहन स्पष्ट रूपमा सचेत गराउँछ । यसको पालना नगरेमा उनीहरू दण्डको भागिदार हुने कुरा अवगत गराउँछ ।

हिंसाको पीडकलाई हिंसाप्रति जवाफदेही नबनाउने हो भने यसले हिंसाको प्रभावलाई नियन्त्रण संयन्त्रका रूपमा स्थापित गर्नेछ । यसले पुरुषबाट महिलामाथि हुने हिंसा स्वाभाविक र स्वीकार्य दुबै छ भन्ने सामाजिक सन्देश दिईरहेको छ । हिंसाको प्रतिकार गर्ने महिलालाई समाज र परिवार भाँड्ने र अस्थिरता ल्याउन खोज्ने दोषीको रूपमा हेरिन्छ । हिंसा प्रतिकार गर्ने महिलाले थप हिंसा खेप्नुपर्ने र सामाजिक तथा आर्थिक हैसियत गुमाउने जोखिम हुन्छ । यसले महिलाहरूलाई हिंसा रोक्नका लागि माग गर्न निकै कठिन बनाउँछ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा २००६ मा प्रकाशित महिलामाथि हुने सबै प्रकारको भेदभाव बिषयक प्रतिवेदनमा महिला हिंसाको विस्तृत विश्लेषण गरिएको छ । त्यस प्रतिवेदनअनुसार महिलामाथि हुने हिंसा र लैङ्गिक हिंसाको जराको रूपमा रहेको लैङ्गिक असमानता र संरचनाका कारणहरूलाई घरेलु हिंसाबारे छलफल गर्दासमेत बेवास्ता गरिनु हुँदैन ।

## २.३ महिलामाथि हुने हिंसाका सहयोगी कारकतत्वहरू

लैङ्गिक असमानता महिला हिंसाको जराको रूपमा रहे तापनि निश्चित देश र समाजमा हिंसाको स्तर र व्यापकतामा प्रभाव पार्ने अन्य सहयोगी कारक तत्त्वहरू पनि हुन्छन् । उदाहरणार्थ, भर्खरै गृहयुद्ध सकिएको देशहरूमा महिलाहरू हिंसाबाट बढी प्रभावित हुन्छन् । महिला हिंसाको अन्त्यको लागि त्यस्ता कारक तत्वहरूमा केन्द्रित भई काम गर्नु उचित हो, तर त्यहाँ विद्यमान लैङ्गिक असमानताको बारेमा पनि सचेत हुनै पर्दछ ।

महिला हिंसाका मुख्य कारणहरूलाई दुई श्रेणीमा विभाजन गर्न सकिन्छ । पहिलो श्रेणीको कारण लैङ्गिक भूमिका र सामाजिक असन्तुलनसँग सम्बन्धित छ । जस्तै प्रथा, परम्परा र धार्मिक मान्यता[८] र त्यसै गरी घर र परिवारभित्रको गोपनीयताको धारणा ।[९] हिंसालाई अझै पनि सार्वजनिक महत्व बिनाको व्यक्तिगत विषयको रूपमा लिइएमा यसका दोषीहरूलाई कम मात्रामा सजाय हुन्छ । समाजमा आफ्नो ईज्जत जोगाई राख्नको लागि समाजले पुरुषलाई हिंसाको प्रयोग गर्न दवाव दिईरहेको हुन्छ ।

पीडकसँग सम्बन्धित व्यक्तिगत कारणहरू (मनोवैज्ञानिक) ले पनि हिंसाको स्तर र व्यापकतामा असर गरिरहेको हुन्छ । जस्तै मदिरा सेवन, लागू पदार्थ दुर्व्यसन अथवा उसको बाल्यकालमा वा समाजमा घटेका हिंसाका[१०] घटनाको असर ।

दोस्रो श्रेणीका कारणहरूमा महिला हिंसाको कारक तत्त्वमा महिलाको सामाजिक आर्थिक अवस्थाहरू पर्दछन् जसअन्तर्गत गरिबी, बेरोजगारी र ठूलो संख्याको परिवार पर्दछन् ।[११] अझ विशेष सामाजिक आर्थिक अवस्थामा जस्तै जनयुद्धको समाप्ती पछिको सामाजिक जीवन अथवा द्रुत गतिमा भइरहेको सामाजिक परिवर्तन पर्दछ ।[१२] यी सबै अवस्थाले हिंसाको स्तरलाई बढावा दिन्छ ।

## २.४ समाजले चुकाउनुपर्ने मुल्य

महिलामाथि हुने हिंसाले महिला, उनीहरूका बालबालिका, समुदाय र समग्र राज्यहरूलाई असर पारिरहेको हुन्छ । हिंसाका ती असरहरू समाजमा बृहत आर्थिक मूल्यका रूपमा देखा पर्दछन् ।[१३]

त्यसको सबभन्दा प्रत्यक्ष र स्पष्ट मूल्य स्वास्थ्य र सेवा क्षेत्रमा देखिन्छ । हिंसा पीडितहरूले शारीरिक र मनोवैज्ञानिक स्वास्थ्य समस्याहरू बेहोर्नु पर्दछ । उनीहरूलाई समय समयमा र लामो अवधिसम्म औषधिउपचार, मनोविमर्श, आवास तथा अन्य सेवा र सहयोगहरूको आवश्यकता पर्दछ ।[१४] हिंसाले आपराधिक न्याय प्रणाली जस्तै प्रहरी, प्रशासन, अदालत, कारागारमा अतिरिक्त भार थप्नेछ र राज्यले यस्ता सार्वजनिक

८ Secretary General in depth study, page 30

९ Secretary General in depth study, page 33

१० Secretary General in depth study, page 29

11

12

13

14

क्षेत्रहरूका संस्थाहरूको सम्भार र प्रवर्द्धनमा थप खर्च गर्नुपर्ने हुन्छ ।

यसका अलावा अनुसन्धानले के पनि देखाएको छ भने हिंसा प्रभावित घरमा हुर्केका बालबालिकाहरूमा छोटो अवधिमा नै उनीहरूको स्वास्थ्य, व्यवहार र स्कुलको पठनपाठनमा प्रतिकूल असर परेको पाइन्छ । हिंसा प्रभावित घरका बालबालिकाहरू लामो समयपछि आफ्नो घरभित्रै हिंस्रक प्रवृतिको हुने प्रवल सम्भावना हुन्छ । यसप्रकार एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हिंसाबाट समाज प्रभावित भएको हुन्छ । खासगरी एक चोटी घटेको हिंसा पटक पटक दोहोरिरहन्छ र यसरी समाजमा हिंसाको चक्र सिर्जना हुन्छ र त्यसबाट समाजले थप आर्थिक भार बहन गर्नु पर्दछ ।[१५] हिंसाले महिलाको जीविकोपार्जन र सार्वजनिक स्थानमा महिलाको सहभागितामा कमी ल्याउँछ ।[१६] हिंसाले महिलालाई राज्यको विकासमा सहभागी हुन र त्यसबाट लाभ लिई योगदान पुऱ्याउन रोक्दछ । यसले राज्यको आर्थिक विकास र गरिवी निवारणमा नकारात्मक प्रभाव पार्दछ । यसप्रकार हिंसाले सहस्राव्दी विकास लक्ष्यको प्राप्ति र मुलुकहरूको समग्र आर्थिक विकास हासिल गर्न रोकावट पैदा गर्दछ ।

**ध्यान पुऱ्याउनुपर्ने कुराहरू**

यो सामग्री प्रयोगको अन्तिम लक्ष्य परिवर्तनको चक्र सिर्जना गर्नु हो । हिंसाको कारण समाजले चुकाउनु परेको मूल्यलाई देखाएर हामीले सरकारको ध्यानाकर्षण गर्न सक्छौं । हरेक मूल्यको आफ्नो औचित्य हुन्छ । हिंसाले एक पुस्तादेखि अर्कोमा हिंसाको चक्र हस्तान्तर गरिरहेको हुन्छ भन्ने तथ्य हिंसा अन्त्यका लागि आवश्यक स्रोतहरू जुटाउन प्रभावकारी पैरवीको विषय हुन सक्दछ । यस सामग्रीको चरण ७ मा लवी र पैरवीमा काम गर्दा यी मुद्दाहरूलाई पुनरावलोकन गर्नु हुनेछ ।

## २.५ महिला हिंसाका प्रकारहरू

महिला हिंसाका धैरै प्रकारहरू छन् । तापनि निर्दिष्ट र स्पष्ट रूपमा यसका भिन्नताहरूलाई छुट्याउन गाह्रो पर्छ । संयुक्त राष्ट्र सङ्घका महासचिवको प्रतिवेदनमा यसको विभाजनको बारेमा उल्लेख गरिएको छ ।[17]

यस प्रतिवेदनमा महिला हिंसाका निम्न मुख्य किसिमहरूको बारेमा उल्लेख गरिएको छ ।

- घरभित्रको महिला हिंसा, नजिकको साथीबाट हुने हिंसा र हानिकारक परम्परागत अभ्यास
- समुदायमा हुने महिला हिंसा, महिला हत्या, अरुबाट हुने यौन हिंसा, यौन दुर्व्यवहार र बेचविखन,
- राज्यद्वारा गरिने महिला हिंसाका अपराधलाई माफी दिने, जस्तै हिरासतमा हुने हिंसा आदि
- सशस्त्र द्वन्दको बेला हुने महिला हिंसा
- महिलामाथि हुने हिंसा र धेरै भेदभावहरू

यसै सन्दर्भमा, महिला हिंसाका विभिन्न प्रकारका बारेमा पुनरावलोकन गर्दा समय सापेक्ष रूपमा मानव अधिकारको स्तरमा अधिक परिवर्तन आउँछ । डोभा समूह, पहिलो किसिममा घरभित्र हुने महिला हिंसा र विशेष गरी नजिकको साथीबाट हुने हिंसामा केन्द्रित हुनेछ । यो संसारभरिका महिलाहरूले अनुभव गरेको हिंसाको प्रकारमध्ये एक हो ।[१८]

## २.६ डोभाको ध्यानाकर्षण : घरेलु हिंसा/ नजिकको साथीबाट हुने हिंसा

पुरुषहरू र बालकहरू पनि घरेलु हिंसाका शिकार हुन सक्छन् र महिलाबाट लैङ्गिक हिंसा हुन सक्छ । केही अनुसन्धानहरूमा केही पुरुषहरू घरेलु हिंसाको शिकार भएपनि धेरै संख्यामा पुरुषहरू पीडक र महिलाहरू नै यसको शिकार भएको पाइएको छ । घरेलु हिंसाको स्वाभाविक लैङ्गिक दृष्टिकोणलाई मध्यनजर गर्नु पर्दछ ।

### घरेलु हिंसाको परिभाषा

व्यक्तिगत स्थानमा हुने हिंसालाई विभिन्न रूपमा नामाकरण गरिएको छ । तापनि यसलाई विभिन्न श्रेणी र अवस्थामा प्रयोग गरिन्छ । जस्तै नजिकको साथीबाट हुने हिंसा, श्रीमान्बाट हुने दुर्व्यवहार र कुटपिट, परिवारबाट हुने हिंसा, परिवारभित्र हुने हिंसा र घरेलु हिंसाले उस्तै प्रकारको दुर्व्यवहारलाई समेट्छ ।

15
16

17 Secretary general in depth study
18 Secretary general in depth study, page37

डोभाको सञ्जालले घरेलु हिंसा भन्ने शब्दको छनौट गरेको छ, जुन विश्वभरि निकै प्रचलित छ ।

### कार्यगत परिभाषा

घरेलु हिंसालाई यसप्रकार परिभाषित गर्न सकिन्छ : नजिकको साथीबीचको, एकै साथ बस्ने साथी वा परिवारको सदस्यहरूबीच कुनै पनि प्रकारको शारीरिक, यौनिक, आर्थिक अथवा मानसिक दुर्व्यवहारलाई भनिन्छ ।

परिवारभित्र, घरभित्र र नजिकको सम्बन्धभित्रबाट भएको कुनै पनि प्रकारको शारीरिक, मानसिक, आर्थिक र यौनिक हिंसालाई घरेलु हिंसा भनिन्छ ।

सामान्यरूपमा निम्न प्रकृतिका हिंसाहरू जस्तै कुटपिट, वैवाहिक बलात्कार, यौनिक हिंसा र दुर्व्यवहारहरू महिलाको अङ्गभङ्ग गर्ने, महिला भ्रुण हत्या, परम्परागत अभ्यासहरू, बाल विवाह, जवरजस्ती विवाह, घरेलु कामदारमाथिको हिंसा र अन्य शोषणहरू[१९] घरेलु हिंसाभित्र पर्दछन् ।

### महिला हिंसाका पीडितहरू/जोखिममा परेकाहरू

घरेलु हिंसामा परेकाहरूलाई पीडित भन्नु भन्दा जोखिममा परेकाहरू भन्नु उपयुक्त ठानिएको छ । डोभामा महासचिवको प्रतिवेदनलाई[२०] हेर्दा न्यायिक अपराधको सन्दर्भमा पीडित भन्ने शब्दको प्रयोग र पैरवीको सन्दर्भमा जोखिममा परेको भन्ने शब्दको प्रयोग गरिएको छ । घरेलु हिंसाबाट पीडित हुने व्यक्तिहरूमा पीडकसँग बस्दै आएको व्यक्ति अथवा परिवार सदस्य, बालबालिका, कामदारहरू पर्दछन् ।

कस्ता व्यक्तिहरू घरेलु हिंसाका पीडित हुन सक्छन् भन्ने कुराको उल्लेख गर्न निकै कठिन हुन्छ । तलको सूचीमा को को व्यक्तिहरू घरेलु हिंसाका पीडित हुन सक्छन् भन्ने कुरा उल्लेख गरिएको छ

### सामाजिक भूमिकाले गर्दा हुने घरेलु हिंसा

यो सूचीले हामीलाई जोखिममा परेका व्यक्तिहरू र पीडकसँगको उनीहरूको सम्बन्धको बारेमा बताउँछ

#### घरभित्र

- वयस्क महिला
- गर्भमा रहेको केटी बच्चा, बालिका, नवजात बालक, गोद लिएको बच्चा, अपाङ्गता भएको बालबालिका
- अपाङ्गता भएका महिला
- समलिङ्गी महिला/बालिका
- तेस्रो लिङ्गी
- कमैयाको रूपमा काम गर्ने महिला
- विवाह नगरेको छोरी, छोरी
- श्रीमती, लोग्ने, स्वास्नी, साथी, महिला साथी
- बहिनी
- बचनबद्ध सम्बन्धमा रहेको मान्छे
- बुहारी
- बृद्ध बृद्धा (घरमा)
- आमा
- एकल महिला
- हाडनाताको सम्बन्ध
- पारिवारिक सम्बन्धभित्रका सदस्यहरू
- घरेलु कामदार
- अपाङ्ग बच्चा भएको महिला

19 Secretary general in depth study, page37
20 Secretary general in depth study, page12

### विविध भेदभाव

समाजमा महिलाहरूले लिङ्गको आधारमा धेरै भेदभावहरू भोगिरहेका छन् । यस्ता भेदभावहरूमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ । अन्य विषयहरूमा पनि पछाडि पारिएका व्यक्तिहरू अझै थप हिंसा पीडित हुन सक्छन् । महिलाको जाति, धर्म, संस्कृति, वर्ग, बसाइसराईको अवस्था वा शरणार्थी, उमेर, लैङ्गिक जानकारी, वैवाहिक स्थिति, अपाङ्गता र यौन रोगको आधारमा उनीहरू कस्तो प्रकारको हिंसाको शिकार भईरहेका छन् भन्ने थाहा पाउन सकिन्छ र उनीहरूसँग सुरक्षित आवास खोज्ने क्षमता छ छैन र हिंसालाई कसरी अनुभव गरिरहेका छन् भन्ने थाहा पाउन सकिन्छ ।[२१]

### उत्पीडित समूह

घरेलु हिंसाको बारेमा कुरा गर्दा उत्पीडित समूहको विशेष उत्पीडनलाई ध्यान पुऱ्याउनु पर्दछ । यस्ता व्यक्तिहरूले धेरै प्रकारका भेदभावहरूको सामना गरिरहेका हुन्छन् र न्यायिक प्रणालीसम्म पहुँच पनि हुँदैन । तलका सूचीमा उत्पीडित महिलाहरूको बारेमा उल्लेख गरिएको छ । यस्ता उत्पीडित वर्गहरूलाई सरकार र सेवा प्रवाह गर्ने संस्थाहरू र महिला अधिकारमा काम गर्ने संस्थाहरूले पनि वास्ता नगर्ने हुनाले विशेष ध्यान दिनु पर्दछ ।

### उत्पीडित समूह

- आदिवासी महिला/अल्पसंख्यक महिला
- गर्भवती महिला/बयस्क गर्भवती बालिका
- बसाईँसराई गरेका व्यक्तिहरू
- शरणार्थी
- एच. आई. भी. एड्स लागेको महिला
- महिला विद्यार्थी
- ग्रामीण महिला
- अनौपचारिक क्षेत्रमा काम गर्ने महिला/यौनकर्मी महिला
- मानसिक असन्तुलन भएको महिला
- धेरै पुरानो रोग लागेको महिला
- एकल महिला/आमा
- कमैया महिला
- विशिष्ट धार्मिक समूहका महिला
- वेरोजगार महिला
- गृहिणी महिला
- महिला बन्दी
- महिला अधिकारबादी
- अविवाहित महिला
- बाँझो महिला
- बच्चा नभएको महिला
- श्रीमान्ले भन्दाबढी कमाउने महिला
- बाल विधुवा
- बलात्कृत महिला
- दाईजोको शिकार भएकी महिला
- समलिङ्गी, तेस्रो लिङ्ग

21 Secretary general in depth study, page46

# ३ मानव अधिकार र अन्तर्राष्ट्रिय नीतिको मापदण्ड

## ३.१ उद्देश्य

यस अध्यायमा मानव अधिकारको आधारभूत अवधारणा र त्यसमा राज्यको दायित्वको बारेमा उल्लेख गरिएको छ। अन्तराष्ट्रिय नीतिका मापदण्डहरूले तोकेका राज्यका दायित्वहरूबारे पनि यसमा उल्लेख गरिएको छ।

## ३.२ मानव अधिकारहरू के हुन् ?

मानवले मानव भएको नाताले प्राप्त गर्ने सबै अधिकारहरू मानव अधिकार हुन्। यी विश्यव्यापी हुन्छन्। यो सबै लिङ्ग, उमेर, जाति, धर्म, नागरिकता, तथा अपाङ्गता भएका सबै व्यक्तिहरूका लागि समान हुन्छ।

मानव अधिकारहरूको बारेमा मानवअधिकार सन्धि तथा महासन्धिहरूमा उल्लेख गरिएको हुन्छ। यस्ता सन्धिहरू राज्यहरूबीच अन्तर्राष्ट्रिय स्तरका हुन्छन्। दोस्रो विश्वयुद्धपश्चात विभिन्न देशहरूले मानव अधिकारको ढाँचा तयार पारी त्यसलाई अन्तर्राष्ट्रिय मानव अधिकारका सन्धिको रूपमा आत्मसात गर्न थाले। संयुक्त राष्ट्र सङ्घले यी सन्धिहरूको निर्माण गर्न थाल्यो। जसमा मुख्य अन्तर्राष्ट्रिय सन्धिहरू निम्न प्रकारका रहेको छन्।

- नागरिक र राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (ICCPR)
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICESCR)
- सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ (CERD)
- महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ (CEDAW)
- यातना र अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ (CAT)
- बालबालिकाको अधिकारसम्बन्धी महासन्धि १९९०
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६
- आप्रबासी कामदार र उसको परिवारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०
- बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्ध र सुरक्षाको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

अन्तर्राष्ट्रिय महासन्धिहरू बाहेक विश्वका केही क्षेत्रहरूमा आफैले क्षेत्रीय मानव अधिकारको सन्धिहरूको विकास गरेका छन् जस्तै :

- मानव अधिकारसम्बन्धी युरोपेली महासन्धि, १९५०
- मानव अधिकारसम्बन्धी अमेरिकी महासन्धि, १९६९
- महिलाविरुद्धको हिंसा उन्मूलन, रोकथाम र सजायसम्बन्धी अन्तर अमेरिकी महासन्धि, १९९४
- मानवीय र व्यक्तिको अधिकारहरूसम्बन्धी अफ्रिकन अधिकार पत्र, १९८१

**मानव अधिकारको सन्धिको निर्माण कसरी हुन्छ ?**

- पहिले मस्यौदा तयार गरिन्छ यो सरकारी कर्मचारी अथवा कुटनीतिज्ञबाट तयार पारिन्छ। तर यसको मस्यौदा निर्माण प्रक्रियामा अहिले धेरै नागरिक समाजको पनि सहभागिता बढ्दै गएको छ। उनीहरूले पूर्ण मस्यौदा तयार पारेर पनि दिन सक्छन् अथवा मस्यौदामा सुधार ल्याउनको लागि छलफलमा रहेको मस्यौदामा लवि गर्छन्।
- त्यो मस्यौदाको निर्माण कार्यमा सहभागी सबै राज्यहरू त्यस मस्यौदामा सहमत हुन्छन्।
- त्यो सन्धिमा सहभागी सबै राज्यहरूले हस्ताक्षर गर्दछन्। यसमा हस्ताक्षर गर्नुले त्यो सन्धि देशहरूमा लागू भएको मानिदैन।
- पहिले सन्धि अनुमोदन प्रक्रियामा जानु पर्दछ। यो राज्यहरूको राष्ट्रिय प्रक्रिया हो। त्यो आफ्नो देशको कानुनी प्रक्रिया अन्तर्गत रहन्छ। त्यो राज्यको संसदसँग सहभागी भएर गरिन्छ र त्यसले केही समय लिएर मात्र अनुमोदन कार्य गर्दछ।
- राज्यहरू सन्धिमा ऐनबाट पनि सहभागी हुन सक्छन्। यो एउटा ऐन हो जसबाट राज्यले सन्धिहरूमा सहभागी हुन सक्छन् र त्यसलाई कानुनी रूपमा बन्धनकारी बनाउन सक्छन्। यसको पनि अनुमोदनको जत्तिकै प्रभाव रहन्छ। तर यसलाई हस्ताक्षर गर्ने ऐनको आवश्यकता पर्दैन। ऐनको लागि राज्यको संसदको आवश्यकताअनुरुप राज्यको राष्ट्रिय औपचारिक प्रक्रिया बदलि रहन्छ।
- लागू भएको मिति : सन्धिलाई लागू गर्नको लागि कति वटा अनुमोदनहरूको आवश्यकता पर्दछ भन्ने कुरा उल्लेख गरिएको हुन्छ। एक पटक ती उल्लेख गरेको संख्या पुगेमा त्यो सन्धि कानुनी रूपमा बाध्यात्मक हुन्छ र लागू गरिन्छ।
- मुख्य सन्धिमा फेरवदल र थपघट एक पटक लागू भईसकेको सन्धिमा इच्छाधिन आलेखको माध्यमबाट पछि फेरबदल र थपघट गर्न सकिन्छ।

## ३.३ राज्यको मानव अधिकारको दायित्व

सन्धिको अनुमोदन गरेका राज्यहरूको लागि मानव अधिकारको सन्धि भनेको कानुनी रूपमा बाध्यात्मक दायित्व हो । यस प्रकारको अनुमोदन गरिएका सन्धिहरू र अधिकार क्षेत्रभित्र परेका व्यक्तिहरूको सम्मान, सुरक्षा तथा मानव अधिकारको पूर्णताको जिम्मेवारी सरकारको हुन्छ ।

**सम्मान :** सम्मानको दायित्व भन्नाले राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि अधिकारको उपभोग उल्लङ्घन गर्ने तथा कमजोर पार्नु हुँदैन ।

**सुरक्षा :** सुरक्षाको दायित्व भन्नाले राज्यले व्यक्ति तथा समूहको मानव अधिकारको सुरक्षा प्रदान गर्ने तथा मानव अधिकारको उल्लङ्घनको सुरक्षाको उपाय अपनाउनु हो ।

**परिपूर्ति :** परिपूर्तिको दायित्व भन्नाले राज्यले मानव अधिकारको पूर्ण उपभोग सुनिश्चितताको लागि उपयुक्त उपाय अपनाउनु हो ।

**मानव अधिकारको सम्मान, सुरक्षा तथा परिपूर्तिको लागि मुख्य दायित्व**

घरेलु हिंसाको अवस्थामा सुधार ल्याउनको लागि सरकारले निरन्तर रूपमा कार्य गरिरहनुपर्दछ

### उन्नतिको दायित्व

सरकार संकटकालीन अवस्था वा अधिकारको उपभोग कम भएको कुनै पनि अवस्थामा चुप लागेर निष्कृय रूपमा बस्न हुँदैन । यस्तो गम्भीर अवस्थामा अन्य कुनै विकल्प नरहने हुँदा यसले एक बलियो अवस्थाको सिर्जना गर्छ । तसर्थ सरकारले यस्तो अवस्थामा जे कार्य गऱ्यो त्यो कम्तीमा पनि बढी प्रभावित समूहको सुरक्षाको लागि गरेको हो भन्ने कुरा देखाउनु पर्दछ ।

### के स्थानीय संस्कृति तथा परम्पराले राज्यको कानुनी दायित्वमा प्रभाव पार्दछ ?

केही व्यक्तिहरूको तर्कअनुसार अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डले सधैं स्थानीय सन्दर्भलाई ध्यानमा राख्नु पर्दछ र मानव अधिकारले विभिन्न सांस्कृतिक विविधतालाई अपनाउनुपर्छ । स्थानीय संस्कृतिलाई मानव अधिकारले अपनाउनु पर्दछ ।

जब कुनै एक स्थानीय संस्कृति, परम्परा तथा धर्मको सम्मान हुन्छ त्यहाँ संस्कृतिलाई विश्वास तथा अभ्यासको आधारमा कम गर्नु हुँदैन ।

संस्कृतिलाई निर्धारित कुराको स्थानान्तरण, शक्ति सम्बन्ध, सामाजिक, आर्थिक तथा राजनैतिक प्रक्रियाहरू भन्दा विश्वास तथा अभ्यासहरूको निर्धारित प्रक्रियाको रूपमा हेर्न सकिन्छ ।[22]

कसैले स्थानीय, परम्परागत, संस्कृति तथा धर्मको आधारमा घरेलु हिंसालाई रोक्नु हुँदैन भन्ने तर्क राख्यो भने त्यस्तो समयमा हामी यसले महिला अधिकारलाई सीमित पार्दछ कि भन्ने विषयमा सचेत हुनु पर्दछ । जसको अधिकारहरू वास्तविक रूपमा प्रभावित भएको छ उसको आवाज नआएको खण्डमा थप सर्तकर्ता अपनाउनु पर्दछ ।[22]

### यदि सरकारले आफ्नो मानव अधिकारको दयित्व पूरा गरेको छ भने कसले अनुगमन गर्छ ?

८ वटा अन्तर्राष्ट्रिय मानव अधिकारको सन्धिहरूको आफ्नै अनुगमन गर्ने निकाय वा पर्यवेक्षक समिति रहेको छ । उनीहरूको मुख्य भूमिका भनेको राज्यले अनुमोदन गरेका सन्धिहरू वास्तविक रूपमा कार्यान्वयनमा रहेको छ कि छैन भन्ने सुनिश्चित गर्नु हो । यस्ता दायित्व भएका राज्यहरूले हरेक ४ वर्षमा सम्बन्धित समितिमा प्रतिवेदन पठाउनु पर्दछ । यसलाई रिपोर्टिङ्ग संयन्त्र भनिन्छ । यस सन्धि अनुगमन निकायले राज्यले आफ्नो दायित्वको निर्वाह गरेको छ छैन हेर्न र राज्यले के मा सुधार गर्नुपर्छ भन्ने विषयमा सुझावहरू दिने काम गर्छ । यी सुझावहरूलाई निष्कर्ष अवलोकन भनिन्छ ।

नागरिक समाज र गैससले रिर्पोटिङ्ग प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्दछन् । उनीहरूले सन्धिका निकायहरूमा आफ्नो राज्यले पठाएको रिपोर्टमा थप सूचना दिनको लागि प्रतिवेदन पठाउँछन् । यसलाई छाँया प्रतिवेदन भनिन्छ ।

22 In i.e the united nations declaration on the elimination of violence against women,- General Assembly resolution 48/104

मानव अधिकारको सन्धिको उल्लङ्घनको बारेमा सन्धिका निकायहरूमा उजुरी गर्न तीन कार्यविधिहरू छन्

- **व्यक्तिगत सञ्चार**

  यो एक जनाबाट उल्लङ्घनको बारेमा उजुरी आउने प्रक्रिया हो । यदि कुनै एक जनाको अधिकारको उल्लङ्घन भएको छ भने सन्धिका निकायले यसलाई मुल्याङ्कन गर्दछ र विचारको रूपमा निष्कर्ष निकाल्दछ । त्यो विचारहरू राज्यको लागि कानुनी रूपमा बाध्य हुँदैन तर यसले विशेष राजनैतिक भार पैदा गर्दछ । यी विचारहरू बलियो रूपमा नियमको व्याख्या गर्दछ र साधारणतया राज्यले यसप्रकारको विचारहरूलाई लागू गर्दछ । सिडोमा इच्छाधिन आलेखको व्यवस्था छ । जस्तैः यसको घरेलु हिंसाको सम्बन्धमा ल्याण्ड मार्क (land mark) को दायित्व रहेको छ । व्यक्तिगत उजुरीको संयन्त्रमा कानुनी रूपमा बाधिएको राज्यले सन्धिको थप आलेखमा हस्ताक्षर गरेको हुन्छ ।

- **राज्यबाट राज्यमा उजुरी**

  एक राज्यले अर्को राज्यलाई सन्धिको शंकास्पद उल्ल्घनको बारेमा उजुरी गर्न सक्छ । NB राज्यहरू यो विकल्पलाई प्रयोग गर्दैनन्, किनकि एक राज्यले अर्को राज्यको बारेमा उजुरी गर्नु एक अर्को मित्रतामा खलल पर्छ भनी प्रयोग गर्दैनन् ।

- **सोधपुछ**

  यातनाविरुद्धको महासन्धि र सिडो समितिले यदि कुनै राज्य पक्षको गम्भीर तथा व्यवस्थित उल्लङ्घन भएको छ भन्ने सूचना प्राप्त गरेमा सोधपुछको सुरुवात गर्नसक्छ ।

अझ सन्धिको निकायले साधारण कमेन्ट तथा सुझावहरू प्रकाशन गरेको छ । साधारण टिप्पणी तथा सुझावमा सन्धिको निकायले राज्य पक्षलाई सन्धिको कार्यान्वयन र सन्धिले सुरक्षा गरेको मानव अधिकारको विषयको बारेमा व्याख्यामा सुझाव दिन्छन् ।


क्षेत्रीय मानव अधिकार सन्धिहरू जस्तै युरोपियन, इन्टर अमेरिकन सिस्टम र अफ्रिकन सिस्टमले मानव अधिकारको अदालतको स्थापना गरेको छ । सबै प्रकारको राष्ट्रिय कानुनका तहहरू, भएका स्थानीय उपचार राज्यले मानव अधिकारको दायित्वको उल्लङ्घनका घटनाहरूलाई यो मानव अधिकारको अदालतले गर्दछ । यस्ता अदालतको न्याय कानुनी रूपमा बन्धनकारी हुन्छ । यसले राज्यको पक्षको दायित्वको बारेमा थप जानकारी प्रदान गर्दछ ।

**मानव अधिकार र राष्ट्रिय कानुनी प्रणाली**

विश्वव्यापी रूपमा दुई प्रकारबाट कानुन प्रणालीले राष्ट्रिय कानुन प्रणाली र अन्तर्राष्ट्रिय कानुनको बीचको सम्बन्धलाई देखाउँछ । जसमा मानव अधिकार सन्धिहरूलाई एकात्मक र दोहोरो तरिकाबाट हेर्न सकिन्छ । एकात्मक अवधारणाले राष्ट्रिय कानुन प्रणाली र अन्तर्राष्ट्रिय कानुन प्रणालीको एकरूपता र अन्तर्राष्ट्रिय कानुनलाई राष्ट्रिय कानुनमा रूपान्तरण गर्नु पर्दैन भन्नेबारे देखाउँछ । अन्तर्राष्ट्रिय कानुनलाई सोझै राष्ट्रिय न्यायधीशले लागू गर्न सक्छ । नागरिकले सिधै आव्हवान गर्न सक्छ । धेरैजसो एकात्मक प्रणाली अन्तर्राष्ट्रिय कानुन अन्तर्गत नरहेको अवस्थामा राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय कानुनले प्रतिस्थापित गर्दछ ।

दोहोरो अवधारणाअनुसार राष्ट्रिय कानुनी प्रणाली र विशिष्ट रूपमा अन्तर्राष्ट्रिय कानुनी प्रणालीमा विचार पुऱ्याउनुपर्ने आवश्यकता पर्दछ र राष्ट्रिय कानुनी प्रणालीसहित मानव अधिकारको एक अन्तर्राष्ट्रिय सन्धिमा अनुवाद हुन आवश्यक छ । जबसम्म राज्यले सन्धिलाई आफ्नो बनाउँदैन, राष्ट्रिय न्ययाधीशले त्यसलाई सिधै प्रयोग गर्न पाउँदैन र जनताले पनि त्यसको सिधै आव्हान गर्न सक्दैन । तथापि, राज्य त्यसको दायित्वबाट बाध्य हुन्छ ।

सबै राज्यले कुनचाहि अवधारणालाई आफ्नो कानुनी प्रणालीमा राख्ने भन्ने छान्न सक्छ राज्यको कानुनी इतिहासको आधारमा पनि छनौट गर्न सक्छन् ।



## ३.४ व्यक्तिगत अधिकार र घरेलु हिंसा

मानव अधिकारको कानुनमा सबै मानवहरू अधिकारवाला हुन् । घरेलु हिंसाले व्यक्तिको धेरै मानव अधिकारको हनन् गर्दछ। सिडोको समितिको सामान्य सुझाव नं. १९ मा सामान्य अन्तर्राष्ट्रिय कानुन तथा मानव अधिकार महासन्धिको अन्तर्गत लैङ्गिक हिंसाले महिलाको मानव अधिकार र मौलिक स्वतन्त्रताको उपभोग हनन् गर्नमा हानी तथा वेबास्ता गर्दछ। यो सिडोको धारा नं. १ को भेदभावको अर्थ अनुरुप रहेको छ।

घरेलु हिंसाको शिकार हुनु भनेको आफ्नो सबै व्यक्तिगत अधिकारहरूको हनन् हुनु हो जस्तै :

- बाँच्न पाउने अधिकार
- शारीरिक तथा मानसिक विकासको अधिकार
- व्यक्तिको सुरक्षाको अधिकार
- यातना विरुद्धको अधिकार, क्रूर तथा अमानवीय रूपमा व्यवहार गरिने विरुद्धको अधिकार
- निष्पक्ष सुनुवाइको अधिकार
- न्यायमा समान पहुँचको अधिकार
- सम्पत्तिको अधिकार
- गोपनीयताको अधिकार
- आवासको अधिकार
- शिक्षाको अधिकार
- खाद्य अधिकार
- स्वास्थ्य र स्वास्थ्य सुरक्षाको अधिकार

मानव अधिकारको रक्षा गर्न सहमत हुन नसकेको खण्डमा घरेलु हिंसाले व्यक्तिको मानव अधिकारको हनन् गर्दछ भन्ने स्पष्टताले राज्यलाई त्यस्तो हिंसाबाट सुरक्षा, अन्त्य तथा सजाय गर्ने दायित्व र जवाफदेहिता हुन्छ।

व्यक्तिले आफ्नो व्यक्तिगत मानव अधिकारको रक्षा राष्ट्रिय अदालतबाट गर्न सक्दछ । राज्यको विरुद्धमा एक व्यक्तिले मानव अधिकारको उल्लङ्घनको मुद्दा अदालतमा ल्याएको अवस्थामा यो समाधानको लागि सार्थक हुन सक्छ।

### यथार्थपरक

घरेलु हिंसाको सम्बन्धमा राज्यको दायित्वलाई सम्बोधन गर्ने चुनौतीले राज्य आफैले हिंसा गरेको छैन भन्ने जनाउँछ। तथापि, मानव अधिकारको कानुनले यथार्थ कारणको धारणालाई बुझेको छ जसअनुरुप राज्यले पूर्णरूपमा पीडितको सुरक्षा गर्न असमर्थ रहन्छ भने व्यक्तिबाट हुने मानव अधिकारकारको उल्लङ्घनको रोकथामको जिम्मेवारीपूर्ण कदम चाल्ने कानुनी कर्तव्य राज्यको हुन्छ र आफ्नो क्षेत्राधिकारभित्र भएका अधिकार उल्लङ्घनको गम्भीर जाँचको लागि साधनहरूको उपयोग, जिम्मेवारी, उपयुक्त सजाय र पीडितलाई पर्याप्त क्षतिपूर्तिको सुनिश्चितता गर्न प्रयोग गर्न सकिन्छ। [23]

**सिडोको विचारअनुसार ए टीविरुद्ध हंगेरी २६ जनवरी २००५**

एटीले हंगेरीको सिडोको ऐच्छिक आलेखअनुसार व्यक्तिगत मुद्दा दर्ता गरिन् । उनी आफ्नो श्रीमान् बाट घरेलु हिंसाबाट धेरै वर्षदेखि पीडित हुँदै आइरहेकी थिइन्। धेरैपटक उसको श्रीमान्ले मार्ने धम्की र बच्चाहरूलाई बलात्कार गर्ने धम्की दिंदै आएको थियो। उनी धेरै पटक नागरिक र फौजदारी कार्यविधिको लागि अदालत गइन् । यस समयमा उसको श्रीमान्लाई हंगेरियन निकायले कहिले पनि समातेन र उनलाई कुनै सुरक्षा प्रदान गरेनन् । यसको अलावा उनको श्रीमान्लाई उनीसँगै एउटै घरमा बस्ने अनुमति पनि दिइएको थियो जसले गर्दा उनी बारम्बारको कुटपिटबाट अस्पतालमा नै भर्ति भइन्।

उनले सिडोको समितिसँग यसको धारा नं. २ (क) र (९), ५ र १६ नं. को सुरक्षा प्रदान गर्न नसकेको बारेमा दावा गरिन् । उनले यो महासन्धिअन्तर्गत सकारात्मक दायित्वको हेलचेक्र्याँइ गरेको र उनको सुरक्षा गर्न नसकेको र उनीमाथि घरेलु हिंसा भईरहने अवस्थालाई निरन्तरता दिएको भनी दावा गरिन्।

हंगेरी आफ्नो सिडो अन्तर्गतको दायित्व पूरा गर्न असफल रहेको र त्यसको कारणले मानव अधिकारको हनन् भएको कुरा सिडो समितिले पत्ता लगायो । due diligence को सिद्धान्तको आधारमा एटीको र उसको परिवारको शारीरिक तथा मानसिक सुरक्षाको प्रभावकारी उपायहरूको सुनिश्चितता गर्नु हंगेरीको कर्तव्य थियो । यसका साथै हंगेरीले महिला मानव अधिकारको सम्मान, सुरक्षा र परिपूर्ति घरेलु हिंसाको सबै प्रकारबाट

23 Velasquez Rodriguez case of the inter-American court of Human Rights

स्वतन्त्रताका साथै धम्की र हिंसापूर्ण डर त्रासबाट मुक्ति दिलाउनु पर्दछ भन्ने कुरा सिडो समितिले पत्ता लगायो। परिवारभित्रको हिंसाको प्रभावकारी उपचार तथा रोकथामको कार्यान्वयन तथा मुल्याङ्कनको सुनिश्चितता गर्न हंगेरीले सबै आवश्यक उपाय अपनाउन आग्रह गरे ।

## ३.५ अन्तर्राष्ट्रिय नीतिको मापदण्ड र राज्यको दायित्व

सन्धिहरूमा जानु अघि राज्यले धेरै अन्तर्राष्ट्रिय वार्ता तथा बैठकहरूमा भाग लिएका हुन्छन् । यस समयमा अन्तर्राष्ट्रिय नीतिका मापदण्डहरू र कागजपत्रहरूमा सहमति जनाउँछन् । विशेषगरी राज्यले यस्तो कागजातको निर्माण प्रक्रियामा सहभागी भएको छ भने यस्तो अन्तर्राष्ट्रिय घोषणापत्र तथा कथनहरूले महत्त्वपूर्ण राजनैतिक मूल्य राख्दछ । अथवा यदि कथनहरूले अन्तर्राष्ट्रिय समुदायमा पूर्णरूपमा सहयोग पाएको छ भने जस्तै सहश्राब्दी विकास लक्ष्य (MDG) ती राजनैतिक रूपमा राज्यका लागि बाध्यात्मक हुन्छन् । तिनीहरू कानुनी रूपमा बाध्यात्मक हुँदैनन् र अदालतमा लागू हुँदैनन् तर तिनीहरूलाई छलफल तथा लवीमा प्रयोग गरिन्छ। राज्यले स्वीकार गरेका नीतिका मान्यताहरूलाई अभ्यासमा ल्याउन माग तथा सुझाव प्रस्तुत गर्न सकिन्छ । यदि सरकारले ठोस उपायहरू रहेको नीतिगत कागजातमा प्रतिवद्धता जनाएको छ भने त्यसलाई लवी र पैरवीको लागि पठाउन सकिन्छ। (आवास, पीडितको लागि सुरक्षित आवास )

- कुनै समयमा सरकारी कर्मचारीहरू नीतिका कागजातहरूलाई रणनीतिक रूपमा भरोसा गर्न उपयोगी बनाउन सक्छन् ।
- सम्बन्धित अन्तर्राष्ट्रिय नीतिका मापदण्डहरूको केही उदाहरणहरू
- वेइजिङ घोषणापत्र
- सहश्राब्दी विकास लक्ष्य : गरिबी, शिक्षा, बाल स्वास्थ्य, मातृ मृत्यु, एचआइभी/एड्स र समग्र दिगो विकास ।
- महिलाको अवस्थामाथि संयुक्त राष्ट्रसङ्घको आयोगको निष्कर्ष
- संयुक्त राष्ट्र सङ्घको साधारण सभाको सुझाव तथा घोषणापत्र
- क्षेत्रीय घोषणापत्र तथा सुझावहरू

### विशेष प्रतिवेदक

विशेष प्रतिवेदक भन्नाले अनुसन्धान, अनुगमन, समाधानको सुझाव दिने काम गर्ने व्यक्तिहरूलाई बुझिन्छ। विशेष प्रतिवेदकहरूलाई संयुक्त राष्ट्र सङ्घले महिलामाथिको हिंसा, द्वन्द्वमा यौनिक हिंसा, यातना र स्वास्थ्यको अधिकारको विषयमा हेर्नको लागि आदेश दिएको हुन्छ । अफ्रिकन युनियन र अमेरिकन राज्यका संस्थाहरूसँग महिला अधिकारमा काम गर्ने आदेश भएका विशेष प्रतिवेदकहरू छन् ।

सरकारका विशेष प्रतिवेदकहरूले स्वतन्त्र रूपमा कार्य गर्दछन् । उनीहरूले आफ्नो आदर्शभित्र रही मानव अधिकारको उल्लङ्घन भएका देशहरूमा तथ्य पत्ता लगाउने अनुसन्धानहरू पनि गर्दछन् । उनीहरूले भ्रमण गरिएको राज्यको स्वीकृति लिएर तथ्य पत्ता लगाउने काम मात्र गर्न सक्छन् । यसभन्दा बाहेक विशेष प्रतिवेदकहरूले मानव अधिकार उल्लङ्घन प्रमाणित भएका पीडितहरूको उजुरीको प्रमाणीकरण तथा मुल्याङ्कन गर्ने काम गर्दछन् । एक पटक उजुरी कानुनीरूपमा प्रमाणित भयो भने विशेष प्रतिवेदकले तुरुन्त सरकारलाई उल्लङ्घन प्रमाणित भएको बारेमा सन्देश वा अर्जी पठाउँछ ।

उनीहरूले तथ्य पत्ता लगाई प्रतिवेदन पठाउनुको साथै व्यवहारमा मानव अधिकारको सुधारका लागि सुझावहरू पनि उल्लेख गरी विषयगत प्रतिवेदन लेखेका हुन्छन् ।

महिलामाथिको हिंसा अन्त्यका लागि उनीहरूले पठाउने विषयगत प्रतिवेदनलाई एक महत्त्वपूर्ण स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ । जसले सूचनाहरू दिनुका साथै मार्ग निर्देशन गर्दछ ।

विज्ञहरूद्वारा प्रतिवेदन र अन्तर्राष्ट्रिय संस्था तथा मानव अधिकारका मान्यताहरूको विषयवस्तुलाई व्याख्या गर्न र राम्रो अभ्यास र जानेका कुराहरूलाई घरेलु हिंसालाई सफलतापूर्वक रोक्नको लागि प्रयोग गरिन्छ ।


# ४. संक्षिप्त पुनरावलोकन र मुल्याङ्कनको तयारी

## ४.१ उद्देश्य

मानव अधिकार मुल्याङ्कनको उत्कृष्ट नतिजा प्राप्तिको लागि राम्रो तयारी गरिनु पर्दछ। यस अध्ययायले डोभा प्रयोगकर्तालाई मुल्याङ्कनको लागि आवश्यक प्रश्नहरू उपलब्ध गराउँछ। मुल्याङ्कन सुरु गर्नुपूर्व चाहिने सान्दर्भिक मुद्दाहरूमा यो अध्यायले ध्यान केन्द्रित गर्दछ। यसको पूर्व तयारीले पछि आउने समस्यालाई कम गर्न मद्दत गर्छ।

यसको तयारी गर्ने बेलामा अरु मुद्दाहरू जस्तै सम्बन्धित सरोकारवालाहरू, मुल्याङ्कन समूहमा को को हुन सक्छन् र कार्य योजना के हुन सक्छ भन्ने कुराहरूलाई पनि समेट्नु पर्दछ। तलको चित्रमा मुल्याङ्कनको तयारी प्रक्रियालाई चक्रका रूपमा देखाईएको छ। तयारीको बेला प्रयोग गरिने सबै तत्त्वहरू एक अन्तर सम्बन्धित र सहयोगी हुन्छन्।

अध्याय ४ का प्रश्नहरूको सही उत्तर दिनुभएको छ भने तपाई र तपाईको संस्थाले डोभा मुल्याङ्कनका गतिबिधिहरूबारे राम्रो अनुभव संगालेको हुनु पर्दछ र त्यसबाट डोभा मुल्याङ्कनका लागि आफ्नो समय र स्रोतहरूको रणनीतिक प्रयोग भएको छ कि छैन भन्ने कुरा पत्ता लगाउन पनि सक्षम भएको हुनु पर्दछ।



## ४.२ संक्षिप्त पुनरावलोकनबाट मुल्याङ्कनको लागि समस्या पहिचान

डोभा मुल्याङ्कन तयारीको पहिलो चरणमा संक्षिप्त पुनरावलोकनमा राखिएका प्रश्नहरूको उत्तर दिनु पर्दछ। यसले डोभा प्रयोगमार्फत मुल्याङ्कन गर्न खोजिएको समस्या सुनिश्चित गर्न सहयोग गर्नेछ।

### संक्षिप्त पुनरावलोकन कसले गर्नु पर्दछ ?

संक्षिप्त पुनरावलोकन प्रक्रियाको गुणस्तर बढाउनको लागि प्रश्न / उत्तर सामूहिक रूपमा दिइनु उपयुक्त हुन्छ। उत्तरदाताहरूलाई आफ्नो संस्थाको प्राथमिकता र घरेलु हिंसाविरुद्ध लड्दा आउने चुनौतीहरूको बारेमा ज्ञान हुनु आवश्यक हुन्छ। पछि मुल्याङ्कनमा सहभागी हुन सक्ने व्यक्तिहरूलाई यसमा पहिलेदेखि नै सहभागी गराउनु राम्रो हो। संक्षिप्त पुनरावलोकन गर्ने समूहलाई विभिन्न सरोकावालाहरूको पदीय दायित्वबारे जानकारी हुनु उपयोगी हुन्छ।

संक्षिप्त पुनरावलोकनको प्रश्नोत्तरले निर्णय लिन सहज बनाउँछ तर यो पूर्ण अध्ययन गर्नको लागि होइन भन्ने कुरा ध्यानमा राख्नुपर्छ। हालका लागि हामीसँग भएको अनुभव र ज्ञानको आधारमा प्रश्नहरूको उत्तर दिनु पर्याप्त हुन्छ। यसको लागि ३ देखि ४ घण्टासम्मको समय छुट्याउनु पर्दछ।

संक्षिप्त पुनरावलोकनको अन्तमा डोभा मुल्याङ्कनले अपेक्षित परिवर्तन प्राप्त गर्न योगदान पुऱ्याउनेछ र रणनैतिक हुनेछ भन्ने लागेमा हामीले दोस्रो चरण पनि सुरु गर्न सक्दछौं र त्यसका लागि मुल्याङ्कन टिम निर्माण गर्ने, सरोकारवालाहरूको पहिचान गर्ने र कार्य योजना र बजेट बनाउने काम गर्नु पर्दछ। यस कामको लागि एक देखि डेढ दिनसम्म लाग्न सक्छ।[२५]

डोभा संक्षिप्त पुनरावलोकनमा ६ वटा प्रश्नहरू छन् जसले डोभा मुल्याङ्कन केमा केन्द्रित हुने भन्ने बारेमा सहयोग गर्नेछ। डोभा संक्षिप्त पुनरावलोकनलाई सजिलो बनाउन अनुसूची ३ मा दुईवटा उदाहरणहरू दिईएका छन्। त्यो डोभा सञ्जालका सदस्यहरूको अनुभवमा आधारित छ। यसमा एउटा उदाहरणले डोभा मुल्याङ्कन एक रणनैतिक छनौट हो भने निष्कर्ष निकाल्छ भने दोस्रो उदाहरणले डोभा मुल्याङ्कन रणनैतिक छनौट होइन भन्ने निष्कर्ष निकाल्छ। त्यसैले सबै अवस्थामा डोभा मुल्याङ्कन गर्नु स्रोत र समयको उचित प्रयोग नहुन सक्छ।

डोभा संक्षिप्त पुनरावलोकनका उद्देश्यहरू

- समस्यालाई नीतिसँग जोड्ने
- उक्त नीतिको मुल्याङ्कन गर्न डोभाको प्रयोग कत्तिको उपयुक्त छ भन्ने पत्ता लगाउने र
- समस्या सम्बोधन गर्न डोभा आफ्नो संस्थाका लागि एक उपयुक्त उपाय हो वा होइन भन्ने निर्णय गर्ने।

24 गोष्ठीबारे थप सूचनाका लागि www.humanrightsimpact.org मा हेर्नुहोस्।

# डोभाको संक्षिप्त पुनरावलोकन

**प्रश्न १ : तपाईले व्यवहारमा के कस्ता समस्याहरूको सामना गर्नु भएको छ र कुन समस्यालाई सम्बोधन गर्न चाहनु हुन्छ ?**

सहायक प्रश्नहरू

- के यो समस्या घरेलु हिंसासँग सम्बन्धित छ ?

  **यदि छैन भने**, डोभाको प्रयोग उपयुक्त हुँदैन । किनभने यो सामग्री मानव अधिकार र घरेलु हिंसामा केन्द्रित छ ।
- कृपया, समस्याको बारेमा स्पष्ट बताउनुहोस् ।

**प्रश्न २ : तपाई कुन निर्दिष्ट परिवर्तन चाहनु हुन्छ र किन ?**

यो प्रश्नको उत्तर दिने क्रममा तपाईले परिवर्तन प्राप्तिका धेरै सम्भावनाहरू पहिचान गर्नु हुनेछ । धेरै विस्तृत र अनिश्चित परिवर्तनभन्दा निश्चित खालको परिवर्तन गर्न सजिलो हुन्छ ।

सहायक प्रश्नहरू

के प्रभावित समूह, खासगरी पीडितहरूको जीवनमा उक्त परिवर्तनले सकारात्मक प्रभाव पार्न सक्छ ? (प्रभावित समूहको कोठामा हेरौं, पेज १०)

**प्रश्न नं ३ : यो परिवर्तन प्राप्त गर्नको लागि तपाईको राज्यमा कस्ता कस्ता कानुन, नीति र अभ्यासहरू विद्यमान छन् ? (आउदो र नभएको समेत)**

सम्बन्धित कानुन, नीतिहरू, कदम र अभ्यासहरूलाई हेरौं र प्रश्न नं १ मा पहिचान भएको समस्याहरूमा तिनीहरूका असरहरूलाई विश्लेषण गरौं ।

यो चरणमा धेरै अनुसन्धान गर्नु जरुरी हुँदैन । समूहमा भएका साथीहरूसँगको छलफलमा आधारित भएर जवाफ दिंदा हुन्छ । जोखिममा रहेका समूहहरूबारे पेज १० मा पनि हेर्नुहोस् ।

**प्रश्न नं ४ यीमध्ये कुन कानुन, नीति र अभ्यासहरूमा तपाई प्रभाव पार्न सक्नुहुन्छ र किन ?**

अब तपाई प्रश्न नं ३ मा केन्द्रित भै कानुन, नीति अथवा अभ्यासहरू छनौट गर्नु हुनेछ । यस प्रश्नले तपाईलाई रणनीतिक छनौट गर्न सहयोग गर्नेछ ।

यो प्रश्नको जवाफ दिंदा तपाईले धेरै सहायक प्रश्नहरूलाई ध्यानमा राख्नु पर्नेछ

यदि तपाईको समस्या कानुन र नीतिसँग सम्बन्धित छ भने

- कानुन र नीतिको कार्यान्वयन चरण के हो ?

| कार्यक्रम निर्धारण चरण ☐ | मस्यौदा तयारी चरण ☐ | कार्यान्वयन चरण ☐ | मुल्याङ्कन चरण ☐ |
|---|---|---|---|
| नोट : डोभा मुल्याङ्कनबाट अधिकारमुखी प्रमाण र तर्कहरूको संकलन हालको अवस्था र सम्बन्धित समस्याहरूमा ध्यानाकर्षण गर्न र सुधारको आवश्यकता औल्याउन सघाउनेछ । | नोट : डोभा मुल्याङ्कनबाट अधिकारमुखी प्रमाण र तर्कहरूको संकलनले तर्जुमा गर्न नीतिका अपेक्षित प्रभावको विश्लेषण गर्न सहयोग गर्नेछ र अझ राम्रो प्रभाव प्राप्तिको लागि सुझाव तयार पार्न सघाउनेछ । | नोट : डोभा मुल्याङ्कनबाट अधिकारमुखी प्रमाण र तर्कहरूको संकलनले नीतिको वास्तविक प्रभाव र अझ राम्रो प्रभाव प्राप्तिको लागि सुझाव तयार पार्न सहयोग गर्नेछ । | नोट : डोभा मुल्याङ्कनबाट अधिकारमुखी प्रमाण र तर्कहरूको संकलनले नीतिको वास्तविक प्रभाव र अझ राम्रो प्रभाव प्राप्तिको लागि सुझाव तयार पार्न सहयोग गर्नेछ । |

पेंज ....मा चरण १ अन्तर्गतको नीतिगत चक्र पनि हेर्नु होस् ।

- के तपाईको संस्थाले एक्लै अथवा सञ्जालका साथीहरूसँग मिलेर हालको अवस्थामा प्रभाव पार्ने क्षमता राख्दछ ?
- तपाईको देशको राजनैतिक वातावरणले हालको अवस्थामाथि प्रभाव पार्ने तपाईको क्षमतालाई कस्तो प्रभाव पार्दछ ?

सुरुमा तपाइले एकभन्दा बढी कानुन, नीति अथवा अभ्यासहरू पहिल्याउन सक्नु हुन्छ । त्यस अबस्थामा तपाईले हरेक विकल्पका सहायक प्रश्नहरूको जवाफ दिनुहोस् । विभिन्न विकल्पहरूका उत्तर जम्मा भएपछि तपाईले कहाँ बढी प्रभाव पार्न सक्नु हुन्छ र कहाँ बढी परिवर्तन ल्याउन सकिने सम्भावना छ भनी पत्ता लगाउन सजिलो हुनेछ ।

**प्रश्न नं ५ केन्द्रविन्दु पहिल्याऔः समस्या कानुन, नीति/अभ्यास**

प्रश्न ४ मा पहिल्याइएका विकल्पहरूलाई हेरी परिवर्तनका लागि सबैभन्दा बढी सम्भावित बिकल्पलाई छान्नु पर्छ।

कृपया छानिएको समस्या र सम्बन्धित कानुन, नीति अथवा अभ्यासलाई एक वा दुई वाक्यमा लेख्नुहोस् । यो डोभा मुल्याङ्कनको प्रमुख केन्द्रविन्दु हुनेछ।

**प्रश्न नं ६ के मानव अधिकार मुल्याङ्कन परिवर्तनको प्राप्तिको लागि सहयोगी र रणनीतिक होला ?**

डोभा मुल्याङ्कन समय र स्रोत खर्च हुने प्रक्रिया हुन सक्दछ। त्यसैले मानव अधिकारमुखी मुल्याङ्कनले अपेक्षित परिवर्तन प्राप्त गर्न निकै सहयोग गर्छ कि गर्दैन भन्ने बारेमा गम्भीरतापूर्वक बिचार गर्नुपर्दछ। यसले परिवर्तनको लाीग लवि गर्न सहयोग गर्ला ? अन्य विकल्पहरू अझ बढी सापेक्ष हुन पनि सक्छन् भन्ने निष्कर्ष निकाल्नु पर्ने पनि हुनसक्दछ।

डोभा मुल्याङ्कन रणनीतिक बिकल्प नरहेको अवस्थाको उदाहरणका लागि अनुसूची ३ पनि हेर्नुहोस्।

- **कानुन** : राष्ट्रिय कानुनहरू कानुनी किताबमा उल्लेखित हुन्छन् जस्तै दण्ड आचार र नागरिक आचार। त्यसलाई राजनीतिज्ञहरू अथवा संसदले परिवर्तन गर्न सक्दछन्।

- **नीतिहरू** : कानुनको कार्यान्वयन गर्न, समस्या समाधान गर्न र सकारात्मक उपलब्धि हासिल गर्न नीतिहरू बनाइएका हुन्छन् । नीतिहरू औपचारिक दस्तावेजहरूमा हुन्छन् । यसलाई निजामती कर्मचारी, प्रहरी आदिले कार्यान्वयन गर्दछन्। नीतिहरू राष्ट्रिय, क्षेत्रीय वा स्थानीय हुनसक्छन्। कानुनलाई प्रभावित गर्न ती सहयोगी हुनसक्दछन्।

- **कदम** : यो कानुन वा नीतिलाई लागू गर्ने ठोस क्रियाकलाप हो । यस्ता कदमहरू मुख्यतया स्थानीय तहमा चालिन्छन् । ती परिवर्तनका लागि बढी ठोस र सरल हुन्छन्।

- **अभ्यासहरू** : यी आफ्नो बानीको रूपमा वा परम्परागत रूपमा गरिने व्यवहारहरू हुन्। यी धार्मिक र सामाजिक प्रथा तथा परम्परामा पनि आधारित हुन सक्दछन्।

## ४.३ मुल्याङ्कन समूहको निर्माण

संक्षिप्त पुनरावलोकनको आधारमा डोभा मुल्याङ्कनबाट परिवर्तन ल्याउन सकिन्छ भन्ने लागेमा मुल्याङ्कन समूहको चयन गरेर दोस्रो चरणको तयारी गर्न सकिन्छ । यसलाई सफलतापूर्वक गर्नको लागि मुल्याङ्कन समूहको निर्माण आवश्यक हुन्छ । यसको लागि अनुसन्धान, पैरवीसँग सम्बन्धित सीप र ज्ञान तथा स्थानीयस्तरका सूचनाहरूमा पहुँच भएका र व्यवहारमा घट्ने घटनाहरूबारे सचेत व्यक्तिहरूलाई समूहमा समावेश गर्नुपर्छ। समूहमा कसलाई राख्ने भन्ने बिषयमा मुल्याङ्कन गर्दा समस्याका सम्बन्धमा प्रत्यक्ष सरोकारवालाहरूलाई पनि ध्यानमा राख्नु महत्वपूर्ण हुन्छ । मुल्याङ्कन समूहमा सबै सहयोगीहरू आफ्नै संस्थाको मात्र पनि हुन सक्छन् तर प्रभावित समूह र प्रत्यक्ष सरोकारवालाहरूको सहभागिता सुनिश्चित गराउन अन्य संस्थाहरूबाट पनि सहभागी छनौट गर्न सकिन्छ।

### समूह गठन गर्दा ध्यान दिनुपर्ने प्रश्नहरू

- के यो विश्लेषण संस्थाको कामसँग मिल्दो जुल्दो छ ?

  अनुभवले के देखाएको छ भने विश्लेषण एक लामो प्रक्रिया हो। संस्थाको रणनीति र कामसँग जोडिएको छ भने यो अत्याधिक प्रभावकारी हुन्छ। संस्थाको समय, कर्मचारीको क्षमता र स्रोतको बाँडफाँड सुनिश्चित गर्न रणनीतिक योजनाको एक अंशका रूपमा विश्लेषणको प्रक्रिया सुरु गर्नु पर्दछ। यसका अतिरिक्त यसले डोभा प्रक्रिया सिंगो संस्थाका लागि एक सिक्ने प्रक्रिया हो भन्ने सुनिश्चित गर्दछ । अधिकारमुखी विश्लेषणले कर्मचारीहरूको अनुसन्धान गर्ने क्षमता तथा विश्लेषण र पैरवीको सीप विकास गर्न मद्दत गर्नेछ।

- के अनुसन्धान, पैरवी र स्थानीय अवस्थाको बारेमा ज्ञान भएको व्यक्तिहरूलाई समूहमा सहभागी गराइएको छ ?

  समूहमा विभिन्न पृष्ठभूमि, ज्ञान र सीप भएका व्यक्तिहरूलाई समावेश गराउनु राम्रो हो । विभिन्न क्षेत्रमा ज्ञान भएको जस्तै सूचना सङ्कलनमा दक्षता भएका, बैठक र अन्तवार्ता राम्रोसँग लिन जान्ने, निश्चित बिषयमा बिशेष ज्ञान भएका, कानुन वा मानव अधिकारको बारेमा ज्ञान भएका र लेखन तथा पैरवीमा दक्षता भएका व्यक्तिहरूलाई समूहमा समावेश गराउने बिषयमा सोच्न सकिन्छ । यसका लागि एक जना संयोजक पनि नियुक्त गर्न सकिन्छ र मुल्याङ्कनका लागि कटिवद्ध व्यक्तिहरूको एक सानो मूल समूह तयार पार्न सकिन्छ । मूल समूहका सदस्यहरूले ठूलो मुल्याङ्कन समूहका दैनिक गतिबिधिहरूको दायित्व बहन गर्नु पर्दछ ।

  समूह बनाउँदा निम्न कुराहरूको पहिचान गर्नुपर्छ

  - समूहको सदस्यमा कस्ता प्रकारको सीप र ज्ञानको आवश्यकता पर्दछ ।
  - समूहका सबै सदस्यको भूमिका कस्तो हुनेछ ?
  - हरेक सदस्यले समूहबाट कस्तो अपेक्षा राख्दछ ?

- **के समूहका सदस्यहरू प्रभावकारी छन् भन्ने निश्चित गर्न सकिन्छ ?**

  यस मानव अधिकारको प्रभाव मुल्याङ्कन कार्यको लागि समस्याबाट प्रभावित सक्रिय समूह वा समुदायको आवश्यकता पर्दछ । तिनीहरू प्रमुख सरोकारवालाहरू हुन भने सुरुदेखि नै समावेश गराउनु पर्दछ । यदि ती व्यक्तिहरू प्रभावित समूह र समुदायको छैनन् भने कसरी उनीहरूलाई सबै प्रक्रियामा उपलब्धि हासिल गर्न र परिवर्तनका लागि सहभागी गराउन सकिन्छ भन्ने सोच्नु पर्दछ ।

  प्रभावित समूह र समुदायका सदस्यहरूलाई आफ्नो समूहमा राख्दा त्यो बृहत समुदायलाई कसरी प्रक्रियामा समावेश गर्न सकिन्छ भन्ने बारेमा सोच्नु पर्दछ । जस्तै उदाहरणको लागि बैठकको आयोजना गर्दा, अन्तरर्वार्ता लिदा, बेला बेलामा प्रभावित समूहहरूसँग परामर्श लिदा आदि । एकभन्दा बढी समूहहरू नीतिहरूबाट प्रभावित भएका हुन सक्छन् र सबैले एक प्रकारको धारणा व्यक्त गर्छन् भन्ने हुँदैन भन्ने कुरालाई पनि सम्झनु पर्दछ । एकै समूहभित्र पनि फरक फरक धारणाहरू हुन सक्छन् । (अगाडि उल्लेख प्रभावितहरूको समूहलाई एक पटक हेर्नुहोला)

- कहिलेकाहि सबै किसिमको प्रभावित समूहका सदस्यहरूलाई समावेश गराउन सकिदैन । त्यस्तो बेलामा उनीहरूलाई अरु कुनै किसिमले सहभागी गराई उनीहरूको आवाजलाई समावेश गराउन सकिन्छ कि भन्ने बारे सोच्नुपर्छ ।

  यो मानव अधिकार प्रभाव मुल्याङ्कनले सूचना सङ्कलन मात्र गर्ने नभई यसले सहभागीहरूमा भएको ज्ञानको आदान प्रदान पनि गराउँछ ।

**सुझाव**

विद्यार्थीहरूलाई तत्कालै अभ्यास गर्न पाउने अनुसन्धान गर्न रुचि हुन्छ । त्यसैले अनुसन्धान गर्न सहयोग गर्ने विद्यार्थीलाई खोज्न सकिन्छ । बाहिरी सहयोगहरू गर्ने विषयमा पहिले नै तिनीहरूलाई कहाँ समावेश गर्ने, उनीहरूबाट के अपेक्षा गरेको हो र उनीहरूको अपेक्षा के हुन सक्छ भन्ने बारे स्पष्ट हुनु पर्दछ ।

- **के तपाईले यो मुल्याङ्कनलाई अगाडि बढाउने क्रममा आफ्नो समूहलाई कुनै प्रकारको सम्भाव्य जोखिम देख्नु भएको छ ?**

  यदि जोखिमको सम्भावना भएमा के बाहिरको सहयोगमा भर पर्न सकिन्छ ?

तयारी प्रक्रियामा जानुभन्दा पहिले फेरि एक पटक समूहमा छनौट भएका सहभागीको बारेमा ध्यान पुऱ्याउनु पर्छ । अरु क्षमता, सीप र ज्ञान भएका व्यक्तिहरूलाई थप सहभागी गराउन मन छ कि छैन भन्ने कुरा हेर्नु पर्छ ।

## ४.४ सरोकारवालाको पहिचान

डोभा मुल्याङ्कनलाई सफल बनाउनको लागि सम्बन्धित सरोकारवालालाई कसरी र कहिले मुल्याङ्कन प्रक्रियामा सहभागी गराउने भन्ने कुराको पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ । सरोकारवालाको पहिचानपश्चात, तिनीहरूलाई

मुल्याङ्कन समूहसँग राख्ने बेलामा विचार पुऱ्याउनु पर्दछ । (४.३ मा हेर्नुहोस्)

सरोकारवालाहरू भन्नाले त्यस्ता व्यक्ति अथवा संस्थाहरू हुन सक्छन् जसको रुचिका विषयहरू प्रभावित भएका हुन्छन् अथवा समस्या वा परिवर्तनले प्रभावित भएका हुन्छन् । सरोकारवालाको पहिचान गर्दा विभिन्न फरक धारणा राख्ने समूह र व्यक्तिहरूबाट गरिनु पर्दछ । यसबाट सरेकारवालाहरूको आफूले सम्बोधन गरेको समस्यासँग रुचि र सम्बन्ध छ कि छैन भन्ने कुरा बुझ्न सजिलो हुन्छ । यसले तपाईलाई मुल्याङ्कन प्रक्रियामा कसलाई सहभागी गराउने, कसलाई सम्पर्क गर्ने, मुल्याङ्कनमा उनीहरूको कस्तो भूमिका रहन्छ भन्ने कुरा बुझ्ने मौका दिन्छ ।

### प्रभावित समूह

सिधै प्रभावित भएका समूह वा समुदायहरू प्रमुख सरोकारवालाहरू हुन् । उनीहरू मुल्याङ्कनको केन्द्रविन्दु हुनुपर्छ । उनीहरूभन्दा बढी प्रभावित समूह छ कि छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । उनीहरूको ज्ञान सीप र अनुभवलाई विश्लेषण र अनुसन्धानमा राखिएको छ छैन भन्ने निश्चित गर्नुपर्छ । सबै समूह र समुदाय एकै प्रकारको धारणा भएको नहुन सक्छ । यस्तो फरक मतलाई मुल्याङ्कन प्रक्रियामा विश्लेषण गरिनु पर्दछ ।

### गैर सरकारी संस्था र सेवा प्रदायक संस्थाहरू

अन्य सरोकारवालाको रूपमा प्रभावित समूहसँग काम गर्ने संस्थाहरू हुन सक्छन् । तिनीहरूमा गैर सरकारी संस्था, स्वास्थ्यकर्मी, वकिल अथवा अरु सेवा प्रदायक संस्थाहरू हुन सक्छन् । कानुन र नीतिहरूको कार्यान्वयन गर्न अरु गैर सरकारी सङ्घ सस्था अथवा नागरिक समाजले पनि भूमिका निर्वाह गर्न सक्दछन् जस्तै सुरक्षित आवास र सेवा प्रदान गरेर । उनीहरूको आफ्नै रुचि र सरोकार हुन सक्छ ।

यो मुल्याङ्कन गर्दा गैर सरकारी संस्था, नागरिक समाज अथवा निजी संस्थाहरूले निम्न कुरामा ध्यान दिनु पर्दछ

- मानव अधिकारको सम्मान
- मानव अधिकारको उल्लङ्घनबाट फाईदा नलिने
- राज्यले गरेको मानव अधिकारको दुर्व्यवहारमा सहभागी नहुने

### सरकार

मुल्याङ्कन प्रक्रियामा कुन समुदाय अथवा समूहहरू प्रभावित भएको छ भनी थाहा भयो भने सरकारको कुन निकाय, विभाग अथवा प्रतिनिधिसँग भेट्नुपर्छ भन्ने कुरा ध्यानमा राख्न सजिलो हुन्छ । नीतिमा सरकारको कुन निकाय सहभागी छ ? यसमा स्थानीय निकाय, प्रहरी र मन्त्रालयहरू पर्न सक्दछन् । सरकार र केन्द्रित समस्याहरूको सम्बन्धका बारेमा ध्यान दिनु पर्दछ । सरकारको समस्यासँग कस्तो सम्बन्ध र रुचि रहेको छ भन्ने थाहा पाउनु पर्दछ ।

### सरोकारवालासँग सम्पर्क

तपाईको विचारमा समस्यासँग सम्बन्धित सरोकारवालाहरूलाई डोभा मुल्याङ्कनको बारेमा जनकारी दिन सम्पर्क गर्नु उचित हुन्छ । कुन सरोकारवालासँग सम्पर्क राख्न कुन समय उपयुक्त हुन्छ र कुन समयमा गर्नु उपयुक्त हुन्छ भन्ने बारेमा आफ्नो समूहमा छलफल गर्नुपर्छ । कुनै सरोकारवालालाई पहिले सुरुमा नै सम्पर्क राख्नुपर्ने हुन सक्छ र कसैलाई पछि अन्त्यतिर मात्र सम्पर्क राख्दा हुने हुन सक्छ । सुरुमा नै ती सरोकारवालाहरूलाई यस मुल्याङ्कनको बारेमा र त्यसको प्रक्रियाको बारेमा जानकारी दिनु पर्दछ ।

यस प्रक्रियामा कुनै सरोकारवालाहरू सहभागी हुन नचाहेमा पनि उनीहरूको बारेमा सबै जानकारी र धारणा सङ्कलन गरेर राख्नु पर्दछ जसले गर्दा पछि काम गर्न सहज हुन्छ ।

पछाडिको पृष्ठमा उल्लेख गरिएको गार्डनर म्याट्रिक्स् नमुनामा कुन सरोकारवालासँग नजिकमा रही काम गर्ने र त्यसले कुन सरोकारवालालाई कति संलग्न गराउने भन्ने बारेमा जानकारी प्रदान गर्दछ । यसबाट कुन सरोकारवालाले काम गर्नको लागि सहयोग पुऱ्याउँछ भन्ने थाहा पाउन सकिन्छ ।

| | | रुचि | |
| --- | --- | --- | --- |
| | | **थोरै** | **धेरै** |
| **प्रभावित** | **थोरै** | **क** | **ख** |
| | **धेरै** | **ग** | **घ** |

सरोकारवालाको समस्यासँगको रुचि र प्रभावको आधारमा सरोकारवालाहरूलाई माथिको म्याट्रिक्समा राख्नुहोस् । यो मापन निकै विस्तृत रूपमा गर्नुहोस् र गैर सरकारी संस्थाको नाम र सरकारी निकायको नाम, विभागको नाम स्थानीय ग्रामीण समूहहरूको नाम जहाँ उल्लेख गर्न सकिन्छ/गर्नुपर्छ । एकपटक सरोकारवालाको मापन गरिसकेपछि उनीहरू पहिचान गरिएको सरोकारवालाको रूपमा रहन्छन् ।

क) बक्स (क) मा रहेका सरोकारवाला कम सहभागिता रहने र कम प्रभाव र रुचि रहेका सरोकारवालाहरू हुन् ।

ख) बक्स (ख) मा रहेका सरोकारवालाहरू बढी सहभागिता रहने र बढी रुचि र प्रभाव पार्ने सरोकारवालाहरू हुन् जुन पछिसम्म पनि सम्पर्कमा रहन्छन् । वक्स (ग) मा रहेको सरोकारवालाभन्दा बढी प्रभावकारी सरोकावाला हुन सक्छन् र यसले लवि र पैरवी कार्यलाई पनि सशक्त बनाउन सक्छ ।

ग) वक्स ग मा रहेका सरोकारवालाहरू कम रुची र बढी प्रभावकारी हुन्छन् र यसले अपेक्षित परिवर्तनलाई पनि प्रभाव पार्दछ । यिनीहरूलाई पनि मुल्याङ्कनको बारेमा जानकारी दिनुपर्छ । तर कहिले उनीहरूसँग सम्पर्क राख्ने भन्ने कुरामा ध्यान दिनु पर्छ ।

यो समूहलाई केही मुद्दाहरूमा समावेश गराउनु रणनीतिक हुन सक्छ तर अरु बेलामा यी समूहलाई मुल्याङ्कनको उपलब्धि प्राप्त गरेपछि मात्र समावेश गराउन सकिन्छ तथा लवि र पैरवीको रणनीति तयार गर्ने क्रममा समावेश गराउन सकिन्छ ।

घ) बक्स घ मा उल्लेख भएका सरोकारवालाहरू धेरै रुचि र धेरै प्रभावकारी प्रमुख सरोकारवालाहरूमा पर्दछन् । उनीहरूलाई मुल्याङ्कनको प्रक्रियामा नै सहभागी गराउनु उपयुक्त हुन्छ ।

यो संस्था र व्यक्तिहरूको पहिचान गरी उनीहरूको रुचि र प्रभावको बारेमा जानकारी राख्नु मुल्याङ्कन प्रक्रियाको बेला सबैभन्दा उपयुक्त कार्य हुन्छ । अध्याय ५ र ७ मा पैरवीको लागि योजना तयार गर्दा तपाईले यो वक्सलाई हेर्नु पर्दछ ।

## ४.५ कार्ययोजना र वजेटको विकास

डोभा मुल्याङ्कनको लागि समय स्रोत र प्रयासको आवश्यकता पर्दछ । मुल्याङ्कनको पूर्ण तयारीको लागि यसको कार्य योजना र बजेटको निर्माण गर्नु आवश्यक पर्छ । यसले सबै कुरा सहि ढङ्गबाट सुरु भएको छ छैन निर्धारण गर्न सहज हुन्छ ।

### सूचना संकलन गर्ने विषयमा छलफल

कार्ययोजना र वजेट बनाउनु अगाडि कसरी सूचना

संकलन गर्ने भन्ने कुरामा छलफल गर्नु पर्दछ। जस्तै : टेबलमा बसी अनुसन्धान गर्ने, लक्षित समूह, अन्तर वार्ता आदि) यो बजेट र कार्ययोजना निर्माणको लागि महत्त्वपूर्ण रहन्छ।

सूचनाहरू संकलन गर्ने धेरै माध्यमहरू हुन्छन्। यो कानुन, कार्यालयको प्रतिवेदन, अन्तरवार्ता, लक्षित समूहसँग छलफल आदि गरेर संकलन गर्न सकिन्छ। यो व्यक्तिगत वा सामूहिक रूपमा पनि गर्न सकिन्छ। अर्थात अन्य संस्थाहरू जस्तै मानव अधिकारवादी संस्थाहरूसँग सूचना संकलन गर्न सम्पर्क समन्वय गरेमा त्यस्तो कुरालाई नोट गरी राख्नु पर्दछ। जसले पछि अध्याय ५ मा मुल्याङ्कन गर्न सुझावहरू पाउन सकिन्छ।

**सुझाव**

सूचना संकलन प्रक्रिया एकै पटक सकिने प्रक्रिया होइन्। कहिलेकाहिँ सूचनाको लागि हामीलाई फेरि गएर सोही व्यक्तिसँग भेट्नु पर्ने हुन्छ, थप सूचना प्राप्त गर्नु पर्ने हुन्छ र पहिले नै सङ्कलन गरिएका कागजपत्र पनि हेर्नु पर्ने हुन्छ।

### कार्ययोजनाको निर्माण

अनुसूची ४ मा नमुना कार्यायोजना राखिएको छ। कार्य योजना बनाउनको लागि अध्याय ५ को पुनरावलोकन गर्नुहोस्। यसले कुन कुन कार्यक्रमहरू कुन चरणमा गर्ने, सबै सदस्यले के कति काम गर्ने र यसले कति समय लिन्छ भन्ने कुराको निर्धारण गर्दछ। यसको लागि निश्चित अवधि तोक्नु आवश्यक हुन्छ।

### वजेटको निर्माण

यो मुल्याङ्कनको लागि समय र स्रोतको आवश्यकता पर्दछ। यो बजेटको निर्माण गर्दा, मुल्याङ्कन समूहको सदस्यहरूसँग कति समय लिन सकिन्छ। र स्वयं सेवकहरूको कति समय लिने र अन्य बाहिरी सहयोगीहरूबाट कति समय लिन सकिन्छ भन्ने बारे पहिले नै निर्क्यौल गर्नुपर्छ। यस्तो वैठक र अन्तरवार्ताको लागि आवश्यक बजेट पनि निर्धारण गर्नुपर्छ। बजेट निर्माण गर्दा बजेटको विषयसूची हेर्दा उपयुक्त हुन्छ।

**वजेटको विषयसूची**

- कर्मचारी कूल रकम, तलबसम्बन्धी
- डोभाको विशेषज्ञ, प्रशिक्षक, सहजकर्ता, सल्लाहकारलाई दिने रकम
- स्टेशनरी खर्च
- कार्यालयमा प्रयोग हुने खर्च
- वैठक, सेमिनार, सहभागीको लागि हुने खर्च
- यातायात खर्च (राष्ट्रिय)
- यातायात खर्च (अन्तर्राष्ट्रिय)
- अनुवादकको खर्च
- प्रकाशन खर्च
- अडिटिङ खर्च
- अन्य खर्च (कार्यक्रमको)
- प्रशासनिक खर्च
- लवि र पैरवीको लागि खर्च (पत्रकार सम्मेलन, अभियान आदि)

बजेट निर्धारण गर्दा मुल्याङ्कन गर्दा/आवश्यक खर्चहरू राखियो कि राखिएन भनी ध्यान दिनुपर्छ ।

यदि पुग्ने मात्रामा खर्च राखिएन भने पछि फेरि थप खर्चको लागि खर्च जुटाउनुपर्ने हुन्छ।

**सुझाव**

मुल्याङ्कन प्रक्रियामा कहिलेकाहिँ परिवर्तन गर्नुपर्ने वा नयाँ कार्यक्रम थप गर्नुपर्ने हुन सक्छ। त्यसको लागि पहिले नै कार्ययोजना र बजेट निर्माण गर्दा थप गर्न मिल्ने गरी बनाइनु पर्दछ।

## ४.६ उपयुक्त प्रश्नको छनौट गरी उत्तर दिने (ट्राफिक लाईट सिद्धान्त)

हरेक प्रश्नको अगाडि प्याजी र कालो थोप्ला देख्न सकिन्छ। छानिएको समस्याको उत्तर प्राप्त गर्नको लागि डोभाको अध्याय ५ मा रहेका प्रश्नहरूलाई राम्रोसँग सबै सदस्यहरूसँग बसी अध्ययन गरी कुन प्रश्नमा बढी केन्द्रित हुने भन्ने बारेमा छलफल गर्नुपर्छ। सबै प्रश्नहरू उपयुक्त नहुन सक्छन्। यो कार्यले समयको वचत पनि हुन्छ।

प्याजी थोप्लाले (हुन्छ) र कालो थोप्लाले (हुँदैन) भन्ने बुझिन्छ । सबै प्रश्नहरूलाई सरसर्ती हेर्नु होला । समस्याको विश्लेषण गर्ने क्रममा यसबाट साधारण उत्तर प्राप्त गर्न सकिन्छ कि सकिंदैन भन्ने ध्यान पुऱ्याउनु पर्दछ । यसबाट उत्तर प्राप्त हुँदैन भन्ने त्यो प्रश्न उपयुक्त छैन भन्ने बुझिन्छ ।

| **प्रश्नहरू** | **हो** | **होइन** |
|---|---|---|
| के डोभाको मुल्याङ्कनले परिवर्तनको लागि प्रभाव पार्न सहयोग गर्छ ? | | |
| के सरोकारवालाहरू पहिचान गरिएका सहभागी छन् र आवश्यकतानुसार पुऱ्याइएका छन् ? | | |
| के प्रभावित समूहको सहभागिता सुनिश्चित गरिएको छ ? | | |
| के मुल्याङ्कन समूह सही स्थानमा छ ? | | |
| के मानव अधिकारबारे जानकारी सुनिश्चित गरिएको छ ? | | |
| सूचना कसरी सङ्कलन गर्ने भन्नेबारे योजना बनाइएको छ ? | | |
| कार्य योजना तर्जुमा गरिएको छ ? | | |
| के बजेट निर्माण भएको छ ? | | |
| के पर्याप्त स्रोतहरू उपलब्ध छन् ? | | |
| (आवश्यकता परेको खण्डमा) कोष अभिवृद्धि गर्ने योजना बनाइएको छ ? | | |
| के प्रश्नहरू ट्राफिक लाइट सिद्धान्त प्रयोग गरी छानिएका छन् ? | | |

चेक लिष्टमा भएका प्रश्नहरूको उत्तर धेरै “हो” आयो भने मुल्याङ्कनको अर्को चरणमा जान सकिन्छ जुन अध्याय ५ मा सुरु हुन्छ ।

## ४.७ निष्कर्ष

अध्याय ४ सम्मका काम गरिसक्दा तलको प्रश्नबाट निष्कर्षमा पुगिन्छ ।

*के तपाईले मुल्याङ्कन सुरु गर्न पूर्ण तयारी गरिसक्नु भएको छ ?*

तल दिइएको चेक लिष्टले निष्कर्ष निकाल्न सहयोग पुऱ्याउँनेछ ।

# ५. डोभा मुल्याङ्कनका ७ चरणहरू

## परिचय

अब तपाई डोभाको मुल्याङ्कन प्रक्रियामा पुग्नु भएको छ। यसका चरणहरूमा राखिएका प्रश्नहरूले अनुसन्धानलाई डोऱ्याई उत्तर पत्ता लगाउन सहज बनाउँनेछन्।

संक्षिप्त पुनरावलोकनमा तपाईले पहिचान गरेको विद्यमान समस्या, सम्बन्धित कानुन, नीति वा अभ्यासहरू, मानव अधिकार मापदण्ड र अन्तर्राष्ट्रिय नीतिगत मापदण्डहरूको आधारमा मानव अधिकारको उल्लङ्घन हो ?

डोभा मुल्याङ्कनको यो काम सुरु गर्न तपाईले संक्षिप्त पुनरावलोकन सकेर मुल्याङ्कन समूहको निर्माण गरिसकेको हुनुपर्दछ। साथै सरोकारवालाहरूको पहिचान, कार्ययोजना र बजेट निर्माण पनि गरिसकेको हुनुपर्दछ।

अध्याय ५ डोभाको मुटु हो किनभने तपाईको विश्लेषणलाई सहजीकरण गर्न यसमा प्रश्नहरू र सूचनाहरू दिइएका छन्।


तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियालाई ७ चरणमा विभाजन गरिएको छ।

यी हरेक चरणको उद्देश्यहरूबाट परिचय सुरु हुन्छ। हरेक चरणमा सूचनाको स्रोतको बारेमा जानकारी दिइएको छ। त्यसपछि तथ्याङ्क सङ्कलन र विश्लेषण सहजीकरण गर्ने प्रश्नहरू छन्। त्यसमा भएको व्याख्या, उदाहरण र चेकलिष्टले प्रश्नहरूको उत्तर दिन सजिलो बनाउँनेछ। दिइएका उदाहरणहरू लेखनको समयमा उपयुक्त थिए तर त्यो अवस्थामा परिवर्तन भई सकेको पनि हुन सक्दछ। हरेक चरण महत्त्वपूर्ण परिणामहरू सहितको निर्ष्कषमा टुङ्गिने छ।

## प्रारम्भ

यसका चरणहरूले डोभा विश्लेषण संरचनाबारे जानकारी दिन्छन्। चरण १ देखि ७ सम्मले तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि सहयोग गर्दछ। अन्तिम सातौ चरणमा सङ्कलित सूचनाहरू लवि गर्न उपयोगी हुने तरिकाले लेखिनेछ र पैरवी गर्न कार्ययोजना तयार पारिनेछ।

### डोभाका ७ चरणहरू



## सम्झिनु पर्ने मुख्य बुँदाहरू

### केन्द्रविन्दु

अनुसन्धानको क्रममा आवश्यकभन्दा बढी सूचनाहरू सङ्कलन गरिएको हुन्छ। यसले समय बढी लिने भएकोले यस्तो सूचना सङ्कलन गर्ने क्रममा यो सूचना कत्तिको आवश्यक छ/छैन भन्ने प्रश्नलाई ध्यानमा राखेर गर्नु पर्छ।

### सक्रिय छनौट

मुल्याङ्कनको लागि सान्दर्भिक सूचना संकलन गर्दा सबै प्रश्नहरूको विस्तृत उत्तर दिई राख्नु नपर्ने पनि हुन सक्छ। त्यसैले उत्तरहरू कुन गहिराई र विस्तारमा दिने भन्ने कुरो छनौट गर्नुपर्छ।

सान्दर्भिक प्रश्नहरूको छनौट

**ट्राफिक लाइटको छनौट**

तयारीको चरणमा तपाईले हरेक चरणका प्रश्नहरू समाधान खोजिएका समस्यासँग मिल्दा पहिचान गरिसक्नु भएको होला । यदि छनौट गरिएको छैन भने यसले छनौटलाई केन्द्रित गर्न तपाईलाई सघाउँछ ।

### लचकता

आफ्नो विशिष्ट परिवेशमा प्रश्नहरूलाई स्वतन्त्र रूपमा अङ्गिकार गर्न सकिन्छ। साथै सूचनाहरूलाई व्यवस्थित गर्न विभिन्न प्रश्नहरू र चरणहरू थपघट गर्न सकिन्छ। डोभाले उपयोगी मुल्याङ्कन गर्न सहयोग गरिरहेको हुनेछ। यो कुनै परीक्षा होइन। यस प्रक्रियामा तपाईले आफ्नो कार्ययोजनासमेत अङ्गिकार गर्न सक्नु हुनेछ।

सूचना नहुनु पनि सूचना हो । मूल्याङ्कनको समयमा कहिलेकाहिँ सही सूचना प्राप्त गर्न निकै कठिन हुनेछ। सरकारले निश्चित तथ्याङ्क प्रकाशित नगरेको हुन सक्छ अथवा तथ्याङ्क संयन्त्र सङ्कलन नै नहुन पनि सक्छ। कुनै सूचना उपलब्ध गराइएन भने यो विश्लेषणको क्रममा एउटा सूचना हो । यसले सरकारले मानव अधिकारसम्बन्धी आफ्नो दायित्व निर्वाह कतिको सही र सार्वजनिक सूचना प्रकाशित गर्दछ भन्ने कुराको जानकारी गराउँदछ।

### तथ्याङ्क सङ्कलन

सम्भव नभएसम्म छलफललाई बलियो बनाउन परिमाणात्मक र गुणात्मक दुबै प्रकारका तथ्याङ्कहरूको सङ्कलन गर्नुपर्छ। तर ध्यान के दिनुहोस् भने संख्याले मानव अधिकारको उल्लंघन भएको छ /छैन भन्ने निधो नगर्न पनि सक्छ। कुनै पनि प्रकारको विभेद भएको छ भने त्यो मानवअधिकारको हनन् हो । त्यसबाट कति जना प्रभावित भए भन्ने कुरा गौण हुन्छ।

### नैतिक सरोकारहरू

समस्याबाट प्रभावित भएका समूहसँग बैठक गरी वा अन्तरवार्ता लिई तथ्याङ्क संकलन गरिएको हुन सक्छ। त्यसरी तथ्याङ्क सङ्कलन गर्दा मानवअधिकारको सिद्धान्तको उल्लङ्घन गरिनु हुँदैन भन्ने कुरालाई ध्यानमा राख्नु पर्दछ। यी सिद्धान्तहरू हुन् : "हानी नगर", "स्वीकृति" र "सहभागिता"।

### हानी नगर

तथ्याङ्क सङ्कलन गर्ने सहमति गर्दा सहभागी व्यक्तिहरूलाई कुनै सुरक्षा, मनोवैज्ञानिक, भावनात्मक, सामाजिक आर्थिक अथवा अन्य जोखिममा परिरहेको त छैन भन्ने कुरामा आफूले ध्यान दिनुपर्छ। हामीले यस्तो जोखिमको अनुमान गरी आफूसँग कार्य गर्ने व्यक्तिहरूलाई हानी पुऱ्याउनु हुँदैन।

### सहमति निश्चित (वेनामीसमेत)

तथ्याङ्क सङ्कलनमा सहभागी व्यक्तिहरूले सहमति दिएको बारेमा स्पष्ट हुनुपर्छ। ती व्यक्तिहरूलाई तपाई को हो, यो तथ्याङ्क सङ्कलनको उद्देश्य के हो भन्ने जानकारी हुनुपर्दछ। उनीहरूलाई यो सूचनाको गोपनीयता कायम राख्नेबारे छनौट गर्न दिनुपर्छ।

### सहभागिता

तथ्याङ्क सङ्कलन गर्दा सहभागी भएका सहभागीहरूलाई यो सूचनाको प्रयोगको बारेमा जानकारी दिनु पर्दछ। अनुसन्धान सहभागीलाई यसबाट आएको परिणामको बारेमा जानकारी गराउनु पर्दछ । उपयुक्त समयमा उनीहरूलाई लवि र पैरवीमा सहभागी गराइनुपर्छ।

थप जानकारीका लागि www. humanrightsimpact.org मा हेर्नु होला।

### बाझिएका सूचनाहरू

कहिलेकाहिँ व्यक्ति वा स्रोतहरूबाट बाझिएका सूचना वा एउटै तथ्याङ्कको विभिन्न व्याख्या प्राप्त हुन सक्दछ। त्यस्तो सूचनालाई प्रतिवेदनमा राखी लवि र पैरवीको लागि प्रयोग गर्नका लागि एकभन्दा बढी स्रोतहरूको उपयोग गर्नु पर्दछ। तपाईले प्रयोग गरेको सूचना सही छ भन्ने कुरा सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन्छ। त्यसले तपाईको कार्यको विश्वसनीयता बढाउन सहयोग गर्छ।

कुनै कुनै घटनामा बाझिएका सूचनाहरू वा बाझिएका व्याख्याहरूको प्रयोग गर्नु रणनैतिक हुन सक्दछ। त्यसले तपाई द्वन्द्वबारे सचेत हुनुहुन्छ भन्ने देखाउँछ र कुन चाहिँ तथ्याङ्क किन तपाईलाई भरपर्दो लाग्दछ भन्ने वर्णन गर्न सक्षम बनाउँछ।

### तथ्याङ्कको अभिलेख

सुरुदेखि नै तपाईले प्रयोग गरेका सूचनाका स्रोतहरूको बारेमा अभिलेख राख्नु पर्दछ। पछि सूचनाको स्रोतको खोजी गर्नु परेमा धेरै समय नष्ट हुन्छ। त्यसका अतिरिक्त सूचनाका स्रोतहरूको विवरण प्रतिवेदन वा लवि पैरवीको सन्देशहरूमा संलग्न गर्नाले त्यसको विश्वसनीयता बढ्दछ।

### परिणाम प्रतिवेदन

प्रतिवेदनमा मुख्य परिणामको बारेमा लेख्न सुझाव दिइन्छ। त्यसले अनुसन्धानका उपलब्धिलाई अरुसँग आदानप्रदान गर्न सहयोग गर्दछ र आफ्नो मेहेनतलाई भविष्यमा सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्न सहज पार्दछ।

परिणाम आदानप्रदान बताउने डोभा प्रयोगकर्ताहरूबाट आएका सबै परिणामहरू, प्रतिवेदन र राम्रो अभ्यासका कुराहरूलाई हामी डोभाको वेव साईट (www. humanrightsimpact.org) मा राख्न चाहन्छौं। तसर्थ सबैलाई यसमा आफ्ना सूचनाहरू राखी यसको जानकारी (info@humanrightsimpact.org) दिन सुझाव दिन्छौं।

### सहयोगको लागि

डोभा प्रयोगकर्ताहरूको समूहलाई हामी यसमा सहभागी गराउन चाहन्छौं। डोभा मूल्याङ्कनको सूचना वा अन्य सहयोगको लागि वेवसाइट www. humanrightsimpact.org मा हेर्नुहोला।

### चुनौतिपूर्ण अनुसन्धान

अनुसन्धान गर्नु ज्यादै चुनौतिपूर्ण हुन सक्दछ। तसर्थ अप्ठ्यारो अवस्था आएमा कार्यदल वा समूहको हैसियतले त्यसलाई समीक्षा गर्न र समूहको पुनः गठन गर्न आफ्नो समय व्यवस्थापन गर्नुहुनेछ। त्यसबाट आउने नतिजाले तपाईलाई सन्तोषको अनुभूति गराउने छ।

# चरण १
# समस्या र नीति

### उद्देश्य

**यो चरणमा विश्लेषणको लक्ष्यलाई परिभाषित गरिनेछ। यसमा अझै विस्तृत रूपमा विश्लेषण गर्नको लागि समस्या, कानुन, नीति र अभ्यासहरूलाई हेरिनेछ। यसमा प्रभावित समूहहरू र समावेश गरिएका अधिकारहरूको पहिचान गरिनेछ।**

**संक्षिप्त पुनरावलोकन र तयारीको बेलामा नै केही प्रश्नहरूको बारेमा छलफल गरिसकिएको छ। भावी विश्लेषणलाई सहजीकरण गर्न अथवा त्यसको स्पष्ट आधार बन्ने गरी उत्तरहरूलाई यहाँ लेखेर राख्नु उपयुक्त हुन्छ। यसले अरुलाई यस विश्लेषणमा के के समावेश गरेको छ र के के छैन भन्ने कुरा प्रस्ट पार्न सजिलो हुन्छ।**

## सरकारी नीतिहरूका मानव अधिकार पक्षहरू

मानवअधिकार सन्धिहरूले प्रदान गरेको सबै अधिकारहरूको अनुभूति गराउनु सरकारको जिम्मेवारी हो। सबै व्यक्तिले मानव अधिकारको सहर्ष प्रयोग गर्न पाउनुपर्छ। कुनै पनि व्यक्ति वा संस्था वा उद्योगबाट महिलामाथि हुने भेदभावको अन्त्य साथै महिलाको पूर्ण विकास र उपलब्धिको लागि सरकारले विचारपूर्ण, ठोस र लक्षित कदमहरू चाल्नुपर्छ। यसको अर्थ हो नीतिहरूले महिला अधिकारमा भेदभावपूर्ण प्रभाव पार्नु हुँदैन।[२५]

## अत्याधिक प्रभावित समूहहरू

नीतिहरूको तर्जुमा गर्दा त्यसबाट को प्रभावित हुन्छन् भन्ने बारेमा वर्णन गरिनु महत्वपूर्ण हुन्छ। मानव अधिकार मुल्याङ्कनको कार्य गर्दा नीतिहरूबाट प्रभावित व्यक्तिहरूलाई सहभागी गराउनु पर्दछ। यी व्यक्तिहरू मुल्याङ्कन प्रक्रियाको मुख्य सरोकारवालाहरू हुन् र उनीहरू मुल्याङ्कन प्रक्रियाको केन्द्रमा हुनु पर्दछ। नीतिहरूले लक्षित गर्न चाहेको समूह प्रभावित समूह पनि हुन सक्छ अथवा फरक पनि हुन सक्छ। महिलाहरूका विशेष उपसमूहहरू अन्य समूहभन्दा बढी प्रभावित छन् कि भन्ने कुरा ध्यानमा राख्नु महत्त्वपूर्ण हुन्छ। केही समूहहरू घरेलु हिंसाको विशेष जोखिममा हुन सक्दछन् जस्तैः बालिकाहरू, ग्रामीण महिला र एड्स प्रभावित महिलाहरू प्रभावितहरूको सवालमा जीवनको विविध चरणमा भएका जीवनचक्र कार्यशैली महिलाहरूलाई यसको अतिरिक्त ध्यानमा राख्नु पर्दछ।

उपयोगी नीतिगत व्यवस्थाहरूमा केही महिला समूहहरू छुटेका छन् कि भन्ने बारेमा जाँच्नु पर्दछ। उदाहरणको लागि हाम्रो देशको घरेलु हिंसासम्बन्धी कानुन वा नीतिमा अविवाहित साथीहरूको सुरक्षाको बारेमा उल्लेख न भएको हुन सक्दछ। यदि नीतिहरूबाट विविध समूहहरू भिन्न रूपमा प्रभावित भएका छन् भने मुल्याङ्कनको लागि तथ्याङ्कहरू संङ्कलन गर्दा सम्भव भएसम्म विभिन्न स्थान र समुदायबाट भिन्दाभिन्दै संङ्कलन गरिनु पर्दछ। जस्तै -ग्रामीण, शहरी, उपेक्षित महिला, बालिका र प्रौढ महिला।

## प्रभावित अधिकारहरू

मुल्याङ्कनका लागि छानिएका समस्याहरू अनुरुप केही विशेष मानवअधिकारहरू प्रभावित भएका हुन सक्छन् र तिनले संङ्कलन गर्न खोजेको सूचनालाई पनि प्रभाव पार्न सक्छन्। यो चरणमा नीतिले समेटेका अधिकार हरूको मुल्याङ्कनको खेस्रा तयार पार्नुपर्छ। प्रभावित अधिकारहरूको मुद्दाको विषयमा चरण ५ मा गएर फेरि हेरिनेछ। त्यति बेला पहिले उल्लेख गरिएका अधिकार हरूलाई परिवर्तन गर्न वा अरु थप गर्न पनि सकिनेछ।

### मुख्य प्रश्नहरू

- **कुन समस्या र सम्बधित नीतिको विश्लेषण गरिनेछ ?**
- **नीतिले कस्ता समूहहरूलाई प्रभाव पारेको छ ?**
- **नीतिले कस्ता मानव अधिकारहरूलाई प्रभाव पारेको छ ?**

### सूचना कहाँबाट प्राप्त गर्ने ?

- सरकारी नीतिहरूको कागजात/वेवसाइट
- मानव अधिकार संस्थाहरूको वेवसाइट
- नीतिहरूको बारेमा उल्लेख गरेका लेख र अध्ययनहरू
- नीतिहरूबाट प्रभावित महिलाहरूको अन्तरवार्ता
- संयुक्त राष्ट्र सङ्घको लागि तयार पारिएका सरकारी र गैर सरकारी संस्थाका प्रतिवेदनहरू
- राष्ट्रिय मानव अधिकार संस्थाहरू, आयोग तथा राष्ट्रिय अधिकार दुरूपयोग अनुसन्धान निकाय

26 ICESCR general comment 14,paragraph 30;CEDAW article 2,3and 4

## कुन समस्या र नीतिको विश्लेषण गर्ने ?

**१.१ छानिएको समस्याको बारेमा एक पृष्ठमा उल्लेख गर्नुहोस् ।**

व्याख्या : विवरणमा किन समस्याको छनौट भयो, किन प्रभावित समूह खास गरी पीडितहरू भन्ने बारेमा व्याख्या गर्नुहोस् । यो सम्बोधन गरिनुपर्ने महत्त्वपूर्ण मुद्दा हो ।

**१.२ डोभा मुल्याङ्कनले कुन कुन प्रमुख कानुन, नीति अथवा अभ्यासहरूलाई लक्षित गर्दछ ? यसको छनौट किन गरियो ?**

व्याख्या : संक्षिप्त पुनरावलोकनको क्रममा नै मुल्याङ्कन कुन कानुन वा नीति वा नीतिगत अभावमा लक्षित हुने भन्ने कुराबारे उल्लेख गरिएको छ । संक्षिप्त पुनरावलोकनको ३, ४, ५ नं. का प्रश्नहरूको जवाफ हेर्नुहोस् । अन्य विकल्पहरूका बारेमा संक्षिप्त रूपमा उल्लेख गर्दै कारणबारे विस्तारमा व्याख्या गर्नुपर्छ । यहाँ यो छनौट गरिनुको कारणबारे व्याख्या गर्नुपर्छ ।

### नीतिचक्र : नीतिको विकास र यसका चरणहरू

कुनै समस्या वा मुद्दालाई सम्बोधन गर्न सम्बन्धित निकायले अपनाएको कदम वा निर्णय नै नीति हो । मानव अधिकारको परिप्रेक्ष्यमा मानव अधिकारको अनुभूति गराउने निर्णय गर्ने प्रमुख जिम्मेवार निकाय सरकार नै हो । तर सरकार विभिन्न स्तरहरूमा रहन्छ जस्तो राष्ट्रिय, जिल्ला स्तरीय र संस्थागत रूपमा । यसबाहेक सरकारले विकासका कामहरूको लागि अन्तर्राष्ट्रिय स्तरमा पनि काम गर्न सक्दछ ।

साधारणतया नीतिहरू समस्यालाई सम्बोधन गर्न निर्माण गरिन्छन् । सरोकारवालाहरूबाट समस्याको पहिचान गरिन्छ जस्तैः नागरिक समाज, सङ्घ, संस्था संगठन आदि । यसलाई मुद्दाको निर्धारण प्रक्रिया भनिन्छ । यो नीति निर्माणको प्रथम चरण हो ।

दोस्रो चरण नीति निर्माण हो त्यो नीतिगत छलफलबाट तयार पारिन्छ । त्यसमा सबै सरोकारवालाहरू सहभागी हुनुपर्दछ । उनीहरूले विभिन्न विकल्पहरूमा छलफल गरी नीतिगत खाका तयार पार्दछन् । यो प्रक्रियामा वास्तविक रूपमा प्रभावित हुन सक्नेहरूलाई समावेश गराउनु महत्त्वपूर्ण र प्रभावकारी हुन्छ, जस्तै लक्षित समूहहरू उनीहरूलाई सहभागी हुने अवसर प्रदान गरिनु पर्दछ । तथापि व्यवहारमा नीति तर्जुमा त्यति व्यापक रूपमा नहुन सक्दछ ।

निश्चित चरणमा अधिकार प्राप्त व्यक्ति वा संस्थाले (जस्तै : संसद, नगरपालिका आदि) उपयुक्त विकल्पका बारेमा निर्णय गर्नु पर्दछ र औपचारिक रूपमा पारित गर्नुपर्दछ । एक पटक निर्णय गरी सकेपछि नीतिको कार्यान्वयन गरिनु पर्दछ । कार्यान्वयनको चरण तेस्रो चरण हो । नीतिको कार्यान्वयनलाई सम्भव बनाउनको लागि बजेट र स्रोतहरूको आवश्यकता पर्दछ ।

नीति कार्यान्वयन भएपश्चात त्यसले पारेको वास्तविक प्रभावलाई हेर्नको लागि मुल्याङ्कन गरिनु पर्दछ । मुल्याङ्कनको आधारमा नीतिहरूलाई परिमार्जित गर्दै नँया नीति चक्रको प्रारम्भ गरिन्छ ।

माथि उल्लेखित प्रक्रियालाई नीतिचक्र भनिन्छ । तथापि वर्णन गरे जस्तै रूपमा सधैं यही प्रक्रिया अपनाइँदैन । राजनैतिक तथा अन्य कारणहरू (जस्तै स्रोत साधनको अभाव) सरकारपक्षले जानेरै) ।

नीति चक्रमा केही चरणहरू छोड्न सक्छ । जस्तै : वृहत नीतिगत छलफल वा नीतिको मुल्याङ्कन गर्ने कार्य ।

नीति निर्माण प्रक्रियालाई नागरिक समाज, गैर सरकारी संस्था तथा महिला सङ्घ संस्थाहरूले प्रभाव पार्न सक्छन् । उक्त प्रक्रियामा प्रभाव पार्ने तरिका राज्यपिच्छे फरक फरक हुन्छ ।

**१.३ कार्यान्वयनको प्रमुख पक्ष को हो ?**

व्याख्या : वास्तविक रूपमा काममा खटिएका संस्था वा निकायहरू नै कार्यान्वयनका मुख्य पात्र हुन् । नीति तर्जुमा

तथा सुपरीवेक्षण गर्ने पात्रहरू र नीतिको कार्यान्वयन गर्ने प्रमुख पात्रहरू अन्योलमा रहनु हुँदैन । उदाहरणको लागि घरेलु हिंसाको विषयमा प्रहरीलाई दिइने तालिमको पाठ्यक्रम विकास र औपचारिक रूपमा स्वीकृति दिने जिम्मेवारी सरकारको हुन्छ भने तालिम दिने संस्थाहरू कार्यान्वयनका पक्ष हुन सक्छन् ।

कार्यान्वयनका जिम्मेवार पक्षहरूलाई स्पष्ट रूपमा पहिचान गर्न कठिन भएमा त्यसलाई नै निष्कर्षको रूपमा लिइनु पर्दछ । तथापि यो सूचना प्राप्त गर्नको लागि अझै पनि जिम्मेवार मन्त्रालय वा निकायमा सम्पर्क राख्न सकिन्छ ।

**पक्षहरूको चेकलिष्ट**

- सरकार (मन्त्रालय, विभाग, जिल्ला वा सरकारी संस्था जस्तै सरकारी अस्पताल अदालत, आवास आदि)
- निजी क्षेत्र, जस्तै क्लिनिक, आवास
- गैरसरकारी संस्था
- पेशागत सङ्घ संस्था
- तालिम केन्द्र
- अनुसन्धान केन्द्र
- अन्तर्राष्ट्रिय पक्षहरू
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्था
- दातृ संस्था
- अन्तर्राष्ट्रिय वित्तीय संस्था
- अन्य सम्बन्धित पक्षहरू

### १.४ अन्य प्रमुख सरोकारवालाहरू को को हुन् ? तपाईँको सम्भावित साझेदार र विपक्षीहरू को को हुन् ?

**व्याख्या** : माथिको प्रश्न नं. १.३ मा तपाईले एक प्रमुख सरोकारवालाको पहिचान गरिसक्नु भएको छ । यस प्रश्नमा अन्य सरोकारवालाहरू को को हुन् भनी सोधिएको छ । मुल्याङ्कनको तयारीको बेलामा नै सरोकारवालाहरूको नक्सांकन गरी सकिएको छ (अध्याय ४ मा हेर्नुहोस्) । त्यो नक्सांकनबाट आएको उपलब्धिलाई प्रश्नको उत्तर दिने क्रममा हेर्नुहोस् । सरोकारवालाको पुनरावलोकनबाट (समस्यालाई प्रभावित गर्न सक्ने तथा रुचि भएका) हाम्रो मुद्दामा सरोकार राख्ने सरोकारवालाको पहिचान गर्न सकिन्छ । यसबाट आफ्नो पक्ष वा र विपक्षमा रहेका सरोकारवालाको बारेमा स्पष्ट हुनेछ । यसरी पहिचान भएका पक्षहरूबाट थप सूचना उपलब्ध गराउनुका साथै अवस्थामा सुधार ल्याउन सहयोग पुग्दछ । परिवर्तनमा अवरोध पुऱ्याउने अधिकारसम्पन्न सरोकारवालाहरूको पनि पहिचान हुनेछ । लवि र पैरवीको क्रममा उनीहरूसम्म कसरी पुग्न सकिन्छ भन्ने कुरा सोच्नु महत्त्वपूर्ण हुन्छ ।

सातौं चरणमा कार्ययोजना बनाउने क्रममा सरोकारवालाको पदीय अवस्थालाई ध्यानमा राख्नु पर्दछ ।

### १.५ कानुन अथवा नीतिले प्रस्ट पारेका लक्ष्य तथा उद्देश्यहरू के के हुन् ?

**व्याख्या :** यसले औपचारिक रूपमा सुनिश्चित गरिएका उल्लेखित उद्देश्यहरू (उदाहरणार्थ महिला तथा बालबालिकाको सुरक्षा) सरकारले वास्तविक रूपमा गर्न चाहेको उपलब्धिभन्दा फरक हुन सक्छ जस्तैः (सार्वजनिक कानुन उल्लङ्घनको अन्त्य) । धेरैजसो सरकारी नीतिगत कागजातहरूले कानुन, नीति वा कदमको उद्देश्यहरूको बारेमा घोषणा गर्दछन् । कानुनका सम्बन्धमा कानुन आफैमा वा संसदका निर्णय तथा घोषणापत्रहरूमा उल्लेख गरिएका हुन्छन् । अन्य नीति तथा कदमका बारेमा निश्चित उद्देश्य पत्ता लगाउन गाह्रो हुन्छ । यसको लागि कहिलेकाहिं तपाईले राष्ट्रिय कार्य योजनालाई सन्दर्भको रूपमा लिन सक्नु हुनेछ । अन्य दृष्टान्तको रूपमा प्रेस विज्ञप्ती तथा आधिकारिक अन्तरवार्ताबाट उद्देश्यबारे सूचना प्राप्त गर्न सकिन्छ । नीतिको उद्देश्यबारे स्पष्टता प्राप्तिको लागि आधिकारिक व्यक्ति वा समूहसँग अन्तरवार्ता लिनु पर्दछ । प्रारम्भिक समयदेखि औपचारिक आधिकारिक उद्देश्य र वास्तविक नतिजाबीचको अन्तरविरोधको बारेमा जानकारी लिन यो सूचना आधिकारिक रूपमा प्रयोग गर्न सक्नु हुन्छ ।

### १.६ कानुन अथवा नीतिका के अन्य अघोषित उद्देश्यहरू छन् ?

**व्याख्या :** कानुन अथवा नीतिका औपचारिक उद्देश्यहरू पछाडि अन्य अघोषित उद्देश्यहरू/चाहनाहरू हुन सक्छन् । कहिलेकाहिं यो खुल्ला हुन्छ भने कहिलेकाहिं खुलस्त हुँदैन । अन्य उद्देश्यहरूले के भूमिका निर्वाह गर्न सक्छन् भन्ने पत्ता लगाउन नीति निर्माण गर्न कसले पहल गऱ्यो र त्यसले अरुलाई के फाइदा पुऱ्याउँछ तथा त्यो सरकारका र विशेष राजनीतिक पार्टीहरूका साधारण मुद्दामा कसरी समेटिन सक्दछ भन्ने बारे बुझ्नु पर्दछ । सरकार वा अन्य राष्ट्रिय/स्थानीय निकाय र विभिन्न सरोकारवालाको इच्छा र चाहना फरक हुन्छ भन्ने कुरामा होस् पुऱ्याउनु पर्दछ ।

### १.७ नीति तथा कानुन कार्यान्वयनका लागि के विशेष कार्यक्रमहरू छन् ? ती कार्यक्रमका लागि को जिम्मेवार हुन्छ ?

**व्याख्या :** प्रायजसो विशेष कार्यक्रमहरूले बेला बेलामा नीति तथा कानुनको बारेमा जानकारी दिईरहेका हुन्छन् । तिनले कानुन तथा नीति कसरी कार्यान्वयन गर्न सकिन्छ, कुन कामको लागि को जिम्मेवार रहन्छ र कस्ता मानव तथा आर्थिक स्रोतसाधन विनियोजन गरिएका छन् भन्ने किटान गर्दछन् ।

### १.८ के नीति तथा कानुन कार्यान्वयनलाई निर्देशित गर्न नियम तथा आलेखहरूको व्यवस्था छ ? के त्यसमा अन्य विवरणहरू समावेश गरिएको छ ?

**व्याख्या :** उदाहरणको लागि यौनिक हिंसा नियन्त्रणको लागि प्रहरीसँग भएको निर्देशिकालाई आलेख तथा नियमको रूपमा लिन सकिन्छ । पीडित पक्षको चाहनाविपरीत यौनिक हिंसाको पक्षमा मुद्दा अगाडि नबढाइने कुरा डच पुलिसको निर्देशिकामा व्यवस्था गरिएको छ । यो नियम पीडितको स्वाभिमान रक्षाको लागि हो तर क्रूर यौनिक हिंसाको अवस्थामा अथवा पीडकमाथि अत्यन्त निर्भर पीडितको हकमा पीडितको इच्छाविपरीत समेत न्यायिक कदम चाल्ने कानुनी व्यवस्था डच पुलिसको निर्देशिकामा सुनिश्चित गरिएको छ ।

## नीतिबाट प्रभावित समूहहरू कुन कुन हुन् ?

### १.९ नीति तथा कानुनले कस्ता समूहलाई लक्षित गरेका छन् ?

**व्याख्या :** साधारणतया, नीति तथा कानुनका लक्षित विशेष समूहरू ती हुन् जहाँ सरकार पुग्न चाहन्छ । नीति तथा कानुनले लक्षित गरेका प्रभावित समूहहरू एकै अथवा कानुन वा नीतिले औपचारिक रूपमा लक्षित गरेका समूहभन्दा भिन्न हुन सक्दछन् ।

उदाहरणको लागि : चीनमा घरेलु हिंसाको रोकथाम गर्नु प्रहरीको कर्तव्य हो । तथापि चिनिया नियमअनुसार वैवाहिक सम्बन्धभित्र मात्र घरेलु हिंसा हुन्छ ।

### १.१० व्यवहारमा कस्ता समूहहरू प्रभावित हुन्छन् ? (सकारात्मक तथा नकारात्मक रूपमा)

**व्याख्या :** प्रश्न १.९ मा उल्लेख भए अनुसार प्रस्तावित लक्षित समूह र नीति तथा कानुनबाट प्रभावित समूहहरू एकै वा फरक हुन सक्दछन् ।

सीमान्तीकरण नियतवश गरिएको हो या नचाहँदा नचाहँदै गरिएको हो भन्ने विषयमा सचेत हुनु राम्रो हुन्छ । उदाहरणार्थ नीति तथा कानुनले पारिवारिक सदस्यलाई सुरक्षा प्रदान गर्छ न कि घरेलु कामदारलाई ।

यो मुद्दालाई चीनबाट प्राप्त घटनाले प्रकाश पारेको छ । घरेलु हिंसाको नियमले वैवाहिक सम्बन्धको हिंसालाई मात्र समेट्छ तर मिल्ने साथीसँगको सम्बन्धमा, केटा साथी वा केटी साथीसँग सम्बन्ध र समलिङ्गीहरूबीचको हिंसालाई समेटेको छैन । घरेलु हिंसाबाट प्रभावित त्यस्ता समूहलाई नीति तथा कानुनले सुरक्षा प्रदान गरेको छैन ।

एउटा नीति तथा कानुनले महिलाका विभिन्न समूहलाई फरक तरिकाले प्रभाव पारेको हुन्छ । सेवाको केन्द्रीकरण शहरमा हुँदा शहरमा बसोबास गरेका महिलाहरूलाई फाइदा हुन्छ भने ग्रामीण महिलाहरूलाई नकारात्मक रूपले प्रभाव पारेको हुन्छ । किनभने त्यहाँ सेवाहरू प्राप्त हुँदैनन् वा बन्द भएका हुन्छन् ।

नीति तथा कानुनको सकारात्मक प्रभावबाट कसरी जोखिममा रहेका एवम् पिछडिएका समूह विमुख छन् र नकारात्मक प्रभाव झेलिरहेका छन् भन्ने कुरालाई ध्यान दिनुहोस् । तिनीहरूलाई अधिकार र सेवा सुविधाको पहुँचमा धेरै कम अवसरहरू उपलब्ध छन् ।

### १.११ के नीति तथा कानुनले कुनै प्रभावित समूहलाई विभेदपूर्ण प्रभाव परेको छ ?

**व्याख्या :** तपाईले प्रभावित समूहको पहिचान गर्नु भएको छ । अविभेद मानव अधिकारको एक महत्वपूर्ण सिद्धान्त हो । विशेष रूपमा प्रभावित समूहमाथि वा प्रभावित समूहहरूकोबीचमा कुनै विभेदले प्रभाव पारेको छ कि छैन पहिचान गर्नुहोस् । तपाई पुनः पाँचौ र छैटौ चरणमा विभेदको मुद्दा पुनरावलोकन गर्न पुग्नु हुनेछ ।

### १.१२ प्रभावित समूहहरूले नीति र समस्यालाई कसरी ग्रहण गर्दछन् ?

**व्याख्या :** नीतिबाट प्रभावित भएका समूहहरूको अनुभवलाई समावेश गराउनु महत्त्वपूर्ण हुन्छ । यस्ता समूहलाई आफ्नो समूहमा सहभागी गराएमा ठूलो समुदायसँग सम्पर्क राख्न सहज हुन्छ । यदि प्रभावित समूहलाई मुल्याङ्कन समूहमा सहभागी गराइएको छैन भने तुरुन्तै गराइहाल्नु पर्दछ । यस मुल्याङ्कनमा प्रभावित समूहहरूको जीवन्त अनुभव र ज्ञानलाई समेटनु आवश्यक हुन्छ र साथै उनीहरूको क्षमता अभिवृद्धि र अधिकारको माग गर्नको लागि आवश्यक सूचनाहरू आदानप्रदान गराउनु पर्दछ ।

प्रभावित समूहको धारणा र सरोकारका विषयहरू पत्ता लगाउने धेरै उपायहरू छन् । त्यसका लागि बैठकको आयोजना, परामर्श कार्यक्रम, अन्तरवार्ता र प्रश्नावलीको साथै धारणा, रुचि र अनुभवहरू उल्लेख भएका कागजपत्रहरूको खोजी गर्नु पर्दछ । प्रभावितहरूलाई सिधै सम्पर्क गर्न असहज भएमा उनीहरूसँग सम्पर्कमा रहेका गैंरसरकारी संस्था तथा ग्रामीण संस्थासँग सम्पर्क राख्न सकिन्छ ।

सबै समूह र समूहका सबै व्यक्तिहरू एकै प्रकारले प्रभावित न भएको हुन सक्छन् र सबैको एकै खाले धारणा न हुन सक्छ । यस किसिमको भिन्नतालाई मुल्याङ्कन प्रक्रियामा प्रतिनिधित्व गराई विश्लेषण र समावेश गर्नु पर्दछ । अवस्था हेरी उनीहरूसँग निम्न प्रश्नहरूमा छलफल गर्नुपर्ने हुन सक्छ ।

- नीतिको बारेमा उनीहरूलाई के थाहा छ ? उनीहरूले पर्याप्त सूचना पाएका छन् कि छैनन् ?
- उनीहरू नीतिको निर्माण, कार्यान्वयन र मुल्याङ्कन प्रक्रियामा सहभागी भएका थिए कि थिएनन् ?
- उनीहरूले नीतिका सकारात्मक वा नकारात्मक कस्ता प्रभावहरूको अनुभव गरेका छन् ? उनीहरूलाई नीतिले कस्तो परिणाम दिएको छ ?
- कस्ता कस्ता असरहरूलाई उनीहरूले सबैभन्दा समस्यामूलक अथवा सबैभन्दा सकारात्मक भनेर निश्चित गरेका छन् ?
- उनीहरूले नकारात्मक धारणालाई निवारण गर्नको लागि कस्तो समाधान प्रस्तावित गरेका छन् ?
- उनीहरू कस्तो परिवर्तन चाहन्छन् ?
- उनीहरू सरकार र जिम्मेवार निकायहरूबाट के अपेक्षा राख्दछन् ?

**नोट :** व्यवहारमा प्रभावितहरूलाई कस्तो असर पर्दछ भन्ने प्रश्नमा चरण ५ मा अझ गहिरिएर जानेछौं भन्ने कुरालाई ध्यानमा राख्नु होला । मुल्याङ्कनको यो मागका लागि निकै समय र मेहनत लाग्ने छ । त्यसैले चरण ५ को योजना सुरु गरिहाल्नुहोस् । त्यसका लागि चरण ५ लाई अध्ययन र आवश्यक अनुसन्धानको निर्क्यौल गर्नुहोस् ।

प्रभावित समूहहरूसँग छलफल वा त्यसको योजना गर्ने क्रममा समेत मुल्याङ्कनका अन्य प्रश्नहरूको उत्तर दिन सकिन्छ ।

### १.१३ समस्या, कानुन अथवा नीतिले के कस्ता मानव अधिकारहरूलाई प्रभावित पार्न सक्छन् ?

**व्याख्या :** घरेलु हिंसाको पीडित हुँदा धेरै मानव अधिकारहरू प्रभावित भएका हुन्छन् । मुल्याङ्कनको लागि छानिएको समस्याको आधारमा धेरै विशेष मानव अधिकारहरू प्रभावित भएको हुन सक्छन् । मुल्याङ्कन गर्न लागिएका कानुन र नीतिमा परेका अधिकारहरूको पहिला मुल्याङ्कन खेस्रा तयार पार्नुपर्छ । प्रभावितहरूका अधिकारहरूको बारेमा पछि मुल्याङ्कनको समयमा फेरि हेरिने छ र लिष्टमा परेका अधिकारहरूमा थपघट गर्न सकिनेछ । विस्तृत जानकारीको लागि अनुसूची २ हेर्नुहोला ।

सम्बन्धित मानव अधिकारको चेकलिष्ट

- जीवनको अधिकार
- अविभेदको अधिकार
- शारीरिक र मानसिक सम्पूर्णताको अधिकार
- व्यक्तिको सुरक्षाको अधिकार
- अमानवीय, क्रूर व्यवहार र यातनाविरुद्धको अधिकार
- स्पष्ट विचार राख्न पाउने अधिकार
- न्यायमा समान पहुँचको अधिकार
- सम्पत्तिको अधिकार
- गोपनीयताको अधिकार
- आवासको अधिकार
- शिक्षाको अधिकार
- खाद्य अधिकार
- स्वास्थ्य र स्वास्थ्य सुरक्षाको अधिकार

### १.१४ के नीतिले प्रभावित पीडितको स्वायत्त अधिकारलाई प्रभाव पार्छ ?

**व्याख्या :** पीडितले जाहेरी दिन पनि सक्ने र नदिन पनि सक्ने वा जाहेरी फिर्ता पनि लिन सक्ने अवस्था नै घरेलु हिंसा रोकथाममा सबैलाई थाहा भएको सबैभन्दा ठूलो चुनौती हो । त्यसैले केही कानुन र नीतिहरूमा भएका नियमहरूले हिंसाबाट पीडितहरूको स्वायत्ततालाई कमजोर पार्दछ । (प्रश्न १.८ मा उदाहरणलाई पनि हेर्नुहोस्) ।

मानिसहरूले हिंसालाई फरक फरक तरिकाले अनुभव गरेका हुन्छन् र त्यसबाट अगाडि बढ्न फरक फरक रणनीतिक स्वायत्तता मानव अधिकारको एक महत्वपूर्ण मुद्दा हो । नीति र कानुनहरूले पीडित/प्रभावितको स्वायत्ततालाई नकारात्मक प्रभाव वा कमजोर पार्नु हुँदैन ।

**निष्कर्ष**

यस चरणको निष्कर्षमा प्रमुख प्रश्नहरूको आधारमा मुख्य परिणामलाई संक्षिप्त रूपमा राख्नुहोस् । विश्लेषणको केन्द्रलाई स्पष्ट रूपमा प्रस्तुत गर्नुहोस् । यसले आउँदा चरणहरूमा केन्द्रित हुन सहयोग गर्नेछ । नीतिका औपचारिक अघोषित उद्देश्यहरू, त्यसलाई कार्यान्वयन गर्ने प्रमुख पक्ष र सरोकारवाला र प्रभावित समूहको बारेमा टिप्पणी लेख्नुहोस् । प्रभावित समूहहरूका धारणा र सरोकारहरू र नीतिले प्रभावित गर्ने अधिकारहरूको बारेमा वर्णन गर्नुहोस् । सबै चरणका परिणामहरूको संक्षिप्त लेखनले नीतिका प्रभावहरूको विश्लेषण गर्ने छ सहयोग गर्नेछ ।

## चरण २
## सरकारका प्रतिवद्धताहरू

### उद्देश्य

चरण २ मा उत्तर दिनुपर्ने मुख्य प्रश्न हो : सरकारले कस्ता प्रतिवद्धताहरू जाहेर गरेको छ ? यस समस्यासँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौताहरू, नीतिहरू र विश्लेषण गर्न खोजिएको कानुन वा नीतिलाई समेट्न सकिन्छ। यसले मानव अधिकार सन्धि जस्ता कानुनबद्ध सम्झौताहरू र सहश्राब्दी विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय नीतिका दस्तावेजहरू दुवैलाई समेट्छ। यसका अलावा सरकारले घरेलु हिंसाका सम्बन्धमा व्यक्त गरेका राष्ट्रिय प्रतिवद्धताहरूलाई हेर्न सकिन्छ।

सरकारका प्रतिबद्धताहरूको विश्लेषणको मुख्य उद्देश्य नीति र कानुनमा भएका सकारात्मक प्रभाव र सम्भावित नकारात्मक प्रभावमा सरकारलाई जवाफदेही बनाउन प्रयोग गर्न सकिने मापदण्ड (स्ट्याण्डड) को पहिचान गर्नु हो । आफ्ना मागहरू निर्माणका लागि विशेष प्रतिवद्धताहरूमा केन्द्रित हुनु पर्दछ।

### सरकारका प्रतिवद्धताका मानव अधिकार पक्षहरू

मानव अधिकार सन्धि अनुमोदन गरी राज्यहरूले गरेका प्रतिवद्धताहरूलाई राष्ट्रिय स्तरमा परिवर्तन गर्नु आवश्यक हुन्छ। घरेलु हिंसा मानव अधिकारको उल्लंङ्घन हो भनी राज्यले पहिचान गर्नुपर्छ। विभेदकारी प्रभाव पार्ने कुनै पनि कानुन र कदमलाई त्यागिनु पर्छ। अन्तर्राष्ट्रिय सम्बन्धमा आर्थिक कारोबार, तथा साझेदारी विकासका कार्यहरूमा एक राज्यले अर्को राज्यका नागरिकका मानव अधिकारको सम्मान गर्नुपर्छ। साथै एक आपसमा कानुनी र राजनैतिक माध्यमबाट मानव अधिकार सुनिश्चितताको लागि प्रोत्साहन गर्नुपर्छ।

### सन्धिहरू

व्यावहारिक रूपमा सबै राज्यहरू महिला मानव अधिकारको सुनिश्चितताको लागि विद्यमान अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूबाट बाँधिएका हुन्छन् । सिडोभन्दा बाहेक अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकार सन्धिहरूलाई पनि यस मुल्याङ्कनमा केन्द्रित गर्नु सान्दर्भिक हुन्छ । राज्यले अनुमोदन गरेपछि सन्धिको कार्यान्वयन कानुनीरूपमा बन्धनकारी हुन्छ । (अध्याय ३ मा पनि हेर्नुहोस्) । तल राज्यले अनुमोदन गरेका सान्दर्भिक सन्धिहरूको मापन गरिनेछ। राज्यले सान्दर्भिक सन्धिको अनुमोदन गरेको छैन भने राज्यलाई जवाफदेही बनाउन निकै कठिन हुन्छ । त्यसको अर्थ हो हामीले हाम्रो कार्यलाई सान्दर्भिक सन्धिहरू अनुमोदन गराउन लवी गर्नमा केन्द्रित गर्नु पर्ने हुन सक्दछ।

### अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरू

अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरू अथवा सहमति पत्रहरू त्यस्ता दस्तावेज हुन् जसलाई अन्तर्राष्ट्रिय बैठक तथा वार्ताहरूमा स्वीकार गरिएको हुन्छ । (अध्याय ३ मा पनि हेर्नुहोस्) । तिनीहरू कानुनीरूपमा बाध्यकारी नभएतापनि राजनैतिक सहमतिको आधारमा निर्माण गरिएकाले तिनीहरूको पालना गर्नु राज्यको नैतिक दायित्व हुन्छ। ती राजनैतिकरूपमा बाध्यकारी हुन्छन्। उदाहरणार्थः वेइजिङ प्लेटफर्म फर एक्सन र सहश्राब्दी विकास लक्ष्य।

### राष्ट्रिय कानुनी खाका

राष्ट्रिय कानुन र नीतिहरूको तर्जुमामार्फत राज्य र सरकारहरूले प्रतिबद्धता व्यक्त गर्दछन्। राष्ट्रिय कानुन अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व र अन्तर्राष्ट्रिय नीतिगत प्रतिबद्धतासँग मेल खाने हुनुपर्छ।

#### सुझाव

विद्यमान थुप्रै सन्धि र अन्तर्राष्ट्रिय नीतिका अभिलेखहरूले सजिलै अत्याउन सक्छन् । त्यसैले आफ्नो विश्लेषण सम्बन्धित कानुन र नीतिमा मात्र केन्द्रित रहेर गर्नु पर्दछ। मुल्याङ्कनको एउटा ठोस आधार बनिसकेको हुन्छ। तर आवश्यकता अनुसार अझै भित्री रूपमा गहिरिएर हेर्नलाई कहिलेकाहिँ पछाडि फर्केर पनि हेर्नुपर्ने हुन्छ।

### मुख्य प्रश्नहरू

- कुन कुन सन्धिहरू र अन्तर्राष्ट्रिय नीतिहरू सान्दर्भिक छन् ?
- घरेलु हिंसा र महिलामाथिको हिंसाबारे राष्ट्रिय व्यवस्थापिकाले के भन्छ ?
- के घरेलु हिंसा र महिलामाथिको हिंसाको बारेमा राज्यसँग राष्ट्रिय रणनीति छ ? के राज्यसँग अन्य सम्बन्धित राष्ट्रिय नीतिहरू छन् ?

### सूचना कहाँबाट प्राप्त गर्ने

- www.humanrightsimpact.org
- www.ohchr.org
- नागरिक आचारसंहिता र कानुनी लिखतहरू
- राष्ट्रिय योजना जस्तैः (पञ्च वर्षीय योजना)
- राष्ट्रिय बजेट
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरू तथा प्रतिवेदनहरू
- स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय सरकारबाट बनाइएका वेवसाईटहरू

## कुन कुन सन्धि र अन्तर्राष्ट्रिय नीतिहरू सान्दर्भिक छन् ?

### २.१ तपाईको राज्यले कुन चाहिं सान्दर्भिक अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन गरेको छ ?

**व्याख्या :** यसको उत्तरको लागि १.१३ को प्रश्न, उत्तर र अनुसूची २ मा हेर्नुहोला । तपाईले डोभाको समस्या र केन्द्रबिन्दुबारे मुल्याङ्कनमा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि र समस्याको पहिचान गर्न चाहनु हुनेछ ।

सान्दर्भिक मानवअधिकार सन्धिको पहिचान गरिसकेपछि ती सन्धिहरूको अनुमोदन गर्न राज्यलाई कानुनीरूपमा बन्धनकारी दायित्व सिर्जना गर्छ । अनुमोदनले राज्यमाथि यो चरणको परिचयमा नै यी सूचनाहरू कहाँ पाइन्छन् भनी जानकारी दिइएको छ । मुल्याङ्कनको यस भागमा सान्दर्भिक सन्धिहरूको मापन गरिनु पर्दछ । आवश्यकता परेको खण्डमा अन्य सन्धिहरूको बारेमा पनि पछाडि गएर हेर्न सकिन्छ ।

### २.२ कुनै हदम्याद आरक्षण अथवा सीमितताका व्यवस्था गरिएको छ ?

**व्याख्या :** अन्तर्राष्ट्रिय कानुनको अधिनमा रही सन्धि सम्झौतामा हस्ताक्षर गर्नुपूर्व राज्यलाई एक वा सोभन्दा बढी आरक्षणको व्यवस्था गर्न स्वीकृति प्रदान गरिएको छ । परिचयमा तपाईले थप सूचना पाउन सक्नुहुन्छ ।

केही निश्चित अवस्थामा मात्र आरक्षणको व्यवस्था गर्न पाइन्छ । सरकारले गरेको आरक्षण तथा हिंसाको व्यवस्थाबारे बोध हुन्छ, हुँदैन भन्ने कुरामा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । उदाहरणको लागि इजिप्टले सिडको दफा २ मा साधारण आरक्षणको व्यवस्था गरेको छ । उक्त दफाका विषयवस्तुहरू इस्लामिक सहरियासँग प्रतिकूल नभएमा अरब गणतन्त्र इजिप्टले सहमति दिन इच्छुक छ । महासन्धिको उद्देश्य तथा प्रयोजनसँग मेल नखाएका आरक्षण, घोषणा तथा सीमितताको विषयमा थप जानकारीका लागि पछाडिको शब्दावलीमा हेर्नुहोस् ।

### २.३ तपाईको देशले कुन कुन क्षेत्रीय (मानवअधिकार) सन्धिहरूमा हस्ताक्षर गरेको छ ? के कुनै प्रकारको सीमितता तथा आरक्षणको व्यवस्था गरेको छ ?

**व्याख्या :** महिला मानवअधिकार कार्यान्वयन गर्न क्षेत्रीय सन्धिहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । क्षेत्रीय आयोग तथा अदालतहरूले कानुन सम्मत निर्णय लिन सक्ने भएकोले अधिकांश क्षेत्रीय सन्धिहरूको अनुगमन गरेका हुन्छन् । (अध्याय ३ मा हेर्नुहोस्) । डोभाको समस्या विश्लेषण गर्न कुन क्षेत्रीय मानवअधिकारको सन्धि मिल्दोजुल्दो छ पहिचान गर्नुहोस् । तपाईको देशले अनुमोदित सन्धिमा आरक्षणको व्यवस्था गरेको छ वा छैन भन्ने विषयमा ध्यान दिनुहोस् ।

अनुसूची २ मा उल्लेखित सन्धिहरूबाहेक घरेलु हिंसा तथा नीतिसँग सम्बन्धित अन्य क्षेत्रीय, बहुपक्षीय एवम् द्विपक्षीय सन्धिहरू अथवा सामग्रीहरूको बारेमा जानकारी हुनु आवश्यक छ ।

### २.४ तपाईको देशले कस्ता अन्तर्राष्ट्रिय नीति तथा स्वीकृत अभिलेखलाई सहयोग गर्छ ?

**व्याख्या :** चेकलिष्टमा उल्लेखित अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरू घरेलु हिंसासँग सम्बन्धित छन् । (अध्याय ३ मा हेर्नुहोस्) । के देशले अन्तर्राष्ट्रिय नीतिगत अभिलेखलाई सहयोग गरेको छ राज्य अन्तर्राष्ट्रिय संगठन वा अंगको सदस्य छ, जसले त्यसलाई ग्रहण गरेको छ । जस्तै सम्भवत: तपाईको राज्य संयुक्त राष्ट्र सङ्घको सदस्य छ र संयुक्त राष्ट्र सङ्घको साधारण सभाको प्रस्ताव पारित गर्ने पक्ष हो अथवा अन्य तरिकाबाट बचनवद्ध छ । जस्तै सञ्चार माध्यमबाट प्रतिवद्धताको घोषणा गरेको छ वा औपचारिक कागजातको माध्यमबाट प्रस्तुत गरेको छ ।

क्षेत्रीय तहमा अन्तर्राष्ट्रिय नीतिगत अभिलेखको निष्कर्ष निकालिएको हुन्छ । क्षेत्रीय घोषणा पत्रहरू, घरेलु हिंसा, तथा नीतिगत सामग्रीहरू र क्षेत्रीय सन्दर्भको बारेमा पनि तपाई जानकार हुनुहोला । यी कुराहरूलाई आफ्नो उत्तरमा समावेश गर्नुहोस् ।

सम्बन्धित अन्तर्राष्ट्रिय नीतिगत अभिलेखहरूको सूची

- वेइजिङ घोषणापत्र तथा कार्य सिद्धान्त, महिला विश्व सम्मेलन वेइजिङ चाइना १९९५, वेइजिङ आइएलओ र वेइजिङ्ग +१५
- सहस्राव्दी विकास लक्ष्य (गरिबी, शिक्षा, बाल स्वास्थ्य, महिला मृत्युदर, एच. आइ. भी. ⁄एड्सको क्षेत्रमा)
- महिलाको स्थितिमा संयुक्त राष्ट्र आयोगको निष्कर्ष
- संयुक्त राष्ट्र सङ्घको साधारण सुझाव तथा घोषणा पत्र
- क्षेत्रीय घोषणा पत्र तथा सुझावहरू ।

## महिला हिंसा तथा घरेलु हिंसाको बारेमा राष्ट्रिय कानुनमा के उल्लेख गरिएको छ ?

### राष्ट्रिय कानुनको ढाँचा

राष्ट्रिय कानुन तथा नीतिमार्फत राज्य तथा सरकार प्रतिवद्ध हुन्छ । यो प्रतिवद्धता अन्तर्राष्ट्रिय मानव अधिकारको दायित्व तथा अन्तर्राष्ट्रिय नीतिगत प्रतिवद्धतासरह हुन्छ ।

**सूचना कहाबाट प्राप्त गर्न सकिन्छ ?**

माथिका प्रश्नको उत्तर दिएर सूचना प्राप्त गर्न सकिन्छ ।

- संविधान
- कानुनी तथ्याङ्क
- स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय सरकारको वेवसाइट
- कानुनी व्यक्ति विशेषबाट कुनै विशिष्ट विषयमा उपयुक्त सल्लाह लिएर राष्ट्रिय सूचना प्रणालीको दायराभित्र रहेर ।

### २.५ महिला हिंसा तथा घरेलु हिंसाको बारेमा संविधान अथवा अन्य राष्ट्रिय कानुनमा के उल्लेख गरेको छ ?

**व्याख्या :** संविधानमा महिलामाथिको हिंसा वा घरेलु हिंसाको विषयमा विशेष कानुनी व्यवस्थामा महिलामाथिको हिंसालाई साधारणतया निषेधित गरिएको छ कि पहिचान गर्नुहोस् ।

### २.६ के संविधान तथा राष्ट्रिय कानुनले महिलामाथिको भेदभावलाई निषेध गरेको छ ?

**व्याख्या :** संविधानले महिला पुरुषको समानतासम्बन्धी विशेष कानुनले लिङ्गको आधारमा हुने भेदभावलाई निषेध गरेको हुन सक्छ । महिला समानताको संवैधानिक सुनिश्चिततालाई संयुक्त राष्ट्र सङ्घका महिलामाथिको हिंसाका विशेष प्रतिवेदकले महिलामाथि हुने हिंसाको अन्त्यका लागि राज्यले गरिरहेको कामको एक सूचकको रूपमा हेर्छन् । त्यस्तो संवैधानिक सुनिश्चितताको व्यवस्था छ भने त्यस्तो सूचनालाई चरण ६ मा छानिएको समस्या कानुन तथा नीतिको प्रभाव मुल्याङ्कनमा प्रयोग गर्न सकिन्छ ।

घरेलु हिंसाको अन्त्य गर्ने दायित्व निर्वाह गर्नको लागि राज्यले विभेदकारी कानुनको अन्त्य गर्नुपर्छ भन्ने कुरालाई महिलामाथि हिंसाका विशेष प्रतिवेदकको प्रतिवेदनमा उल्लेख छ ।

## २.७ विद्यमान नीतिको सम्बन्धमा के स्थानीय प्रथा अथवा धार्मिक कानुनले महिलाको अधिकारमा प्रभाव पारेको छ ?

**व्याख्या :** स्थानीय प्रथा अथवा धार्मिक कानुनहरू तथा नियमहरू लिखित तथा अलिखित हुन्छन् भन्ने कुरा ध्यानमा राख्नुपर्छ । यसलाई राष्ट्रिय सरकारले औपचारिक रूपमा मान्यता नदिए पनि ती प्रभावकारी रहेका हुन सक्दछन् ।

यसमा जिम्बावेको उदाहरण लिन सकिन्छ । संविधानको धारा २३ ले धर्म र लिङ्गको आधारमा गरिने विभेदलाई निषेध गरेको छ । तथापि, त्यहाँ महिलालाई विभेद तथा अमानवीय तथा घृणित व्यवहार गरी महिलाको संवैधानिक सुरक्षाको अन्त्य गर्ने केही अर्ध स्वसासित सामाजिक क्षेत्रहरू छन् । केही इशाई धर्महरूमा बालिकाहरूलाई चर्चका प्रौढ मान्छेसँग विवाह गरिदिन्छन् । यसको साथै अफ्रिकन धार्मिक परम्परामा कुनै हत्या गरिएको व्यक्तिको आत्माको शान्तिको लागि कन्या (बालिका)को प्रयोग गरिन्छ । त्यस्तो कन्या (बालिका) लाई हत्या गरिएको व्यक्तिको परिवारमा विवाह गरिदिन्छन् र मृतकको नाम ती कन्याबाट जन्मेको बच्चालाई राखिदिन्छन् । जिम्बावेको ग्रामीण इलाकाहरूमा यो हालसम्म पनि प्रचलनमा छ । संविधानले घरेलु हिंसामा प्रतिबन्ध लगाएको छ ।

संयुक्त राष्ट्र सङ्घको महिलामाथि हुने हिंसा अन्त्यसम्बन्धी घोषणापत्र साधारणसभाको प्रस्तावना नं. ४८/१०४ अनुसार महिलामाथि हुने हिंसाको अन्त्य गर्ने राज्यको दायित्वलाई प्रथा, परम्परा र धर्मको आडमा रोक्न हुँदैन । यसप्रकारका बहसहरू राज्यमा हुन्छन् भने त्यसबाट राज्य पूर्णरूपमा घरेलु हिंसा तथा अन्य प्रकारका महिला हिंसाको अन्त्यको लागि प्रतिवद्ध छैन भन्ने सूचक प्राप्त हुन्छ ।

यदि स्थानीय प्रथा, धर्म र कानुनले पीडितको अधिकारको हनन् गर्छ भने राज्यले घरेलु हिंसाको अन्त्यको दायित्व निर्वाह गर्न सरकारलाई कार्यान्वयनको निर्देशन दिन्छ । (अध्याय ३ मा हेर्नुहोस्)

के सरकारसँग महिलामाथि हुने हिंसाको अन्त्य र घरेलु हिंसाको अन्त्यको राष्ट्रिय रणनीति छ ? के सरकारसँग सम्बन्धित अन्य राष्ट्रिय नीतिहरू छन् ?

## २.८ के सरकारसँग घरेलु हिंसासम्बन्धी राष्ट्रिय रणनीति छ ? यदि छ भने त्यसमा स्पष्ट लैङ्गिक दृष्टिकोण छ ?

**व्याख्या :** महिलामाथि हुने हिंसाको सम्बन्धमा रोकथाम र कारवाही गर्ने उद्देश्यसहितका योजनाहरू विस्तृत राष्ट्रिय रणनीतिमा समावेश गरिनु पर्दछ र सम्पूर्ण महिलाको उच्च गुणस्तरीय सेवा सुविधामा विश्वव्यापी पहुँच सुनिश्चित गर्नु पर्दछ ।

महिलामाथि हुने हिंसाको विशेष प्रतिवेदकले राष्ट्रिय कार्ययोजना र रणनीतिको क्षमता मुल्याङ्कन गर्नको लागि सूचकहरूको पहिचान गरेका छन् । त्यसले केन्द्रित समस्याको अवस्था मुल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ ।

### राष्ट्रिय कार्य योजनाको चेकलिष्ट

महिलामाथिको हिंसाका विशेष प्रतिवेदकको प्रतिवेदनअनुसार महिलामाथिको हिंसा र राज्यको जिम्मेवारीका सूचकहरू

- कार्ययोजना/महिलामाथि हुने हिंसाको बलियो प्रमाण र त्यसको कार्यान्वयनको लागि राजनैतिक इच्छाको कार्यकारी नीति, बजेट, समय सीमा र स्पष्ट जिम्मेवारी ।
- कार्यान्वयनको लागि कार्ययोजनामा पर्याप्त स्रोतहरू ।
- कार्ययोजनामा स्पष्ट लैङ्गिक विश्लेषण
- महिला हिंसासम्बन्धी अधिकार प्राप्त बाहिरी निकायबाट कार्ययोजनाको अनुगमन हुनु ।
- कार्ययोजनामा स्पष्ट समय तालिका र लक्ष्य हुनुपर्ने[२६]

26 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19

- महिलामाथि हुने हिंसाको नीतिमा उच्च स्तरीय मन्त्रालयहरूको आन्तरिक संयोजन हुनुपर्ने
- लैङ्गिक समानताको नीति कार्यान्वयनको लागि महिलाहरूको राष्ट्रिय संयन्त्रहरू हुनुपर्ने ।

### २.९ समस्याको विश्लेषणको क्रममा अन्य सम्बन्धित राष्ट्रिय नीतिहरू के के छन् ?

**व्याख्या :** यसले कानुनका कार्यन्वयन तथा सेवा व्यवस्थाका साथै अन्य प्रकारका सान्दर्भिक नीतिहरूलाई समेट्छ । यसलाई संक्षिप्त पुनरावलोकनमा नै विचार पुऱ्याई सकिएको छ । यदि त्यसो हो भने त्यसमा आएका उत्तरहरूसँग सहमत हुनुहुन्छ कि अन्य थप नीतिहरूलाई मुल्याङ्कनमा राखिनुपर्छ भन्ने कुरा जाँच्नु पर्दछ ।

**निष्कर्ष**

निष्कर्षको रूपमा प्रश्नहरूको सहयोगले प्राप्त मुख्य परिणामलाई संक्षिप्त रूपमा लेख्नुहोस् । यसमा सरकारले हिंसासम्बन्धी गरेका प्रतिवद्धताहरूका बारेमा जानकारी दिइन्छ ।

## चरण ३
## सामाजिक र राजनैतिक अवस्था

### उद्देश्य

तेस्रो चरणमा हामी सान्दर्भिक राजनैतिक, सांस्कृतिक, धार्मिक र सामाजिक कारक तत्त्वहरूको सन्दर्भमा राज्यले चालेको कदमलाई विश्लेषण गर्नेछौं । दातृ संस्था र अन्य अन्तर्राष्ट्रिय सम्बन्धले पारेका प्रभावको बारेमा पनि विश्लेषण गर्न सकिन्छ । यो सूचनाबाट सरकारले काम गर्ने सन्दर्भबारे स्पष्ट रूपमा थाहा पाउन सकिन्छ र त्यसले चरण ७ मा सत्यतथ्यमा आधारित सुझाव र मागहरूको निर्माण गर्न सहयोग गर्नेछ ।

### मानव अधिकारको दृष्टिकोणबाट सरकारको कार्यान्वयन क्षमता

सरकारको कार्यान्वयन क्षमतालाई सीमित गर्ने केही तत्त्वहरू छन्, जस्तै सामाजिक, सांस्कृतिक कारक तत्त्वहरू अथवा धार्मिक, सामाजिक सांस्कृतिक कारक तत्वमा महिलाको जीवनको दैनिकीलाई न्यून मुल्याङ्कन गर्ने परम्परालाई उदाहरणका रूपमा लिन सकिन्छ । त्यसैगरी धार्मिक कारकतत्वमा धर्मगुरुहरूले महिलाको सहयोगी भूमिकाबारे निर्णयहरूलाई लिन सकिन्छ । यी तत्त्वहरू क्षमायोग्य नहुने भए तापनि यस्ता तत्त्वहरूलाई महत्त्वपूर्ण रूपमा हेरिनु पर्दछ। उदाहरणको लागि स्थानीय परम्पराले महिलाको जीवनको न्यून मुल्याङ्कन गरेको हुन्छ । तसर्थ सरकारले त्यस्तो परम्परालाई परिवर्तन गर्नको लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। राजनैतिक संकल्प एउटा महत्त्वपूर्ण तत्त्व हो जसले सरकारको क्षमताको प्रयोगलाई विस्तार गर्ने वा सीमित पार्ने काम गर्न सक्दछ। राजनैतिक परिस्थितिको आधारमा सरकारले कुन मुद्दालाई प्राथमिकतामा राख्न सक्छ ? उदाहरणको लागि आगामी निर्वाचन वा अन्तर्राष्ट्रिय दबाबलाई कारणका रूपमा लिन सकिन्छ ।

### मुख्य प्रश्नहरू

कानुन तथा नीतिको कार्यान्वयनसँग सम्बन्धित विषय र समस्यालाई प्रभाव पार्ने राजनैतिक अवस्थाहरू के के हुन् ?

कानुन तथा नीतिको कार्यान्वयनसँग सम्बन्धित विषय र समस्यालाई प्रभाव पार्ने सामाजिक अवस्थाहरू के के हुन् ?

नागरिक समाजको सहभागिता कत्तिको व्यवस्थित छ ?

### सूचना कहाँबाट प्राप्त गर्न सकिन्छ ?

माथिका प्रश्नहरूको उत्तर तलका सूचनाहरूबाट प्राप्त गर्न सकिन्छ ।

- प्रेस
- प्रगति तथा मुल्याङ्कन प्रतिवेदन, स्थानीय सरकारका प्रतिवेदनहरू
- गैरसरकारी संस्था र मानव अधिकारवादी संस्थाहरूको प्रतिवेदन
- मानव अधिकार समितिको छायाँ प्रतिवेदन

### ३.१ कानुन तथा नीतिको कार्यान्वयन र समस्यालाई प्रभाव पार्ने मुख्य राजनैतिक घटनाहरू के के छन् ?

**व्याख्या :** राज्यको राजनैतिक वातावरणले कानुन तथा नीतिको कार्यान्वयनमा प्रभाव पारेको हुन्छ । राज्यका प्रमुख पार्टी तथा नेताहरू को को हुन् भन्ने कुरामा विचार पुऱ्याउनु पर्दछ । के तिनीहरूले महिलामाथि हुने हिंसा र घरेलु हिंसालाई आफ्नो प्रमुख मुद्दा बनाएका छन् ? के सरकार तथा संसदमा त्यस्ता मुद्दाहरूमा काम गर्ने राजनैतिक समूह छन् ? संसद तथा अन्य सम्बन्धित सरकारी संरचनाभित्र सरकारमा महिलाको प्रतिनिधित्व कस्तो छ ? जस्तै नगरपालिका तथा प्रान्तीय सरकारमा ।

### ३.२ के राज्य सुधारको प्रक्रिया संरचनागत समायोजन अथवा नीति कार्यनवयनलाई प्रभावित गर्ने खालको संकटको स्थितिमा छ ?

**व्याख्या :** संरचनागत समायोजनको प्रक्रियाले सबै नीतिहरूमा प्रभाव पार्न सक्छ । त्यसैले नीतिको विश्लेषण प्रमुख परिवर्तनको सर्न्दभमा गर्नु आवश्यक हुन्छ । जस्तै अन्तिम दशकको परिवर्तित कानुन तथा नीतिको कार्यान्वयनलाई संकटको अवस्थाले अझै कठिन बनाउँछ । तर यसको कारणले गर्दा निष्कृय हुन वा व्यक्तिको अधिकारलाई सीमित गर्न मिल्दैन ।

### ३.३ घरेलु हिंसाको अन्त्यका लागि राज्य र सरकारले कुनै राजनैतिक संकल्प गरेको छ ?

**व्याख्या :** महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि (सिड)[२७] लाई संयुक्त राष्ट्र सङ्घको महिलामाथि हुने हिंसाका विशेष प्रतिवेदकले अनुमोदन गरेका छन् । त्यो महिलामाथि हुने हिंसा तथा घरेलु हिंसाको अन्त्य गर्ने हरेक राज्यको प्रतिवद्धताको सूचकको रूपमा रहेको छ । उक्त प्रतिवेदनमा ५ समूहका अनुमोदनबारे उल्लेख छ ।

- आरक्षण विनाको अनुमोदन
- इच्छाधिन आलेखको अनुमोदन
- केही आरक्षणसहितको महासन्धिको अनुमोदन
- महासन्धिको उद्देश्य तथा प्रयोजनविपरीत विशेष आरक्षणसहित जस्तैः (दफा २ र १६ का आरक्षणहरू) महासन्धिको अनुमोदन ।
- अनुमोदन हुन बाँकी

आफ्नो देश कुन समूहमा पर्छ पहिचान गर्नुहोस् र त्यसलाई चरण ६ मा घरेलु हिंसाको अन्त्यका लागि राज्यको प्रतिवद्धता वा प्रतिवद्धताको अभावलाई मुल्याङ्कन गर्दा सूचनाको रूपमा लिनुहोस् । चरण २ का उत्तरहरू पनि हेर्नुहोस् । सरकारको राजनैतिक संकल्पको थप मुल्याङ्कनका लागि घरेलु हिंसा अन्त्यका लागि काम गर्ने उच्चस्तरीय औपचारिक जिम्मेवार अधिकारी को हुन् भन्ने कुरालाई हेर्नु पर्दछ । उक्त व्यक्ति सरकारको कुन स्तरमा छन् ? सरकारका कर्मचारीहरूले घरेलु हिंसाको समस्याको बारेमा सञ्चार तथा राजनैतिक बैठकहरूमा मन्तव्य जारी गरेका छन् कि छैनन् ? तिनीहरूले यस मुद्दालाई सरकारको सरोकार र प्राथमिक मुद्दाको रूपमा पहिचान गरेका छन् कि छैनन् भन्ने प्रश्नमाथि विचार पुऱ्याउनु पर्दछ । संयुक्त राष्ट्र सङ्घका महासचिवले महिलामाथि हुने हिंसासम्बन्धी गरेको एक अध्ययनमा हिंसा अन्त्यका लागि महिलामाथि हुने हिंसाको निन्दा र नेताहरू तथा विचारकहरूबाट प्राप्त दिगो सहयोगलाई हिंसाको अन्त्यको लागि राजनैतिक संकल्प सूचकको रूपमा लिइएको छ ।[२८]

घरेलु हिंसाका पीडकहरूलाई यदि राजनेता तथा राजनैतिक पार्टीहरूबाट संरक्षण तथा सहकर्मीको रूपमा वचाउ गरिन्छ भने त्यसलाई घरेलु हिंसालाई सम्वेदनशील रूपमा सम्बोधन गर्ने राजनैतिक संकल्प विपरीत सूचकको रूपमा लिइन्छ ।

27 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 21

28 Secretary general in depth study, page23

### ३.४ कानुन, नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि के राज्यसँग प्रशासनिक क्षमता छ ?

**व्याख्या :** राज्य कानुन तथा नीतिको तर्जुमा गर्ने, कार्ययोजना तथा रणनीति तयार गर्ने, सञ्चालन गर्ने वा कार्यान्वयन गर्ने क्षमताबारेमा विचार पुऱ्याउनु पर्दछ । उदाहरणको लागि दक्षिण अफ्रिकामा नीति तथा कानुन बनाउने प्रक्रिया निकै वृहत छ र त्यसमा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श लिइन्छ। दक्षिण अफ्रिकामा घरेलु हिंसाको ऐन कानुनी रूपमा सशक्त छ तर प्रहरी कार्यालय तथा अदालतमा तालिम प्राप्त दक्ष कर्मचारीको अभावले त्यसको कार्यान्वयन भने राम्रोसँग हुन सकेको छैन ।

आधारभूत सेवा सुविधाहरू अपर्याप्त भएमा कानुन तथा नीतिहरूको कार्यान्वयनमा समस्या उत्पन्न हुन्छ । उदाहरणको लागि प्रहरी चौकीमा प्रर्याप्त कर्मचारी न हुनु वा ग्रामीण क्षेत्रमा प्रहरी कार्यालय नहुनु ।

यस प्रश्नको जवाफमा सरकारको प्रशासनिक क्षमताबारे सामान्य अनुभव उल्लेख गर्नुहोस् । यस मुद्दामा चरण ४ मा अझ विस्तारमा छलफल गरिनेछ ।

## कानुन तथा नीतिको कार्यान्वयन र समस्यालाई प्रभाव पार्ने सामाजिक अवस्थाहरू के के हुन् ?

### ३.५ कानुन तथा नीतिको कार्यान्वयन र समस्यालाई के कस्तो सांस्कृतिक, धार्मिक, सामाजिक तत्वहरूले प्रभाव पार्दछन् ?

**व्याख्या :** शुन्यतामा कहिले पनि कानुन तथा नीतिको निर्माण हुँदैन । सामाजिक वार्तालापले राजनीतिज्ञ र अन्य सरोकारवालाहरूलाई अवस्था सुधारका लागि काम गर्ने वातावरण तयार पार्न प्रभाव पार्दछ ।

यस चरणको लागि आधारभूत मापन काफी हुन्छ । अवस्थाको वर्णनले मुल्याङ्कनका लागि धेरै विषयवस्तु प्रदान गर्नेछ साथै र निष्कर्ष र सुझाव लेख्नको लागि पनि सहयोग गर्नेछ ।

कानुन तथा नीतिको कार्यान्वयनका लागि सान्दर्भिक सकारात्मक तथा नकारात्मक प्रभावहरूलाई समावेश गर्नुपर्छ। यस्ता तत्त्वहरूलाई नीतिहरूको असफल कारणको रूपमा लिनुको सट्टा सरकारले कानुन तथा नीतिको विकास र कार्यान्वयन गर्ने क्रममा आफ्नो दायित्वको रूपमा लिनुपर्छ। (अध्याय २ र ३ मा पनि हेर्नुहोस्) ।

### ३.६ के नीति तथा समस्यासँग सम्बन्धित अन्य राज्य तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पारेको प्रभाव सान्दर्भिक छ ?

**व्याख्या :** कहिलेकाहिँ सरकारलाई त्यस्ता नीति तर्जुमा गर्न अथवा कदम चाल्न अन्य राज्य, क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिक प्रक्रियाहरूले प्रोत्साहन वा दबाब दिन्छन् । अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले पनि यस्तो प्रभाव पार्न सक्दछन् ।

## नागरिक समाजको संस्थागत सहभागिता कस्तो छ ?

### ३.७ के घरेलु हिंसाको अन्त्यको लागि काम गर्न नागरिक समाज प्रतिवद्ध छ ?

**व्याख्या** : तयारीको चरणमा हामीले सरोकारवालाहरूको नक्साङ्कन गऱ्यौं । त्यसले घरेलु हिंसा अन्तको लागि काम गर्ने सबभन्दा सान्दर्भिक नागरिक समाजको बारेमा जानकारी दिएको हुनुपर्दछ। संस्थाको क्षमता, आर्थिक अवस्था, सञ्जाल, लवी र पैरवी गर्ने क्षमता जस्ता सङ्घ/संस्थाका सवल तथा कमजोर पक्षको बारेमा विचार पुऱ्याउनु पर्दछ। यो सूचना डोभा मुल्याङ्कनको अन्तिम चरणमा लवी र पैरवीको योजना बनाउँदा उपयोगी हुनेछ ।

**सहभागिता के हो ?**

डोभा मुल्याङ्कनभरि नै विश्लेषण प्रक्रियाको क्रममा सहभागितालाई महत्त्वपूर्ण स्थान दिइएको छ । यो बाकसमा कुनै पनि प्रक्रियामा कुन तहका सहभागीहरूलाई सहभागी गराउन सकिन्छ भन्ने सूचना प्राप्त गर्न सकिन्छ । यसले नीतिगत प्रक्रिया र विश्लेषणलाई समेट्दछ । यस विश्लेषणमा कस्तो सहभागिताको सम्भावना छ र विभिन्न प्रकारका सहभागिताले विभिन्नखाले नतिजा ल्याउँछ कि ल्याउँदैन भन्ने कुराको पहिचान गर्नु पर्दछ । छानिएको सहभागिताका प्रकार समग्र प्रक्रियाको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि उपयुक्त हुनुपर्दछ । तर प्रभावित समूहहरूको आवश्यकता पूर्तिको लागि झन् उपयुक्त हुनु पर्दछ । प्रभावित समूहहरूको सम्भावित भूमिका विभिन्न कारक तत्त्वहरूमा निर्भर रहेको हुन्छ । सबैभन्दा महत्त्वपूर्ण तत्त्वहरू निम्नलिखित छन्

- विषय र प्रक्रियासम्बन्धी तालिमको स्तर
- प्रभावित समूहको समयको उपलब्धता
- आर्थिक स्रोतको उपलब्धता
- माथिका तत्त्वहरूमा सरकार तथा संस्थाहरूबाट भएको लगानी

**सहभागिताका धेरै प्रकार हुन्छन् ।**

सञ्चालनको अग्रसरता र सामूहिक नेतृत्व लिने प्रक्रियामा प्रभावित समूहले परियोजना र कार्यक्रम सञ्चालनमा अग्रसरता लिने र सरकारले त्यसलाई बढावा दिने चरण हुन्छन् । निर्णय लिने शक्ति दुवै पक्षको बराबर हुन्छ । यसले प्रभावित समूहलाई मुद्दाको निर्माण गर्न सशक्त बनाउँछ । राज्यमा सरकारले नै पहिले निर्णय लिने कामको सुरुवात गर्छ । प्रभावित समूहलाई यसमा संलग्न गराउँछ । तर सरकारले प्रभावित समूहको सल्लाह नलिइकन पनि निर्णय लिन सक्छ ।

प्रभावित समूहले सरकारद्वारा विकसित र सञ्चालित परियोजना र कार्यक्रमको तर्जुमामा सल्लाह दिएमा त्यसलाई विचारविमर्शजन्य सहभागिता भनिन्छ । उनीहरूबाट प्राप्त सल्लाह सुझावलाई सरकारको निर्णय र उपलब्धिमा कसरी प्रयोग गरिने छ भन्ने बारेमा उनीहरूलाई सूचना दिइन्छ ।

काममा समावेश गरेको र सूचित सहभागितामा प्रभावित समूहलाई विशेष भूमिका प्रदान गरिन्छ र किन र कसरी उनीहरूलाई संलग्न गराइएको छ भन्ने सूचना दिइन्छ ।

नाम मात्रका कुनै पनि प्रकारका सहभागिता जोखिममा पर्दछ । यस्तो अवस्थामा प्रभावित समूहलाई उनीहरूको विचार राख्न भनिन्छ तर त्यसलाई गम्भीर रूपमा लिइँदैन । प्रभावित समूहलाई समावेश गराइनु मात्र सरकारको ध्यान हुन्छ । छलकपटको यस अवस्थामा सरकारले प्रभावित समूहको सहयोग प्राप्त गरेको जस्तो देखाउँछ तर उनीहरूको खास आवश्यकतालाई वास्ता गरेको हुँदैन । [२९]

**३.८ व्यक्ति तथा नागरिक समाज संस्थाले कस्तो औपचारिक तरिकाबाट (नागरिक समाजको सहभागिताको लागि संयन्त्र) नीति निर्माण र त्यसको वैधतामा प्रभाव पार्छ ? के यो संयन्त्रले प्रक्रियामा वास्तविक प्रभाव सुनिश्चित गर्दछ ?**

**व्याख्या :** मुल्याङ्कन गरिएका कानुन, नीति तथा समस्याको निर्धारण प्रक्रियामा व्यक्ति तथा नागरिक समाज औपचारिक तरिकाले कसरी समावेश थिए वा छन् भन्ने बारेमा वर्णन गरिनु पर्दछ । माथि बाकसमा उल्लेख गरिएका सूचना प्रयोग गरी नागरिक समाजको आवाजले निर्णय प्रक्रियामा वास्तविक रूपमा पार्ने प्रभाव विद्यमान संयन्त्रले सुनिश्चित गरेको छ वा छैन पहिचान गर्नुपर्दछ ।

यहाँ घानाको उदाहरणलाई लिन सकिन्छ । घानाको घरेलु हिंसा ऐन २००७ मा व्यवस्थापन समितिको उल्लेख छ । त्यसमा १३ सदस्यीय व्यवस्थापन समिति रहेको छ जुन यसप्रकार छ : सात जना सरकारी कर्मचारी, राष्ट्रपतिबाट

29 Based on Roger hart's ladder of participation

मनोनित ४ जना र २ जना नागरिक समाजका प्रतिनिधि । यसले ऐनको कार्यान्वयनमा कार्यकारी शाखाको नजिकको सहभागिताबारे संकेत गर्दछ । यसको कमजोर पक्ष के हो भने राष्ट्रपतिको विशेषाधिकारबाट चुनिएका व्यक्तिहरू घरेलु हिंसाको बारेमा सुधारात्मक धारणा नभएका पनि हुन सक्छन् ।

**सहभागिताको चेकलिष्ट**

- गाउँ/समुदायको समिति
- चुनाव र जनमत संग्रहमा (स्थानीय, क्षेत्रीय र राष्ट्रिय) मतदान गर्ने
- प्रभावित/पीडितको सङ्घ र स्वयंसेवक संस्थाहरू
- सरकार र गैरसरकारी संस्थाका मञ्चहरू
- नीतिको विकास तथा मुल्याङ्कन चरणमा परामर्श
- सेवा कार्यान्वयनको अनुगमन गर्ने समितिहरू
- अन्तर्राष्ट्रिय समस्याहरूमा दिइएका मौखिक तथा लिखित प्रतिवेदनहरू
- राष्ट्रिय र अन्तर्राष्ट्रिय गोष्ठीहरू, नागरिक समाजको सहभागिताको अन्य विधिहरू

### ३.९ कानुन र नीतिको आधारमा आफ्ना अधिकारको हनन् भएमा मानिसहरू कहाँ गएर उजुरी गर्छन् ? के यो निवारणको संयन्त्र उपयुक्त छ ? के यो संयन्त्रले प्रभावकारी रूपमा समस्याको निवारण गर्छ ? के यसमा उजुरी गर्दा सामाजिक तथा राजनैतिक जोखिम रहन्छ ?

**व्याख्या :** सबैभन्दा पहिले उजुरीको औपचारिक संयन्त्र छ कि छैन भन्ने कुरा पहिचान गर्नुपर्छ । के राज्यले समस्या समाधानको लागि व्यक्तिगत उजुरी लिन्छ ? चरण १ मा पहिचान गरेको प्रभावित समूहलाई हेर्नुहोस् र त्यो समूहका सदस्यहरूको उजुरीको संयन्त्रमा पहुँच छ कि छैन भन्ने कुरामा ध्यान दिनुहोस् ।

दोस्रो सुरक्षित रूपमा उजुरी गर्न सम्भव छ कि छैन भन्ने कुरामा ध्यान पुऱ्याउनु महत्त्वपूर्ण हुन्छ । महिला मानव अधिकार रक्षकहरू महिला मानवअधिकारको अनुभूति गर्ने काम गर्दा बढी जोखिममा हुन्छन् । कहिलेकाहिँ यस्ता सम्वेदनशील मुद्दामा काम गर्दा त्यसले विपरीत वातावरणको सिर्जना गर्छ र नागरिक समाजको कार्य क्षमतालाई पूर्ण रूपमा क्षतविक्षत पार्दछ ।

**निवारणका संयन्त्रहरुको चेकलिष्ट**

- अख्तियार दुरूपयोग अनुसन्धान संस्था (आयोग)
- पीडित अधिकार सङ्घ
- राष्ट्रिय मानवअधिकार आयोग
- उजुरी गर्ने प्रक्रिया (अस्पताल, मन्त्रालय, प्रहरी, अदालत आदि)
- महिला विरामीहरूमाथि हुने दुर्व्यवहारमा स्वास्थ्यकर्मीहरूको सहमति
- अन्य कार्यविधि

सिडोको साधारण सिफारिस २४ प्याराग्राफ १५-सी र आर्थिक, सामाजिक, सांस्कृतिक अन्तर्राष्ट्रिय महासन्धिको साधारण कमेन्ट १४ प्याराग्राफ ५९ ।

**निष्कर्ष**

अब प्रश्नको उत्तरहरूलाई सङ्क्षेपमा लेख्न सकिन्छ । आफ्ना उत्तरहरूमा परिवर्तनका सम्भावनाहरू के के छन् र के के अवरोधहरू छन् ? कार्ययोजनाको जाँच गर्नुहोस र तपाईका उत्तरहरूले त्यसलाई ग्रहण गरेका छन् या तपाईका उद्देश्यलाई ग्रहण गरेका छन् ?

## चरण ४
## कार्यान्वयन

### उद्देश्य

डोभा मुल्याङ्कनको यस चरणमा राज्यको कार्यान्वयन क्षमताको बारेमा छलफल गरिनेछ । छलफल गरिने मुद्दाहरूमा आर्थिक तथा मानवीय स्रोतको कोणबाट सरकारको कार्यान्वयन क्षमता, तथ्याङ्क संकलन, क्षमता अभिवृद्धि र प्रवृत्ति तथा व्यवहारहरूमा परिवर्तन पर्नेछन् ।

### सरकारको कार्यान्वयन क्षमताको मानव अधिकारवादी पक्ष

तपाईले मानव स्रोतहरू, आर्थिक तथा तथ्याङ्क संकलनका मुद्दाहरू विषयक सूचनाको खोजी गर्नुपर्नेछ । सरकारका स्रोतहरूमा उताचढाव आइरहने हुँदा सरकारको कार्यान्वयन क्षमतालाई घटाउने अथवा बढाउने तत्त्वहरूको बारेमा तपाईले ध्यान दिनु पर्नेछ ।

सबै राज्यलाई लैङ्गिक विश्लेषणमा आधारित घरेलु हिंसाको नीति कार्यान्वयनको लागि राष्ट्रिय रणनीति तथा कार्ययोजनाको आवश्यकता पर्दछ । रणनीति र कार्ययोजनाको कार्यान्वयनको लागि सरकारले पर्याप्त आर्थिक तथा मानवीय स्रोतहरू छुट्याउनु पर्दछ । क्षमताको अभाव आफैमा नराम्रा नीतिहरू अथवा नीतिहरूको अभावको लागि कारण बन्न सक्दैन । सरकारले धेरै कदम चाल्न सक्छ जसलाई धेरै स्रोतहरूको आवश्यकता पर्दैन जस्तै सूचनाको प्रवाह । विभिन्न स्रोतहरूको अभावका बाबजुद पनि सरकारले लक्षित कार्यक्रममार्फत जोखिममा रहेका समूहरूको संरक्षण गर्नुपर्दछ ।[३०] स्रोतको अभाव हुनु भनेको कहिलेकाहिं प्राथमिकतामा अभाव पनि हो । जब सरकारले ठूलो रकम घरेलु हिंसाबाहेक अन्य शीर्षकमा, जस्तै सैनिक खर्च र बैङ्किक क्षेत्रलाई बचाउने क्रममा खर्च गर्छ ।

30 ICESCR General Comment 14,paragraph 18

### मुख्य प्रश्नहरू

- कानुन तथा नीतिको कार्यान्वयनका लागि कस्ता आर्थिक स्रोतहरू उपलब्ध छन् ?
- कानुन तथा नीतिको कार्यान्वयनको लागि कस्ता मानवीय स्रोतहरू उपलब्ध छन् ?
- के घरेलु हिंसामा सम्वेदनशीलता तथा जनचेतना बढाउन सरकारले कर्मचारी र पेशेवर व्यक्तिहरूको क्षमता अभिवृद्धि तथा तालिममा खर्च गरेको छ ?
- के सरकारले नीतिको मुल्याङ्कन तथा आधारभूत अनुसन्धान कार्यक्रम लगायत तथ्याङ्क संकलन, तुलना र प्रकाशन गर्ने गरेको छ ?
- के सरकारले घरेलु हिंसाप्रति व्यवहार र प्रवृति रूपान्तरणको लागि कार्यक्रमको कार्यान्वयन तथा सहयोग उपलब्ध गर्ने गरेको छ ?

### सूचना कहाँबाट प्राप्त गर्ने ?

- सरकारको नीतिको अभिलेख/वेवसाइट
- मानव अधिकारवादी संस्थाहरूको वेवसाइट
- नीतिगत व्याख्या गरिएका अध्ययन र लेखहरू
- नीतिबाट प्रभावित महिलाको अन्तरवार्ता
- संयुक्त राष्ट्र सङ्घमा पेश गरिएका सरकारी निकाय र गैससका प्रतिवेदनहरू
- मानव अधिकारको राष्ट्रिय संस्थाहरू आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग
- प्रेस
- राष्ट्रिय बजेट
- राष्ट्रिय योजना जस्तै पञ्च वर्षीय योजनाहरू
- बजेट विश्लेषण र अनुगमनमा विशेषज्ञ गैससहरू
- स्थानीय सरकारका प्रतिवेदनहरू, प्रगति र मुल्याङ्कन प्रतिवेदनहरू
- बजेट अनुगमन गर्ने विशेषज्ञ संस्थाहरू

### टिप्पणी

महिला हिंसासम्बन्धी संयुक्त राष्ट्र सङ्घका महासचिवको वेवसाइट https://www.un.org/womenwatch/daw/vaw/v-database.htm वा http://sgdatabase.unwomen.org हो । संयुक्त राष्ट्र सङ्घले यसका सदस्य राष्ट्रहरूले घरेलु हिंसा लगायत महिलामाथि हुने हिंसा रोकथाम गर्न चालिएका कदमहरूबारे प्रतिवेदन पेश गर्न डेटाबेस खोलेको छ । कुनै देशले यो डेटाबेसमा सूचना अद्यावधिक गर्ने गरेको छ कि छैन भन्ने कुरा घरेलु हिंसा अन्त्य गर्ने उसको प्रतिवद्धताको सूचक हुन सक्दछ । यो डेटाबेस हाम्रा लागि यस क्षेत्रका र समान आर्थिक सामाजिक अवस्था भएका मुलुकहरूबीच तुलना गर्न पनि सहयोगी हुनेछ । त्यो चरण ७ मा लबी र पैरवी सन्देश विकास गर्न उपयोगी हुनेछ ।

**विद्यमान कानुन तथा नीतिमा भएको कमी र समस्याको बारेमा डोभा मुल्याङ्कन केन्द्रित भएको छ भने ती प्रश्नहरूलाई परिस्कृत पार्न पुनर्विचार गर्न सकिन्छ ।**

## कानुन तथा नीति कार्यान्वयनको लागि कस्ता आर्थिक स्रोतहरू उपलब्ध छन् ?

**बजेट अनुगमन**

- निश्चित नीतिहरूसँग सम्बन्धित आर्थिक स्रोत पत्ता लगाउने र बजेट अनुगमन गर्ने कार्य कठिन र समय लिने खालको हुन्छ । बजेटको अनुगमन विभिन्न तरिकाले गर्न सकिन्छ । जस्तै समग्र बजेटको विश्लेषणदेखि गन्ती गर्नेसम्म देशमा कति वटा सुरक्षा आवासहरू उपलब्ध छन् ? सरकारबाट त्यस्तो सूचना प्राप्त गर्न कठिन हुन सक्छ । यदि बजेट कम छ वा बजेट नै छैन भन्ने सूचना उपलब्ध भएमा त्यसले प्राथमिकताको अभावलाई इंगित गर्दछ ।
- बजेट अनुगमन र मुल्याङ्कनमा विशेषज्ञता भएका गैससहरू छन् । यस्ता गैसस र विशेषज्ञहरूको पहिचान गरी सहयोगका लागि उनीहरूकोमा पुग्नु राम्रो उपाय हुन सक्छ ।

## ४.१ कानुन र नीतिको कार्यान्वयनको लागि कति बजेट छुट्याइएको छ ? के त्यो कार्यान्वयनको लागि पर्याप्त छ ? विनियोजन बजेटबारे कसले निर्णय गर्छ ?

**व्याख्या :** सरकार अथवा राज्यको अन्य संरचनाद्वारा कानुन तथा नीति तर्जुमापश्चात त्यसको कार्यान्वयनको लागि वजेट विनियोजन गरिन्छ । माथिका बाकसमा उल्लेख गरेअनुसार विनियोजित वजेटको पहिचान गर्न त्यति सहज हुँदैन । कार्यालयमा वसी अनुसन्धान गर्दा वजेटको बारेमा जानकारी प्राप्त गर्न नसकेमा सम्बन्धित सरकारी कार्यालय तथा मन्त्रालयमा सम्पर्क राख्नु पर्दछ ।

बजेट पर्याप्त छ कि छैन भन्ने निर्धारण गर्न अप्ठ्यारो हुन सक्छ । त्यसैले एकैनासको विकासको स्तर भएका अन्य राज्यहरूको खर्चसँग यसलाई दाँज्न सकिन्छ । यसको कार्यान्वयनकर्ताहरूसँग विनियोजित बजेट पर्याप्त छ कि छैन भनी सोध्नु पर्दछ । वजेट घोषणा हुने वेलामा विनियोजित वजेटबारे सम्बन्धित क्षेत्र प्रतिक्रियाको बारेमा पनि बुझ्नु सकिन्छ । विनियोजित बजेटमा विरोध वा असहमति जनाइएको छ भने त्यो अपर्याप्त छ भनी बुझ्न सकिन्छ ।

बजेट विनियोजनको जिम्मेवारी कसको हो भन्ने पहिचान गर्न पर्दछ । बजेट विना कानुन तथा नीतिको कार्यान्वयन असम्भव नभए पनि निकै कठिन हुन्छ । बजेटको सम्बन्धमा कोसँग लवी पैरवी गर्न सकिन्छ भन्ने कुरामा पनि ध्यान दिनु उपयोगी हुनेछ ।

### ४.२ के कानुन तथा नीतिको कार्यान्वयनको लागि निर्धारित बजेट कार्यान्वयन पक्षलाई उपलब्ध गराइन्छ ?

**व्याख्या :** निर्धारित बजेट पर्याप्त हुँदैन । धेरै देशहरूमा कानुन अथवा नीति कार्यक्रमको कार्यान्वयनको लागि बजेट निर्धारण गरिएको हुन्छ तर वास्तवमा त्यो बजेट कार्यान्वयन पक्षसम्म पुग्न सक्दैन । उदाहरणको लागि प्रहरी कर्मचारीहरूको तालिमको लागि बजेट छुट्याइएको हुन्छ तर त्यो बजेट प्रहरी तालिम केन्द्रसम्म पुगेको हुँदैन । केही अवस्थामा कहिलेकाहिँ त्यो भ्रष्टाचारको कारणले हुन सक्छ भने कहिलेकाहिँ राज्यमा आर्थिक संकटको स्थितिले पनि त्यसो हुन जान्छ ।

धेरै देशहरूमा वास्तविक रूपमा खर्च भएको कोषको बारेमा सूचना उपलब्ध गराउनुपर्दछ । त्यसबाट निर्धारित वजेट र उपलब्ध बजेटबीचको भिन्नताको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यसवाहेक यसबाट निर्धारित खर्च बजेटभन्दा धेरै वा कम भएको छ भन्नेबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

### ४.३ नीति कार्यान्वयनको लागि विनियोजित बजेट क्रमिक रूपमा घट्दो वा बढ्दो के छ ?

**व्याख्या :** पूरा बजेटको वितरणमा हुने हेरफेरले गर्दा कानुन तथा नीतिको लागि विनियोजित बजेटमा थपघट हुन्छ भने त्यो प्राथमिकतामा परिवर्तनको सूचक हुन्छ । सरकारको बजेटमा भएको कटौतीले अधिकारहरूको सुधारमा निकै कठिन पार्दछ । तथापि, त्यसले सरकारलाई कम्तीमा जोखिममा रहेका समूहको सुरक्षा गर्ने दायित्वबाट मुक्त गराउँदैन । यस प्रश्नको बारेमा विचार गर्दा राज्यको उन्नतिको दायित्वको बारेमा विचार पुऱ्याउनु पर्दछ । (अध्याय ३ मा हेर्नुहोस्)

### ४.४ के यो कानुन तथा नीतिको लागि विनियोजित बजेटबाट सरकारको प्राथमिकता तर्जुमाका बारेमा केही थाहा पाउन सकिन्छ ?

**व्याख्या :** सम्भव छ भने सरकारले घरेलु हिंसाको अन्त्यको लागि गरेको सबै खर्चको बारेमा लेखाजोखा गर्ने प्रयास गर्नुहोस् । घरेलु हिंसाको लागि विनियोजित बजेट र कानुन तथा नीतिको लागि विनियोजित बजेटबीच तुलना गर्नुहोस् ।

उदाहरणको लागि, राज्यले फौजदारी न्याय प्रणाली तथा घरेलु हिंसासँग सम्बन्धित विशेष क्रियाकलापको लागि कोष छुट्याएको हुन सक्छ तर आवास र अन्य सेवाहरूको लागि स्रोत विनियोजनलाई वास्ता नगरेको हुन सक्छ ।

सरकारले घरेलु हिंसाको अन्त्यको लागि निर्धारित कूल बजेटको कति प्रतिशत रकम खर्च गरेको छ भन्ने कुरा जान्नको लागि यो प्रश्नलाई एक चरण अगाडि लगेर पनि हेर्न सक्नु हुन्छ । उदाहरणको लागि घरेलु हिंसा अन्त्यका लागि नीति तथा कार्यक्रममा १० मिलियन खर्च गरेको छ र उक्त रकमको १० गुणा बढी बैंकहरूको स्थिति सुधारको काममा खर्च गर्छ भने त्यसले सरकारको प्राथमिकताको बारेमा लेखाजोखा गर्न सघाउने छ । यसका अलावा अर्थले सधैं प्रभाव पार्ने भएको हुनाले यस किसिमको बजेटको तुलनात्मक लेखाजोखाले लवी र पैरवी गर्नमा सहयोग पुऱ्याउँछ ।

**अन्तर्राष्ट्रिय सहयोग**

यदि मुलुकले मानवीय तथा आर्थिक स्रोतहरूका चुनौतिको सामना गरिरहेको छ भने सरकारले आफ्नो क्षमता बढाउनको लागि अन्तर्राष्ट्रिय सहयोग खोज्न पर्दछ ।[३१] यस किसिमको सहयोग दातृ राज्यहरू अथवा अन्तर्राष्ट्रिय संस्थाहरूबाट आर्थिक सहयोगका रूपमा साथै सूचनाको आदानप्रदान र विज्ञहरूबाट हुने प्राविधिक सहयोगको रूपमा हुन सक्छ ।

## कानुन तथा नीतिको कार्यान्वयनको लागि कस्ता मानवीय स्रोतहरू उपलब्ध छन् ?

### ४.५ कानुन, नीति अथवा सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयनको लागि कस्ता कर्मचारीहरू संलग्न छन् ? नीति कार्यान्वयनको निम्ति सरकारको कुन तह प्रत्यक्ष रूपमा जिम्मेवार छ ?

**व्याख्या :** यस प्रश्नमा लेखाजोखा गर्न लागेको कानुन तथा नीतिको प्रत्यक्ष कार्यान्वयनमा के कस्ता कर्मचारीहरूको संलग्नता रहेको छ भन्ने कुरा पहिचान गर्न भनिएको छ । उदाहरणको लागि, मुल्याङ्कनका लागि छानिएको समस्या अदालतबाट दिइएको संरक्षणको आदेशको उचित कार्यान्वयनको अभाव हुन सक्छ । संलग्न कर्मचारीहरूमा स्थानीय प्रहरी अधिकृतहरू, प्रहरी नेतृत्व वर्ग र न्याय मन्त्रालय पनि हुन सक्दछन् ।

साधारणतया स्थानीय निकायसँग निर्णय लिने अधिकार प्रसस्त हुन सक्छ । तापनि मुलुकमा घरेलु हिंसाको अन्त्यको लागि राष्ट्रिय सरकार पूर्ण रूपमा जिम्मेवार रहन्छ र मानव अधिकारको उल्लंघनको बारेमा पनि जिम्मेवार रहन्छ ।

### ४.६ के कानुन तथा नीति कार्यान्वयनको लागि पर्याप्त मानव स्रोतहरू उपलब्ध छन् ?

**व्याख्या :** कानुन तथा नीति कार्यान्वयनको लागि कर्मचारीको पर्याप्त संख्या आवश्यक पर्दछ । उपलब्ध कर्मचारीहरू

31 ICESCR article 2 and general comment 14,paragraph 38

तालिम प्राप्त, लैङ्गिक सम्वेदनशील र उत्प्रेरित हुनु पर्दछ। उदाहरणको लागि यदि कुनै घरेलु हिंसा प्रभावित क्षेत्रमा सुरक्षा प्रदान गर्नको लागि एक जना मात्र प्रहरी अधिकृत खटाइएको छ भने त्यहाँ कर्मचारी अपर्याप्त छन् भन्ने बुझ्नु पर्दछ। तथापि कुनै वेला घरेलु हिंसासम्बन्धी कानुनको विषयमा तालिम प्राप्त न गरेका प्रहरी अधिकृतहरू उपलब्ध छन् तर उनीहरूले घरेलु हिंसाको घटनालाई गम्भीरतापूर्वक लिदैनन् भने त्यस्तो अवस्थामा मानव स्रोतहरूमा पर्याप्त गुणस्तर नभएको मानिन्छ।

जिम्मेवारी वहन गर्न कर्मचारीको संख्या कत्तिको पर्याप्त छ भन्ने कुरामा निम्न मुद्दाहरूले प्रभावित पार्न सक्छन् खासगरी निर्णय लिने प्रक्रियामा महिला र पुरुष कर्मचारीहरूबीच सन्तुलन कायम र कर्मचारीमा विभिन्न पृष्ठभूमि जस्तै जातीय, धार्मिक, र सांस्कृतिक प्रतिनिधित्व। यसले प्रभावित समूहको सरोकारलाई सम्बोधन गर्ने कर्मचारीको क्षमतामा असर पार्न सक्छ। (चरण १ मा आफ्ना उत्तरहरू हेर्नुहोस्)। त्यस्तो सीमान्तकृत तथा जोखिममा रहेको समूहले उनीहरूका विशिष्ट आवश्यकताहरूलाई समुचित तवरमा सम्बोधन गर्न सक्ने कर्मचारी पाउन गाह्रो हुन सक्छ। यदि त्यस्ता समूहको प्रतिनिधित्व छैन र उनीहरूलाई विशेष तालिम उपलब्ध गराइएको छैन।

### ४.७ स्थान विशेषको आधारमा कर्मचारीको बाँडफाँड कसरी गरिन्छ ?

**व्याख्या :** सम्बन्धित क्षेत्रमा भएको कर्मचारी बाँडफाँडले कानुन र नीतिको कार्यान्वयन कहाँ र कसका लागि भएको छ भन्ने कुराको छनक दिनेछ। निम्न मुद्दाहरूमा ध्यान दिनुहोस्।

विभिन्न क्षेत्रमा कर्मचारीको उपलब्धतामा भिन्नता जस्तै शहर र ग्रामीण क्षेत्र

के सरकारले पेशाकर्मी र कर्मचारीहरूको घरेलु हिंसामा चेतना अभिवृद्धि तथा सम्वेदनशीलता बढाउन क्षमता अभिबृद्धि र तालिमको लागि लगानी गरेको छ ?[३२]

### ४.८ के सरकारले क्षमता अभिवृद्धि र तालिममा लगानी गर्दछ ?

**व्याख्या :** घरेलु हिंसा एक व्यापक र जटिल समस्या हो। घरेलु हिंसाको अन्त्यको लागि सफलतापूर्वक काम गर्न सरकारले पेशाकर्मी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि र तालिमका लागि आवश्यक मात्रामा लगानी गर्नु पर्दछ। एक पटक मात्र तालिम सञ्चालन गरेर पुग्दैन। कर्मचारीहरूको आउने जाने क्रम र घरेलु हिंसाको रोकथाममा आउने चुनौतीहरूको कारण सरकारले निरन्तर रूपमा लगानी गरिरहनु पर्दछ। संयुक्त राष्ट्र सङ्घको महिलामाथि हुने हिंसाको विशेष प्रतिवेदकको अनुसार क्षमता अभिबृद्धि र तालिममा भएको लगानीलाई घरेलु हिंसाप्रति राज्यको जिम्मेवारीको सूचकको रूपमा लिन सकिन्छ।

उक्त प्रतिवेदनको आधारमा सरकारले तालिम र क्षमता अभिबृद्धिमा गर्ने लगानीमा निम्न कुराहरू समावेश गर्नु पर्दछ।

- तालिमको विषयबस्तु र मार्ग निर्देशिकाको विकास र प्रवाह गर्ने।
- नयाँ भर्ना गरिएका प्रहरी, समाजसेवी, स्वास्थ्यकर्मी र शिक्षकहरूले घरेलु हिंसाको विषयबस्तुमा तालिम प्राप्त गरेको हुनुपर्ने।
- हाल रहेका प्रहरी, न्यायाधीश, सरकारी वकिल, डाक्टर तथा नर्स र शिक्षकहरूले तालिम लिएको हुनुपर्ने।
- हरेक १२ महिनामा पेशाकर्मीहरूलाई कम्तीमा २ दिनको तालिम प्रदान गरिनुपर्ने।

### ४.९. के सरकारले लेखाजोखा गर्न लागिएको कानुन तथा नीति कार्यान्वयन गर्ने कर्मचारीहरूको क्षमता अभिबृद्धि र तालिमका लागि लगानी गरेको छ ?

**व्याख्या :** कानुन तथा नीतिको कार्यान्वयन गर्ने क्रममा कुनै विशेष तालिम तथा क्षमता अभिबृद्धिका लागि कुनै क्रियाकलापहरू गरेका छन् कि भन्ने विषयमा जाँच गर्नुहोस्।

32 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19

### ४.१०. के सरकारले लेखाजोखा गर्न लागिएको कानुन तथा नीति कार्यान्वयनका सम्बन्धमा सेवाका न्युनतम मापदण्डको आलेख वा मार्ग निर्देशिका विकास गरेको छ ?

**व्याख्या :** सेवाको न्युनतम मापदण्डको आलेख वा मार्गनिर्देशिका उपलब्ध गराइएमा कानुन र नीतिहरूको निरन्तर कार्यान्वयन सहज हुन्छ । के सरकारले नीतिहरूको मुल्याङ्कन र आधारभूत अनुसन्धान कार्यक्रमहरू लगायतका तथ्याङ्क सङ्कलन, तुलना र प्रकाशन गर्दछ ?

**घरेलु हिंसामा तथ्याङ्क संकलन**

घरेलु हिंसाको विश्वाशिलो तथ्याङ्क व्यापक रूपमा संकलन गर्नु कठिन छ । पीडितहरू यसको बारेमा बोल्न डराउँदछन् र सम्बन्धित निकायमा उजुरी गर्दैनन् । यो सबैलाई थाहा भएको तथ्य हो कि, एकपटक घरेलु हिंसामा राज्य गम्भीर रूपमा क्रियाशील भएमा त्यसले घरेलु हिंसाका मुद्दाहरूको संख्या (उजुरी तथा तथ्याङ्क उपलब्धता) बढ्नेछ । जस्तो कि धेरैजसो मुलुकहरूमा घरेलु हिंसाका उजुरीको संख्या अत्याधिक कम छ । यसलाई महिलामाथि हुने हिंसाको उक्ति (paradox) भनिन्छ । यसलाई उपलब्ध तथ्याङ्कहरूलाई हेर्दा ध्यानमा राख्नु पर्दछ । उजुरी पर्ने सख्याको वृद्धि भनेको एक सकारात्मक संकेत पनि हुन सक्दछ ।

उजुरीको संख्यामा वृद्धि हुनु भनेको घरेलु हिंसा सहन गर्ने क्षमतामा कमी आएको सूचक हुन सक्छ र महिलाले आफ्नो अधिकार प्राप्त गर्ने अभ्यास हुन सक्छ । तपाईको स्थानीय सन्दर्भमा त्यसको लेखाजोखा गर्नुहोस् । किनकी तपाई सफलताको सूचक खोजिरहनु भएको हुनसक्छ ।

### ४.११. के सरकारले घरेलु हिंसासम्बन्धी व्यापक रूपमा तथ्याङ्क संकलन, तुलना र प्रकाशन गरेको छ ?

**व्याख्या :** राज्यको नीति तथा कानुनको मुल्याङ्कन गर्न विश्वसनीय तथ्याङ्क संकलन अनिवार्य हुन्छ । नजिकको साथीबाट हुने शारीरिक हिंसाको सामान्य सूचक हो त्यस्ता साथी भएका कूल महिलामध्ये विगत १२ महिनाको अवधिमा हिंसा अनुभव गर्ने महिलाको अनुपात/तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक असमानतालाई विश्लेषण गर्न मिल्ने ढङ्गले गर्नुपर्दछ । किनभने घरेलु हिंसाको एक कारण त्यो पनि हो र विश्लेषणमा त्यो नछुटोस् ।

**कस्तो प्रकारको घरेलु हिंसाको तथ्याङ्क सङ्कलन गरिनु पर्दछ भन्ने बारेमा चेक लिष्ट**

- उजुरी गरेका घटनाहरू, कानुनी प्रक्रिया तथा उपलब्धिहरू (घटनाको सुरुवात प्रहरीमा उजुरीदेखि पीडकलाई दोषी ठहराउनेसम्म)
- सुरक्षाको आदेश (संख्या र प्रकार)
- सरकारी कर्मचारीको नँया प्रशासनिक प्रणाली र तालिमबाट क्षमता अभिवृद्धि ।
- भौगोलिक बाँडफाँड (सेवाको लागि हेल्पलाइन, आवास, परामर्श सेवा पैरवी इत्यादि)

यदि सरकारले यी तथ्याङ्क सङ्कलन गर्दैन भने त्यो राजनैतिक इच्छाको अभाव अथवा क्षमताको अभावको सूचक हुन सक्छ । सिजे समितिले आफ्नो सामान्य सुझाव १९ मा महिलामाथि हुने हिंसाको अन्त्य गर्ने आफ्नो दायित्व निर्वाह गर्न राज्यले अनुसन्धानमूलक तथ्याङ्क सङ्कलन गर्नैपर्दछ भन्ने उल्लेख गरेको छ ।

### ४.१२. के सरकारले घरेलु हिंसासम्बन्धी कानुन तथा नीति कार्यान्वयनको प्रगतिको मापन गर्ने सूचक तथा मापदण्ड विकास गरेको छ ?

**व्याख्या** : कानुन तथा नीति कार्यान्वयनको उपलब्धि अनुगमन गर्न सूचक तथा मापदण्डहरूले सहज बनाउँदछन् । यदि सरकारले आफ्नो उपलब्धिहरूको प्रतिवेदन प्रकाशित गरेको छ भने र यदि तथ्याङ्कहरू भरपर्दा छन् भने त्यो नीतिको लक्ष्य प्राप्त गर्ने सरकारको प्रतिबद्धताको बारेमा लेखाजोखा गर्न उपयोगी हुन सक्दछ । यदि कानुन तथा

नीति केही समयदेखि लागू भएका छन् भने सरकारले नीतिभित्रका मापदण्ड प्राप्ती मापन गर्न पुग्ने तथ्याङ्को सङ्कलन गरेको छ कि अथवा विकसित सूचकअनुरुप तथ्याङ्क सङ्कलन गरिएको छ भनी हेर्नु पर्दछ ।

**सरकारी तथ्याङ्को विश्वसनीयता**

यदि उपलब्ध सरकारी तथ्याङ्कमा विश्वास गर्न नसकिने भएमा आफैले अनुसन्धान गर्न सकिन्छ । यसको साथै अन्य विकल्पको रूपमा प्रश्नावली सर्वेक्षण गर्न अथवा सञ्चारमा आएका घरेलु हिंसाका घटनाहरूलाई हेर्न सकिन्छ ।

### ४.१३. के सरकारले घरेलु हिंसासम्बन्धी व्यवहार तथा आचरणमा परिमार्जन गर्ने कार्यक्रमहरू लागू गरेको अथवा सहयोग गर्ने गरेको छ ?

**व्याख्या :** महिला हिंसाको प्रमुख कारण पत्ता लगाउनको लागि महिलाको प्रगति प्रवर्द्धन होओस् भनी संरचनागत असमानतालाई सम्वोधन गरिनु महत्त्वपूर्ण हुन्छ ताकि[33] संयुक्त राष्ट्र सङ्घको महिलामाथि हुने हिंसाका विशेष प्रतिवेदकको अनुसार राज्यको घरेलु हिंसाको रोकथामको दायित्व पूरा गर्ने सूचकको रूपमा राज्यमा बृहत रूपमा चेतना अभिवृद्धिको अभियानको सुरुवात गर्नुलाई लिन सकिन्छ । घरेलु हिंसाको अन्त्यको लागि दिगो सरकारी कार्यशैलीमा व्यवहार तथा आचरणमा परिमार्जन गर्न सहयोग तथा कार्यक्रमहरूको कार्यान्वयन पर्दछन् ।

**राज्यको सहयोग मापन गर्ने चेकलिष्ट**

- समुदायमा आधारित कार्यक्रम
- सञ्चार माध्यमको दिगो ध्यानाकर्षण
- घरेलु हिंसाको विषयबस्तुलाई बिद्यालयको विषयबस्तुमा समावेश
- पीडक तथा पुरुषहरूमा केन्द्रित कार्यक्रमहरू

(सिडोको दफा ३ र ५ आई सि पि डी को ४.१ र ४.२४ को आधारमा)

### ४.१४. के सरकारले मुल्याङ्कन गर्न लागिएको कानुन तथा नीतिले घरेलु हिंसासम्बन्धी व्यवहार तथा आचरणको परिमार्जनको आवश्यकताबारे ध्यानाकर्षण गराएको छ ?

**व्याख्या :** कानुन तथा नीतिहरूले मूलभूत घरेलु हिंसाका कारणहरूलाई सम्वोधन गर्न नसकेमा त्यसका असरहरू दिगो हुँदैनन् ।

**निष्कर्ष**

चरण ४ का प्रश्नका उत्तरहरूले सरकारको कार्यान्वयन क्षमता कत्तिको छ भन्ने कुराको लेखाजोखा गर्दछ । साथै यस चरणमा सरकारले तथ्याङ्क सङ्कलन, क्षमता अभिवृद्धि तथा तालिम र घरेलु हिंसासम्बन्धी व्यवहार र आचरण परिमार्जन गर्ने आफ्नो दायित्व निर्वाह गर्न सरकारले लगानी गरिरहेको छ/छैन भन्ने बारेमा लेखाजोखा गरियो ।

33 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19

## चरण ५
## व्यवहारमा नीतिको प्रभाव

### उद्देश्य

चरण २ मा सरकारले लिखित रूपमा गरेका प्रतिवद्धताहरूको बारेमा हेर्‍यौं । यो चरणमा वास्तवमा व्यवहारमा के हुन्छ र त्यसले मानव अधिकारको उल्लंघनमा कस्तो प्रभाव पारेको हुन्छ ? भन्ने बारेमा छलफल गर्नेछौं ।

यो चरणमा पहिचान गरिएको नीति तथा समस्याले वास्तवमा व्यक्तिको जीवनमा के घटिरहेको छ भन्ने बारे सूचना सङ्कलन गर्नुपर्नेछ । सबै सूचनाहरू टेबलमा बसी गर्ने कार्यबाट प्राप्त गर्न सकिन्छ भन्ने हुँदैन । प्रभावित समूहसँग प्रत्यक्ष सम्पर्क गरेर सूचना प्राप्त गर्नुपर्ने हुन्छ ।

### राज्यको दायित्वका  मानव अधिकारवादी पक्षहरू

प्रभावको अनुसन्धान गर्ने क्रममा संख्यात्मक तथा गुणात्मक तथ्याङ्को सङ्कलन गरिनु पर्दछ । संख्यात्मक तथ्याङ्कले त्यसको संख्या तथा दोहोरोपनालाई बुझाउँछ जस्तै प्रहरी तथा अस्पतालमा आउने घरेलु हिंसाका घटनाहरूको परिणाम । गुणात्मक तथ्याङ्क भन्नाले त्यस्तो तथ्याङ्क हो जसले त्यसको महत्त्व र अनुभव बोकेको हुन्छ । जस्तै कुनै निश्चित अवस्था तथा अनुभवको व्याख्या । यस प्रकारको सूचना सङ्कलन गर्ने प्रक्रिया अन्तर्गत अन्तरवार्ता, मुख्य समूहहरूसँगको भेटघाट तथा घटना अध्ययन पर्दछन् । सूचना र घटना विवरण जहाँबाट सम्भव हुन्छ त्यहाँबाट सङ्कलन गरिहाल्नु पर्दछ । घटना विवरण जति ठोस र यथार्थ हुन्छ छलफल उत्ति नै विश्वसनीय हुन्छ । तसर्थ कुन प्रभावित समूहबाट सूचना संकलन गरेको हो त्यो स्रोतको बारेमा टिपि हाल्नु पर्दछ । यो तथ्याङ्क संकलनको सबैभन्दा कठोर प्रक्रिया हो । तथापि सबै प्रश्नको उत्तर दिइरहनु आवश्यक छैन । सर्वप्रथम सबै प्रश्नलाई हेरेर आफ्नो समस्यासँग सम्बन्धित विश्लेषण गर्न लागिएको प्रश्नहरूलाई मात्र छनौट गर्नु पर्दछ । कुनै अवस्थाको लागि केही प्रश्नहरू लिनै पर्ने हुनसक्छ, तथापी नयाँ पनि थप गर्नुपर्ने हुनसक्छ ।

### नीतिको प्रभावसम्बन्धी मानव अधिकारवादी पक्षहरू

यस नीतिको प्रभावसम्बन्धी मानव अधिकारवादी पक्षहरूका बारेमा उल्लेख गरिएको छ ।

सर्वप्रथम महिलामाथि हुने सबै प्रकारको हिंसाको रोकथाम गर्ने, त्यसको अनुसन्धान गर्ने, प्रक्रिया अगाडि बढाउने तथा दोषीलाई कारवाही गर्ने दायित्व राज्यको हो ।

दोस्रो, सबै व्यक्तिको सम्मान, सुरक्षा र विभिन्न सन्धिहरूमा हस्ताक्षर गरी वा अनुमोदन गरी प्रतिवद्धता व्यक्त गरिएका मानव अधिकार सुनिश्चित गर्ने दायित्व राज्यको हो । कानुन तथा नीतिहरूले कम्तीमा पनि मानव अधिकारलाई नकारात्मक हनन् वा असर पार्नु हुँदैन । जनताको मानव अधिकारमा नीतिले नकारात्मक असर पारिरहेको छ भने राज्यले आफ्नो दायित्व निर्वाह गरेको छैन भनी बुझ्नु पर्दछ । मानव अधिकारको हनन् कुनै गतिविधिबाट अथवा त्यसलाई वास्ता नगर्दा हुन्छ । नीतिका सकारात्मक तथा नकारात्मक दुवै प्रकारको प्रभाव छन् भने सकारात्मक प्रभावलाई बढाउन र नकारात्मक प्रभावलाई घटाउन के गर्नु पर्दछ भनी प्रश्न गरिनु पर्दछ ।

तेस्रो, नीतिहरू मानवअधिकारको सहभागिता, सिद्धान्त, अविभेद र लैङ्गिक समानताका सिद्धान्तहरू मेलखाने हुनुपर्दछ ।

### प्रभावबारे अनुसन्धान

यस चरणमा सूचना सङ्कलनका लागि तयारी गर्न समय लाग्छ । यहाँ सूचना सङ्कलनको लागि प्रभावितहरूलाई सोधिने प्रश्नहरू तयार पार्नुपर्छ तथा रणनैतिक र उपयुक्त विधिको प्रक्रिया छनौट गर्नु पर्दछ । कुनै संस्थाहरूको लागि प्रभावित समूहको व्यक्तिलाई पालै पालो एक एक जनाको अन्तवार्ता लिनु रणनैतिक रूपमा उपयुक्त हुन्छ भने अन्य संस्थाका लागि प्रभावित समूहसँग एक वा बढी समूहमा केन्द्रित समूह गर्नु उपयुक्त हुन सक्दछ ।

प्रश्न नं : १.५ र १.१२ को उत्तरहरूमा सङ्कलन गरिएका सूचनालाई हेरौं । आफ्नो अनुसन्धान योजनामा सहभागीहरूको राय, गोपनीयता र अनुगमन कसरी सुनिश्चित गरिनेछ भन्ने कुरा उल्लेख गरिनुपर्दछ । (अध्याय ५ को पहिलो भाग हेरौं) ।

**मुख्य प्रश्नहरू**

१. कानुन, नीति तथा कार्यान्वयन प्रक्रियाले पीडितको सुरक्षा, घरेलु हिंसाको रोकथाम तथा दोषीलाई सजाय दिने प्रक्रियामा कस्तो प्रभाव पारेको छ ?

२. नीतिद्वारा प्रभावित व्यक्तिको मानव अधिकारमा नीतिको प्रभाव कस्तो रहेको छ ? के यसले उनीहरूका मानव अधिकारलाई सम्मान र संरक्षण गर्दछ अथवा त्यसलाई बेवास्ता गरेको अथवा नकारात्मक असर पारेको छ ?

३. के मानव अधिकारको नीति वा यसका असरहरूले सहभागिता, अविभेद र लैङ्गिक समानताका सिद्धान्तहरू पूरा गरेका छन् ?

**सूचना कहाँबाट प्राप्त गर्ने ?**

- अन्तरवार्ता, बैठक, कानुन तथा नीतिद्वारा प्रभावित समूह तथा समुदायसँग छलफल, संस्थाहरू, सेवामूलक संस्था, प्रभावित समूहसँग काम गर्ने संस्था, वकिल, प्रहरी र अन्य सरोकारवालाहरू
- सरकारको अभिलेख तथा तथ्याङ्कहरू
- स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय प्रतिवेदन, गैसस, उच्च शिक्षण संस्था, सेवामूलक संस्था तथा पत्रकारहरूको प्रतिवेदन
- मानव अधिकारसम्बन्धी संस्थाहरूको प्रतिवेदन जस्तै एमनेष्टी इन्टरनेशनल, ह्यूमन राइट्स वाच र फ्रिडम हाउसको वेभ साइटमा हेर्न सकिन्छ ।
- संयुक्त राष्ट्र सङ्घको विशेष प्रतिवेदकको प्रतिवेदन, विशेष गरी महिला हिंसासम्बन्धी www.ohchr.org
- सरकार र गैससले बनाएको प्रतिवेदन (छाया प्रतिवेदन) www.ohchr.org

**कानुन, नीति तथा कार्यान्वयन प्रक्रियाले पीडितको सुरक्षा, घरेलु हिंसाको रोकथाम तथा दोषीलाई सजाय दिने प्रक्रियामा कस्तो प्रभाव पारेको छ ?**

**५.१ लेखाजोखा गर्न लागिएको कानुन तथा नीतिले घरेलु हिंसा रोक्न सहयोग पुऱ्याउँछ ? के नीतिले औपचारिक रूपमा प्राप्त गर्न खोजेका कुरा व्यवहारमा रहेका नीतिले पूरा गर्दछ, वा गर्दैन् ? यदि गर्दैन भने त्यसमा के अपुग वा कमी छ ?**

**व्याख्या :** यहाँ ध्यान दिनुपर्ने प्रश्न हो कानुन तथा नीतिले घरेलु हिंसा रोकथामको लागि सहयोग गर्छ कि गर्दैन ? यो प्रश्नको उत्तर खोज्दा नीतिको औपचारिक उद्देश्य के हो, व्यवहारमा नीतिको कार्यान्वयन कसरी भएको छ र नीतिले प्रभाव पारेको समूहमा त्यसको कस्तो असर परेको छ भन्ने कुरालाई पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ । यी दुई मुख्य मुद्दाको बारेमा यस चरणमा अनुसन्धान गरिनु पर्दछ ।

एक उदाहरण : राज्यमा प्रहरीहरूले प्रभावकारी ढंगबाट पीडकहरूलाई पीडितबाट टाढा राख्न सकेको छैन भन्ने समस्याको पहिचान भईसकेको छ । यस्तो छेकबारको लागि प्रयोग गर्न मार्ग निर्देशिका प्रहरीसँग छ र त्यसमा छेकवारको घटनाका क्रम आदेशको उल्लंघन भएमा के गर्ने भन्नेबारे उल्लेख छ । यस्तो अवस्थामा कागजमा उल्लेखित नियम र व्यवहारमा रहेको खाडलको बारेमा सचेत हुनु पर्दछ । अब व्यवहारमा भएका कुराहरूको सूचना संकलन गर्न निम्न प्रश्नहरूमा विचार पुऱ्याउनु पर्दछ ।

- व्यवहारमा वास्तविक रूपमा नीतिको प्रभाव कस्तो छ ?
- के यसले आफ्नो औपचारिक उद्देश्यहरूलाई पूरा गर्दछ ? यदि छैन भने कहाँनिर फरक छ ?
- नीतिले औपचारिक रूपमा कुन समूहलाई लक्षित गरेको छ ? ती समूहहरू व्यवहारमा कसरी प्रभावित भएका छन् ? के ती समूहहरूले उत्तर दिन्छन् ? यदि दिदैनन् भने कहाँनिर फरक छन् ? (अथवा कस्ता प्रश्नहरूको उत्तर दिन चाहँदैनन् ?)
- के कुनै नकारात्मक रूपमा प्रभावित तथा उल्लंघन भएका मानव अधिकारहरू छन् (उदाहरण : जीवनको अधिकार, स्वतन्त्रता, सुरक्षा, गोपनीयता, स्वास्थ्य, अविभेद) ? प्रश्न १.३ र १.४ का उत्तरहरूलाई पुनरावलोकन गर्नुहोस् र परिशिष्ट २ मा व्यक्तिका मानव अधिकारहरूको पुनरावलोकन गर्नुहोस् ।

**नीतिद्वारा प्रभावित व्यक्तिको मानव अधिकारमा नीतिको कस्तो प्रभाव रहेको छ ? के यसले उनीहरूको मानव अधिकारको सम्मान र सुरक्षा गरेको छ अथवा नकारात्मक असर तथा हानी गरेको छ ?**

### घरेलु हिंसामा राज्यको पर्याप्त प्रतिक्रियाका सूचकहरू

**सूचना :** अन्तर्राष्ट्रिय समुदायले महिला हिंसाको रोकथामको लागि राज्यको स्वीकृत दायित्वहरू मापन गर्ने सूचकहरू बनाउने प्रयास गरिरहेको छ । तथापि हालसम्म घरेलु हिंसाको सर्वमान्य सूचक बनेको छैन । राज्य, मानव अधिकारका निकाय तथा अदालतहरूले घरेलु हिंसा भनेको मानव अधिकारको उल्लंघन हो भनी महसुस गर्न थाली सकेका छन् तर घरेलु हिंसासम्बन्धी राज्यको दायित्व अझैसम्म पनि निर्माण प्रक्रियामा नै छ । डोभामा तपाईले राज्यको अन्तर्राष्ट्रिय दायित्व मेल खाने सान्दर्भिक सूचकहरू र मापदण्डहरूसम्बन्धी सन्दर्भ प्राप्त गर्नुहुनेछ । तपाईको राज्यले त्यस्तो सूचक हासिल गरेको छैन भने सो यो मुल्याङ्कनको लागि एउटा महत्त्वपूर्ण सूचना हुनेछ । सूचकलाई राज्यसँग घरेलु हिंसालाई गम्भीरताका साथ सम्वोधन गर्ने इच्छा भए वा नभएको कुराको स्पष्ट संकेतको रूपमा बुझिन्छ । त्यो प्राप्त गर्न नसक्नु भनेको सावधानी र केन्द्रित अध्ययनको अभाव हो भन्ने बुझिन्छ । मापदण्डहरू पूरा गर्न नसकेको अवस्थामा राज्यले आफ्नो प्रतिवद्धता कसरी पूरा गर्न सक्ला भन्ने प्रश्न स्वत: जन्मिन्छ । घरेलु हिंसाको विरुद्ध कदम चाल्दा राज्यले मानवअधिकारको सम्मान गर्नु पर्दछ । त्यस्ता कदमहरूले विशेष समूह तथा व्यक्तिको मानव अधिकारलाई नकारात्मक असर पार्दैनन् भनी सुनिश्चित गर्नुपर्दछ । साँचो अर्थमा सबै व्यक्ति र क्षेत्रले मानव अधिकारको उपयोग गर्न पाउने कुराको सुनिश्चितता उनीहरूले सकारात्मक कार्य गर्न बाध्य हुन्छन् ।

चरण १ मा पहिचान गरिएको नीति तथा मानव अधिकारबाट प्रभावित समूहहरू जोखिममा पनि हुन सक्दछन् । यस चरणमा पहिचान गरिएको समूहमाथि व्यवहारमा रहेको नीतिले कस्तो प्रभाव पारेको छ भनी अनुसन्धान गरिनेछ । नीतिले फरक समूहमा भिन्न असर पारेको हुन सक्छ भन्नेबारे ख्याल गर्नुहोस् । काम अगाडि बढाउनु अघि प्रभावित समूहको पहिचान गर्नुहोस् ।

## क्षेत्रहरू : सान्दर्भिक मापदण्डको जाँच

### परिचय :

घरेलु हिंसा एउटा यस्तो समस्या हो जसले जीवनका धेरै क्षेत्रहरू तथा राज्यका क्रियाकलापहरूलाई छोएको हुन्छ । डोभामा हामीले यस्ता चारवटा क्षेत्रहरू पहिचान गरेका छौं ।

**क्षेत्र एक : कानुनी उपचार, कानुन**

**क्षेत्र दुई : कानुनी न्याय, कार्यान्वयन**

**क्षेत्र तीन : संरक्षणका कदमहरू**

**क्षेत्र चार : रोकथामका कदमहरू**

डोभामा छानिएको समस्यासँग सम्बन्धित मापदण्डहरूको लेखाजोखालाई सकेसम्म सहज बनाउन यी चारवटा क्षेत्रको पहिचान गरिएको हो । यी क्षेत्रहरूको चेकलिष्टमा अत्यन्त सान्दर्भिक मानव अधिकारका मापदण्डहरू, अन्तर्राष्ट्रिय नीतिको मार्गनिर्देशिका तथा सिफारिस गरिएका राम्रा अभ्यासहरूबारे उल्लेख गरिएको छ। उदाहरणको लागि संयुक्त राष्ट्र सङ्घको महिलामाथि हुने हिंसाको प्रतिवेदक र अन्तर्राष्ट्रिय मानवअधिकार आयोगहरू । यो चेकलिष्ट लेखाजोखा गर्न लागिएको नीतिको प्रभाव राज्यको दायित्वसँग मेल खान्छ कि खाँदैन भनी पहिचान गर्न प्रयोग गर्न सकिन्छ ।

### क्षेत्रको छनौट

लेखाजोखाको दोस्रो चरणमा माथि उल्लेख गरिएका चार क्षेत्रमध्ये एक क्षेत्रलाई छानेर अगाडि बढ्नु पर्नेछ । लेखाजोखा गर्न लागिएको समस्या तथा कानुन र नीतिसँग बढी मिल्ने क्षेत्रको छनौट गर्नुहोस् । सबैभन्दा सान्दर्भिक क्षेत्रबाट लेखाजोखाको सुरुवात गर्नु उचित हुन्छ । त्यसो परिसकेपछि दोस्रो आवश्यक परेमा क्षेत्रलाई समावेश गर्न पनि सकिन्छ ।

**दुई उदाहरणहरू**

१. तपाईले पहिचान गर्नुभएको समस्या के हो भने नयाँ राष्ट्रिय कानुनअनुसार घरेलु हिंसाका अभियुक्तहरूलाई घरबाट निश्कासन गर्न प्रहरी अधिकृतहरूको आवश्यकता पर्दछ, तर त्यो व्यवहारमा लागू हुँदैन ।

२. तपाईले पहिचान गर्नुभएको समस्या के हो भने तपाईको राष्ट्रिय कानुनमा घरेलु हिंसासम्बन्धी कानुन छैन उक्त समस्यासँग सबैभन्दा मेलखाने क्षेत्र भनेको क्षेत्र नं. १ हो अथवा कानुनी उपचार, कानुन

क्षेत्रमा नं एकमा हामी राष्ट्रिय कानुनमा घरेलु हिंसाविरुद्ध राज्यको दायित्वका विषयमा केन्द्रित हुनेछौं । राज्यको कानुन तथा अधिलेख सान्दर्भिक मापदण्डसँग मिल्दो हुन पर्दछ । घरेलु हिंसासम्बन्धी कानुन अन्तर्राष्ट्रिय आवश्यकताअनुरुप छ कि छैन भनी पहिचान गर्न चेकलिष्टले सहयोग गर्दछ ।

नोट : प्रश्न नं २.५ देखि २.९ सम्मको उत्तरहरू क्षेत्र एकको विश्लेषणको सुरुवात दिनु हो ।

### राज्यको जिम्मेवारीका सूचकहरू

- अविभेद र लैङ्गिक समानता
  - अविभेद र लैङ्गिक समानताको संवैधानिक सुनिश्चितता, कानुनी पहिचान
  - राष्ट्रिय संविधानमा अविभेद, लैङ्गिक समानता र मानव अधिकार [३४]
- महिलामाथिको हिंसाको अपराधीकरण
  - लैङ्गिक सम्वेदनशील शैलीमा [३५]
  - सबै प्रकारको महिलामाथिको हिंसालाई अपराधीकरण र गम्भीर अपराधको रूपमा व्यवहार गरिनु पर्दछ । जसमा यौनिक दुर्व्यवहार तथा थाहा नदिई पछि लाग्नु, घरेलु हिंसा, हानिकारक अभ्यास, बलात्कार, बैवाहिक बलात्कार, घरेलु कामदार पर्दछन् [३६]
- महिलामाथिको हिंसाको कार्ययोजना
- न्यायमा पहुँच र सुधार
  - प्रभावशाली कानुनी खाका, कानुन तथा कार्यविधि कानुन जसले न्यायमा पहुँच, सुधार, सुरक्षा तथा क्षतिपूर्ति प्रदान गर्छ ।[३७]
  - हिंसाबाट पीडित महिलालाई उचित तथा प्रभावकारी उपचार प्रदान गर्ने दायित्व राज्यको हुन्छ । यसमा न्यायमा पहुँच, सम्पति बुझाउने, क्षतिपूर्ति, सन्तुष्टि, पुनःस्थापना  रोकथामको ग्यारेन्टी पर्दछ । [३८]
- सम्मानको रक्षा नगर्ने
  - परिवारमा महिला सदस्यमाथि हमला तथा हत्या गर्ने सम्बन्धमा त्यस्तो सम्मानको रक्षा गर्ने कार्यलाई कानुनले हटाउनु पर्दछ ।[३९]
- शरणार्थी कानुन र मुद्दाहरूमा घरेलु हिंसालाई सुरक्षा प्रदान गरेको हुन्छ । [४०]
- सिडोको अनुमोदन  (प्रश्न ३.३ हेर्नुहोस्)

**मानव अधिकारहरूको सन्धिसँग सापेक्षित स्तरहरू (अनुसूची २ हेर्नुहोस्)**

34 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 22
35 Secretary general in depth study, page74
36 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19
37 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19
38 Secretary general in depth study page 74
43 General recommendation no 19 article 24 (2)
39
40 Council of Europe parliamentary assembly; recommendation 15 82

- जीवनको अधिकार
- शारीरिक तथा मानसिक विकासको अधिकार
- व्यक्तिको सुरक्षाको अधिकार
- यातनाविरुद्ध र क्रूर तथा अमानवीय व्यवहारविरुद्धको अधिकार
- निष्पक्ष सुनुवाईको अधिकार
- गोपनीयताको अधिकार
- सम्पत्तिको अधिकार
- अविभेदको अधिकार, समान कानुनको अधिकार र कानुनद्वारा समान सुरक्षाको अधिकार

यस क्षेत्र नं. २ मा राज्यको न्यायिक प्रणाली कार्यान्वयन गर्दा घरेलु हिंसालाई पर्याप्त रूपमा सम्बोधन गर्ने राज्यको आधारभूत दायित्व निर्वाह भएको छ/छैन भन्ने पहिचान गर्न सकिन्छ ।

तपाईले क्षेत्र नं. २ छनोट गर्नु भएको छ भने लेखाजोखामा केन्द्रित समस्या देशमा विद्यमान कानुन तथा नीतिको अनुचित वा नगन्य कार्यान्वयनसँग सम्बन्धित छ भन्ने निश्चय गर्नु भएको छ । मुद्दालाई विस्तृत रूपमा हेर्‍यौं भने त्यसले कानुन नै समस्याको रूपमा रहेको देखाउन पनि सक्छ । किनभने त्यसले समस्यासँग कसरी जुझ्ने भन्नेबारेमा व्याख्या गरेको हुँदैन । उदाहरणका लागि दक्षिण अफ्रिकाको कानुनमा यदि घरेलु हिंसाको मुद्दामा महिलाहरू उच्च जोखिममा छन् भने त्यहाँका प्रहरीहरूले आफ्नो विवेक प्रयोग गर्न सक्छन् । तर कानुनमा त्यो विवेक कुन हदसम्म प्रयोग गर्न सकिन्छ भन्ने जानकारीबारे सूचना दिइएको छैन । त्यस्तो अवस्थामा क्षेत्र नं. १ को मापदण्ड पनि हेर्न सकिन्छ ।

### राज्यको जिम्मेवारीका सूचकहरू

- लैङ्गिक सम्वेदनशील फौजदारी न्याय प्रणाली
  - महिलामाथिको हिंसामा महिलाको बयान लिने क्रममा कार्यविधिको नियम, अविभेद तथा लैङ्गिक सम्वेदनशील शैलीले फौजदारी न्यायिक प्रणालीको क्रियाकलापलाई सुनिश्चित गर्दछ ।[४१]
- न्यायमा पहुँच - विशेष प्रहरी विभाग
  - विशिष्ट प्रहरी विभागको उद्देश्य महिला हिंसाको उजुरी गर्ने महिलालाई सुरक्षित वातावरण प्रदान गर्नु हो र विशेष कर्मचारीहरूद्वारा महिलामाथिको हिंसामा प्रहरीको जिम्मेवारी बढाउनु हो । [४२]
- न्यायमा पहुँच - विशेष अदालतहरू
  - यसले अदालतको सक्षमतालाई बढाउँछ । पीडितको भारलाई कम गर्छ र न्यायधीस, अन्य अदालतका कर्मचारीले तालिम प्राप्त गरेमा मुद्दाको उपलब्धिहरूमा सुधार आउँछ । [४३]
- न्यायमा पहुँच - शारीरिक पहुँच
  - स्थान र प्रहरी तथा अदालत खुल्ने समयले पहुँचको सुनिश्चितता गर्दछ ।
- न्यायमा पहुँच - परिवारमा व्यभिचार तथा बाधा पुर्‍याउनु माफी योग्य हिंसा [४४]
- न्यायमा पहुँच -यौनिक अपराधको प्रमाणको भार पुर्‍याउनु अरु अपराधभन्दा बढी हुनुहुँदैन र बलात्कारका सम्बन्धमा वैवाहिक उन्मुक्ति नहुनु [४५]
- न्यायमा पहुँच - घरेलु हिंसाको पीडितलाई आवश्यकताअनुसार निशुल्क कानुनी सेवा प्रदान गर्ने विशेष कानुनी व्यवस्था र त्यसमा पीडितको पहुँच ।[४६]
- कानुन लागू गर्ने अधिकारीलाई तालिम
  - कानुन लागू गर्ने तथा अन्य सरकारी कर्मचारीलाई लैङ्गिक सम्वेदनशीलतासम्बन्धी तालिम [४७]
- न्यायमा पहुँच - प्रतिवादको लागि उजुरी गर्ने विकल्प
  - हत्याको अभियोग लागेको महिलालाई प्रतिवाद गर्ने मौका दिने [४८]

41 Secretary general in depth 75
42 Secretary general in depth 88
43 CEDAW concluding observations, 6th periodic report of yemen,para 367
44 CEDAW concluding observations, initial and second periodic report of Belize, gara 61,62
45 General recommendation no 19 para rii
46 General recommendation no 19 para 24b
47 CEDAW concluding observations, the third and fourth periodic report of united kingdom and northern Ireland, para 312
48 Secretary general in depth 88 amd CEDAW AT v. Hungary

- छानविन
  - छानविन शिघ्र, पूर्णरूपमा, लैङ्गिक सम्वेदनशील र महिलामाथि हिंसाविरुद्धको प्रभावशाली शैलीमा हुनुपर्छ जसमा सबै उजुरीको रेकर्ड कार्यालयमा राख्ने, प्रमाणको संकलन र छानविन, सुरक्षित तरिकाले प्रमाण संकलन, आवश्यकता अनुसार साक्षीको सुरक्षा, महिलाहरूलाई उजुरी गर्ने अवसर प्रदान गर्ने र त्यसको प्रक्रियामा जाने तथा दक्ष र पेशागत महिला कर्मचारीको व्यवस्था हुनुपर्दछ। [४९]
- मुद्दा दर्ता गर्ने र दोषीलाई सजाय दिने
  - महिलामाथि सबै प्रकारको हिंसाका दोषीलाई कठोर दण्ड सजायको व्यवस्था हुनुपर्दछ।
- पीडितको अधिकारको सुरक्षा
  -न्यायिक प्रक्रिया भइराख्दा सुरक्षा प्रदान गरिनु पर्दछ। [५०]
- दोषीलाई समाउने प्रभावकारी आदेश ल्याउने
- क्षतिपूर्ति तथा उपचार
- क्षतिपूर्तिसहितको वास्तविक उपचार प्रदान गर्नु।

**मानव अधिकारका सन्धिहरूको मापन**

- बाँच्न पाउने अधिकार
- शारीरिक तथा मानसिक विकासको अधिकार
- व्यक्तिको सुरक्षाको अधिकार
- यातना तथा क्रुर अमानवीय व्यवहारविरुद्धको अधिकार
- निष्पक्ष सुनुवाइको अधिकार
- सम्पतिको अधिकार
- गोपनीयताको अधिकार
- पारीवारिक जीवनको अधिकार

49 CEDAW view AT v. Hungary
50 CEDAW view AT v. Hungary

# क्षेत्र ३ : सुरक्षाको स्तर

यस क्षेत्र ३ मा राज्यबाट पर्याप्त मात्रामा सुरक्षाको व्यवस्था छ/छैन भन्ने बारेमा लेखाजोखा गरिनेछ। यो सुरक्षा व्यवस्था भन्नाले घरेलु हिंसाबाट पीडित हरेक व्यक्तिको सुरक्षा हो ।

**राज्यको जिम्मेवारीको सूचक**

- पीडितको सुरक्षा [५१]
  - गैससबाट हुने सहयोग र कानुनी सहयोगहरू जस्तै आवास निशुल्क परार्मश सेवा, कानुनी सहयोग, परामर्श तथा अन्य सेवाहरूको उपलब्धता र सुनिश्चित गर्न स्रोतको बाँडफाँड
  - टोल फ्रि सेवा खुल्ने समय त्यसमा पहुँचको सुनिश्चितता लागि
  - सहयोगको लागि कानुनी सेवा
  - विज्ञहरूबाट मनोविमर्श गरी लामो समयसम्म सेवा प्रदान गर्ने ।
  - पछाडि पारिएका समूह तथा बालिकाहरूलाई विज्ञहरूबाट सहयोग
  - महिलाहरूको आत्म सुरक्षाका कक्षाहरू
  - क्षेत्रीय, शहरी तथा ग्रामीण क्षेत्रमा भौगोलिक रूपमा फैलिएको जनसंख्या
  - पर्याप्त स्वास्थ्य सेवा तथा सहयोगी सेवाहरू जस्तै मनोविमर्श, भाषिक तथा सांस्कृतिक रूपमा पहुँच भएका महिलाहरूलाई आवश्यकता अनुसार सेवा प्रदान तथा परामर्श [५२]
- आवास
  - हिंसामा पारिएका महिला तथा बालिकाहरूलाई आवासको साथै स्वास्थ्य, मनोविमर्श तथा अन्य परामर्श र थोरै शुल्क लिई कानुनी सहयोग साथै जीविकोपार्जनका लागि अवसर खोज्न सहयोग गर्ने ।
  - बसाईसराई गरेका महिला तथा बालिकाहरूलाई भाषिक तथा सांस्कृतिक रूपमा प्राप्त सेवाहरू उपलब्ध गराउने जस्तै लैङ्गिक हिंसाबाट पीडित बसाईसराई गरेर आएका महिलाहरू
  - बसाईसराई गरेका महिलाहरूको हिंसाबाट भएको उत्पीडन तथा अन्य दुर्व्यवहारका प्रकारहरूको पहिचान गर्ने जस्तै आप्रवासमा गएका महिला कामदारहरू जसको कानुनी स्थिति उनको मालिकमा निर्भर गर्दछ र जसले उसलाई शोषण पनि गर्न सक्दछ । [५३]
- स्वास्थ्य सेवा : महिलामाथिको हिंसालाई सम्बोधन गर्न स्वास्थ्य सुरक्षा तथा अस्पतालसम्बन्धी आलेखको स्थापना गर्ने
  - महिलामाथिको हिंसा, बालिकाहरूमाथिको दुर्व्यवहार तथा उपयुक्त स्वास्थ्य सेवाको उपलब्धताको समाधान गर्ने स्वास्थ्य सुरक्षाको आलेख तथा अस्पतालको कार्यविधि [५४]
- पुनःस्थापनाको कार्यक्रम : दोषीहरूलाई पुनःस्थापना
  - दोषीहरूका लागि पुनःस्थापनाको कार्यक्रम ल्याउने

51 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19
52 General recommendation no 19 para riii
53 Beijing platform for action : violence against women,para 12 6 d
54 CEDAW General recommendation 24Women and Health

सान्दर्भिक मानव अधिकार सन्धिहरू[५५]

- बाँच्न पाउने अधिकार
- शारीरिक तथा मानसिक विकासको अधिकार
- व्यक्तिको सुरक्षाको अधिकार
- यातनाविरुद्ध क्रूर तथा अमानवीय व्यवहारविरुद्धको अधिकार
- सम्पत्तिको अधिकार
- गोपनीयताको अधिकार
- आवास अधिकार
- शिक्षाको अधिकार
- खाद्य अधिकार
- स्वास्थ्य सुरक्षा तथा स्वास्थ्यको अधिकार
- अविभेद, कानुनी समानता तथा समान सुरक्षाको अधिकार
- रोजगारीको अधिकार
- अभिव्यक्ति स्वतन्त्रताको अधिकार

55 CEDAW AT v. Hungary

यो क्षेत्र नं. ४ मा हाम्रो छलफल रोकथामका कदमहरूमा केन्द्रित हुनेछ । रोकथामका कदमहरू भन्नाले हामी त्यस्ता सामान्य कदमहरूलाई बुझ्दछौं जसले घरेलु हिंसा र गैरकानुनी गतिविधिहरूको अन्त्य गर्ने उद्देश्य राखेको हुन्छ ।

**राज्यको जिम्मेवारीका सूचकहरू**

- संचेतना अभिवृद्धि
  - महिलामाथिको हिंसाको विरुद्धमा राज्यभर संचेतनामूलक अभियान सुरु गर्ने । [५६]
  - पुरानो परम्परावादी सोचहरू तथा महिलाहरूको यौन उत्तेजक खाले विषयहरू शैक्षिक विषयवस्तुबाट हटाउने र महिलाहरूको बारेमा सकारात्मक सोच भएका विषयहरू समावेश गर्ने । महिला हिंसाविरुद्ध चेतना अभिवृद्धि गर्ने सामुदायिक शैक्षिक अभियान सुरु गर्ने, आर्थिक सहयोग तथा उपयुक्त सहयोग प्रदान गर्ने नीति तर्जुमा तथा उपयुक्त सहयोग प्रदान गर्ने, नीति तथा कार्यहरूमा लैङ्गिक मूलधार प्रवाह हुने गरी स्पष्ट रुपमा समावेश गर्ने ।
  - महिला, पुरुष तथा बालबालिकालाई घर परिवारभित्र हुने हिंसा तथा समुदाय र समाजमा हुने हिंसाको बारेमा सम्वेदनशील बनाउन सूचनामूलक अभियानको लागि आर्थिक सहयोग उपलब्ध गराउने । हिंसा विना कसरी सञ्चार गर्ने भन्ने बारे सिकाउने [५७]
- राजनैतिक इच्छा

- महिलामाथिको हिंसाविरुद्ध निन्दा, राजनैतिक नेता तथा समर्थकहरूको निन्दा र हिंसाको अन्त्यको लागि प्रयास [५८]

- हिंसाको रोकथामका विषयहरूलाई विद्यालयको पाठ्यक्रममा समावेश गर्ने [५९]
- महिलामाथिको हिंसालाई उपयुक्त रूपमा सम्बोधन गर्न पेशाकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने ।
  - प्रहरी सेवा, सामाजिक सेवा, मनोविमर्श, स्वास्थ्य (डाक्टर, नर्स तथा अन्य) शिक्षा क्षेत्रमा नयाँ प्रवेश गर्नेहरूलाई महिलामाथिको हिंसाको प्रमुख विषय वस्तुहरूबारे जानकारी भएको हुनुपर्ने ।
- पर्याप्त आवास
  - परिवारभित्रको व्यापक विस्फोटक अवस्थालाई पर्याप्त आवास तथा शहरी नीतिले रोक्न सक्छ । साथै व्यापक समुदायको सन्दर्भमा पनि सो लागू हुन्छ । [६०]
- व्यवहारमा परिवर्तनका लागि पुरुषहरूसँग काम गर्ने
  - महिला तथा पुरुषको भूमिका तथा हैसियतको विषयमा व्यवहार परिवर्तनको लागि सार्वजनिक सूचना तथा शिक्षा कार्यक्रम लगायतको रोकथामको उपाय ।
- सञ्चार
  - सञ्चारले महिलाहरूको आदर गरेको तथा आदर गर्न बढावा दिएको छ/छैन भन्ने सुनिश्चित गर्ने प्रभावकारी उपाय हुनु पर्दछ । [६१]
  - महिला तथा पुरुषको परम्परावादी सोचको छवी मेटाउन साथै हिंसालाई बढावा दिने सञ्चारको प्रस्तुति, सञ्चारको जिम्मेवारीको बारेमा जागरुकता बढाउन सञ्चारका विषयवस्तुहरू बनाउन सम्बन्धित पेशाकर्मीहरूलाई जिम्मेवार बनाउने मार्गनिर्देशिका तथा आचारसहिंता स्थापित गर्ने, अभिव्यक्ति स्वतन्त्रताको बारेमा चेतना अभिवृद्धि गर्ने,

56 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19
57 Beijing platform for action : violence against women,para 12 5 g
58 Secretary general in depth study,page23
59 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19
60 Council of Europe committee of ministers;recommendation No.R (90)2
61 CEDAW GR19 General recommendation no 19,para24 d

साथै महिलामाथिको हिंसा तथा सार्वजनिक वहसमा उत्तेजना बढाउने कारण तथा असरहरूको बारेमा सूचना तथा व्यक्तिहरूलाई शिक्षा दिने चेतनामूलक कार्यक्रममा सञ्चारको महत्त्वपूर्ण भूमिका । [६२]

- गैससहरूसँग सहकार्य
  - महिलामाथिको हिंसा र यसको अन्त्यको लागि महिला सङ्घ/संस्थाहरू तथा गैससहरूलाई घरेलु हिंसा अन्त्य गर्न[६३] आर्थिक सहयोग प्रदान गर्न सहयोगको सुरुवात । [६४]
- सान्दर्भिक मानवअधिकारका सन्धिहरूको मापदण्ड
  - बाँच्न पाउने अधिकार
  - शारीरिक तथा मानसिक विकासको अधिकार
  - व्यक्तिको सुरक्षाको अधिकार
  - यातना, क्रूर तथा अमानवीय व्यवहारविरुद्धको अधिकार
  - सम्पत्तिको अधिकार
  - गोपनीयताको अधिकार
  - आवासको अधिकार
  - शिक्षाको अधिकार
  - खाद्य अधिकार
  - स्वास्थ्य र स्वास्थ्य सुरक्षाको अधिकार
  - अभिवेद, कानुनी समानता तथा कानुनद्वारा समान सुरक्षाको अधिकार
  - रोजगारीको अधिकार
  - अभिव्यक्ति स्वतन्त्रता
  - पारिवारिक जीवनको अधिकार
  - थप जानकारीको लागि वेभसाइट www.humanrightimpact.org हेर्नुहोस्

**निष्कर्ष**

आफूलाई सान्दर्भिक लागेको यस क्षेत्रको लेखाजोखा गर्ने । वेलामा एक पटक फेरि अन्य क्षेत्रमा जान उपयुक्त लागेमा जान सकिन्छ ।

आफ्ना प्रमुख परिणामहरूलाई सङ्क्षेपीकरण गर्नुहोस् । नीतिबाट प्रभावित समूहको मानवअधिकारहरूमा नीतिको कस्तो प्रभाव परेको छ ?

के नीतिले विशेष समूहका व्यक्तिहरूको मानवअधिकारलाई नकारात्मक प्रभाव पारेको छ वा वास्ता नगरेको छ ? कुन अधिकारहरू कसरी हनन् भएका छन् ? सकारात्मक असरहरू पनि छन् कि ?

62 Beijing platform for action : violence against women,para 125 j
63 Beijing platform for action : violence against women,para125 d
64 Council of Europe committee of ministers;recommendation 15 82

## नीति तथा यसको प्रभावले सहभागिता, अविभेद र लैङ्गिक समानताको सिद्धान्तलाई पूरा गर्दछ ?

नीतिको विकास, कार्यान्वयन तथा मुल्याङ्कनमा राज्यले सधै विशेष मानव अधिकारको सिद्धान्तलाई खासगरी सहभागिता, अविभेद तथा लैङ्गिक समानतालाई दृष्टिगत गर्नुपर्दछ । तसर्थ यी सिद्धान्तहरूलाई डोभाको लेखाजोखाको एक प्रमुख भागको रूपमा जाँच गरिनु पर्दछ ।

### ५.२ नीतिबाट प्रभावित समूहले आफ्नो विकास, कार्यान्वयन तथा मुल्याङ्कनमा भाग लिएका थिए वा लिन्छन् ?

**व्याख्या :** चरण ३ मा कसरी व्यक्ति, गैसस, नागरिक समाज तथा संस्थाहरूले नीति निर्माण र कानुनमा प्रभाव पार्छन् भन्नेबारेमा थाहा पायौं । अब यहाँ व्यवहारमा के हुन्छ भन्नेबारे छलफल गरिनेछ । के प्रभावित समूहहरू निर्णय प्रक्रियामा सहभागी भए वा हुन्छन् ? चरण ३ मा  छलफल गरिएको सहभागिताको बारेमा ध्यान दिउँ । तलका प्रश्नहरू सरकारले सहभागिताको सिद्धान्तलाई पूरा गरिरहेको छ कि छैन भनी हेर्ने सूचकहरू हुन् ।

के सरकारले नीतिबाट प्रभावित समूह तथा अन्य सम्बन्धित सरोकारवालाहरूलाई नीतिको विकास, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन कार्यमा सक्रिय रूपमा सहभागी गराउन कदम चालेको छ ?

यदि छ भने सहभागिताको आयोजना कसरी गरिएको थियो ? कसको सहभागिता भयो वा हुन्छ र उनीहरूले कसको प्रतिनिधित्व गरे/गर्नेछन् ? यदि प्रभावित समूह नीतिको प्रक्रियामा सहभागी भएनन् भने उनीहरूले के कस्ता बाधा अड्चनहरूको सामना गर्नु पर्‍यो वा पर्नेछ ? उनीहरूलाई सहभागी नगराउने विषयमा सरकारको तर्क कस्तो थियो ? यसको उदाहरण दिन सकिन्छ ?

नीतिगत निर्णय लिनको लागि सहभागी हुन चाहिने सूचनाहरूमा के प्रभावित समूहहरूको पहुँच छ ? यदि छैन भने के के कठिनाइहरू छन् ? उदाहरण दिनुहोस् ।

के प्रभावित समूहहरूले राज्य तथा रोजगारदाताहरूको कुनै डर तथा मञ्जुरीविना स्वतन्त्ररूपले आफ्नो विचार अभिव्यक्त गर्न सक्छन् ?

**निष्कर्ष** : के नीतिले सहभागिताको सिद्धान्तलाई पूरा गर्दछ ?

### ५.३ के समूह विशेषलाई नीतिले विभेद गर्दछ ? के यो भेदभावपूर्ण तरिकाले लागू हुन्छ ? अथवा के यसको भेदभावपूर्ण असर पर्दछ ?

**व्याख्या :** विभेदले जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिका आस्था तथा अन्य विचारमा आधारित विभेद, असमावेशी प्रतिवन्ध तथा प्राथमिकतालाई समेट्छ । कुनै पनि असमावेशी प्रतिवन्ध तथा प्राथमिकता जस्ता आधारहरूले जाति, रङ्ग, लिङ्ग भाषा, धर्म, राजनीतिक आस्था तथा अन्य विचारहरू, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म तथा अन्य हैसियतहरूलाई समेट्छ जसको उद्देश्य वा प्रभाव हो समान धरातलमा सबै व्यक्तिहरूले उपभोग गर्न पाउने सबै अधिकारहरू र स्वतन्त्रतालाई निषेध गर्नु (CICCPR सामान्य सुझाव नं १८) । घरेलु हिंसा रोकथामका कदमहरूबाट व्यक्तिहरू खासगरी विशेष समूहका, जस्तै जोखिममा रहेका वा सीमान्तकृत समूहहरूकाबीच भेदभाव गर्न सकिदैन । कुनै नीतिले लिङ्ग वा उमेरका आधारमा प्रत्यक्ष रूपमा व्यक्तिहरूको स्वतन्त्र आवागमनमा बन्देज लगाउन सक्दछ तथा परोक्ष रूपमा पनि गर्न सक्दछ । यसको अर्थ के हो भने निष्पक्ष रूपमा तर्जुमा गरिएको नीतिका पनि विभेदपूर्ण प्रभावहरू हुन सक्दछन् किनभने त्यसले केही समूहहरूलाई तुलनात्मक रूपमा बढी प्रभाव पार्दछ । उदाहरणका लागि केही देशहरूमा नागरिकहरूलाई घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जान कानुनी प्रतिबन्ध लगाइन्छ । त्यस्तो कानुनको ध्येय नागरिकलाई सम्भावित शोषणबाट बचाउनु हो । औपचारिक रूपमा कानुन सबै नागरिकका लागि समान हुन्छ र विभेद गरिदैन तर परोक्ष रूपमा त्यसले महिलाहरूमाथि विभेद गर्दछ । किनभने घरेलु कामदारका रूपमा खास गरी महिलाहरू जान्छन् । यसप्रकार कुनै अवस्थामा कानुन वा नीति आफैमा विभेदकारी हुँदैन, तर अन्य कानुन र नीतिहरूसँग संयुक्त रूपमा त्यसको प्रभाव विभेदकारी हुन्छ ।

**प्रश्नहरू**

- नीति र यसको कार्यान्वयनले विशेष समूहलाई भेदभाव गरेको छ कि छैन ? यदि छ भने कुन समूहलाई कसरी भेदभाव गरेको छ ?
- के नीतिले भेदभावपूर्ण नतिजा निकाल्दैछ अर्थात त्यसले समूह विशेषलाई असमानुपातिक प्रभाव पारिरहेको छ ?
- के नीतिले विशेष समूहको भेदभाव, कलंकित, सीमान्तीकरण, सामाजिक बहिस्कारमा थप प्रभाव पारिरहेको छ। यदि छ भने कसरी ?
- के सरकार नीतिले विशेष समूहलाई भेदभाव गरेको छ, या भेदभावपूर्ण नतिजा निकाल्दैछ भन्ने कुरामा सचेत छ ?
- के भेदभावको विरुद्धमा उजुरी गर्ने संयन्त्र छ ? यदि छ भने के त्यो नीतिबाट प्रभावित समूहहरूको पहुँचमा छ र के त्यसले उनीहरूलाई प्रभावकारी उपचार प्रदान गरेको छ ? यदि छैन भने के के अप्ठ्याराहरू छन् ?

**निष्कर्ष** : के नीति अविभेदको सिद्धान्तअनुरुप छ ?

### ५.४ के नीतिले महिलालाई पुरुषभन्दा फरक तरिकाले असर पार्दछ ? के नीतिले लैङ्गिक समानताको सुनिश्चितता गर्दछ ?

**व्याख्या :** लैङ्गिक समानताको अर्थ महिला र पुरुषलाई समान मूल्य प्रदान गर्नु हो । यसले पुरानो विचारधारा तथा पक्षपातपूर्ण व्यवहारका कठिनाईहरूलाई दूर गर्ने काम गर्दछ ताकि दुवै लैङ्गिक समूहहरू समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक विकासमा समान योगदान दिन तथा लाभ प्राप्त गर्न सक्षम होउन् । महिला तथा बालिकाविरुद्धको भेदभाव जस्तै लैङ्गिक हिंसा, आर्थिक भेदभाव, प्रजनन स्वास्थ्यमा असमानता तथा हानिकारक परम्परागत व्यवहारहरू असमानताका सबैभन्दा व्यापक भेदभावको रूप हो ।

नीतिले महिलालाई पुरुषभन्दा फरक किसिमले कसरी असर पार्छ भन्ने विषयलाई ध्यानमा राखी मानवअधिकारको खाकाले विशेषतः महिला तथा पुरुषबीच समानताको बारेमा विशेष ध्यान दिन्छ । लैङ्गिक परम्परागत सोचको विरोध गर्नु भनेको लैङ्गिक समानता प्राप्तिको एक भाग हो । नीतिले परम्परागत सोचको भूमिकालाई बल प्रदान गर्न सक्दछ । उदाहरणको लागि घरेलु हिंसाका पीडितहरूलाई असहाय तथा निरीहको रूपमा चित्रण गर्नु । अर्को उदाहरणको रूपमा महिलाहरू व्यावहारिक रूपमा स्वीकार्य कामभन्दा बाहिर गए भने त्यस्ता महिलाहरू, परम्पराबादी सोचले गर्दा हिंसा पीडित हुन पुग्छन् । महिलाले आफ्नो जीवन साथी आफैले चयन गरेमा "परिवारको मर्यादा" भङ्ग गरेमा उनीमाथि दुर्व्यवहार गर्नुका साथै मार्न पनि सक्दछन् । केही देशहरूमा यसप्रकारका अपराध गर्ने दोषीलाई सजाय हुँदैन अथवा कम सजाय हुन्छ ।

**प्रश्नहरू**

- के नीतिले महिलाहरूलाई पुरुषभन्दा फरक तरिकाले असर पार्दछ ? यदि पार्छ भने कसरी ?
- परम्परावादी लैङ्गिक भूमिकामा नीतिले कस्तो असर पार्दछ ? के यसले परम्पराबादी सोचलाई नै जोड दिन्छ वा त्यसलाई चुनौती दिन्छ ?
- के महिलामाथिको भेदभावविरुद्ध उजुरी दर्ता गर्ने संयन्त्र छ ? यदि छ भने के त्यो प्रभावित महिलाहरूको पहुँचमा छ ? यदि छैन भने के के कठिनाईहरू छन् ?

**निष्कर्ष** : के नीति लैङ्गिक समानताको सिद्धान्तअनुरुप छ ?

आफ्ना मुख्य परिणामहरूलाई सङ्क्षेपमा उल्लेख गर्नुहोस् । के नीति तथा त्यसको कार्यान्वयन प्रक्रियाले मानव अधिकारको सिद्धान्तहरूलाई सम्मान गरेको छ ? यदि छैन भने कुन सिद्धान्तहरूलाई यसले उल्लंघन गरेको छ र किन ? प्रभावित समूहहरूले सहभागिताको सिद्धान्त, अविभेद तथा लैङ्गिक समानताको सम्मानका सिद्धान्त सम्बन्धमा के कस्ता विशिष्ट समस्याको अनुभव गरेका छन् ?

### चरण ५ को समष्टिगत निष्कर्ष

**के नीतिले मानव अधिकारलाई नकारात्मक रूपमा असर पारेको तथा उल्लङ्घन गरेको छ ? के कानुन तथा नीतिको सकारात्मक असरहरू फेला परेका छन् ?**

तपाईको सबैभन्दा महत्त्वपूर्ण निष्कर्षहरू के के हुन् ? के के सकारात्मक तथा नकारात्मक प्रभावहरू फेला परेका छन् ? कुनै विशेष मानव अधिकारको उल्लङ्घन भएको पहिचान छ ? कुन अधिकारहरू प्रभावित भएका छन् ? कस्ता अधिकार हनन् भएका तथा नकारात्मक प्रभावहरू देखापरेका छन् र कस्ता तर्कहरू उत्पन्न भएका छन् भन्नेबारे निष्कर्षमा वर्णन गर्नुहोस् । निष्कर्ष कुन स्रोतहरूमा आधारित छन् त्यो पनि उल्लेख गर्नुहोस् । नीतिका सम्भावित सकारात्मक असरहरूको बारेमा उल्लेख गर्नुहोस् । त्यसले चरण ७ मा सल्लाह सुझाव दिन सहयोग गर्नेछ ।

यस विन्दुमा, आफूसँग भएका सूचनाहरू निष्कर्ष निकाल्न पर्याप्त छ/छैन भन्ने बारे समय लिएर मुल्याङ्कन गर्नु पर्छ । के प्रभावित तथा उल्लङघन भएका विशेष अधिकार वा अधिकारका पक्षहरूका बारेमा पर्याप्त तर्कहरू छन् ? यदि छैनन् भने पछाडि फर्केर विशेष मुद्दामा आवश्यक मात्रामा सूचनाहरू सङ्कलन गर्नुपर्छ । यसको लागि निम्न प्रश्नहरूमा विचार पुऱ्याउन सकिन्छ

- के सम्बन्धित सूचना अपुग छ ?
- के थप सूचना सङ्कलन गर्नुपर्ने गरी नयाँ मुद्दा उठेको छ ?
- के सूचनाहरू बाझिएका छन् वा परस्परविरोधी व्याख्याहरू छन् जसलाई हल गर्नु आवश्यक छ ?

यदि महत्त्वपूर्ण सूचना अझै अपुग छ भन्ने अनुभूति भएमा यो रिक्तता पूरा गर्नको लागि योजना तयार पार्नुहोस् । के अझै कागजपत्रहरू सङ्कलन गरिनुपर्ने छ ? के तपाईका उत्तरदाताहरूलाई फेरि भेट्नुपर्ने छ ? अथवा कोही नयाँ व्यक्तिसँग कुरा गर्नुपर्ने आवश्यक छ ? के बाहिरी विज्ञहरूसँग केही मुद्दामा सम्पर्क गर्नु आवश्यक छ ?

चरण २ र चरण ५ मा मानवअधिकार तथा अन्तर्राष्ट्रिय नीतिका प्रतिबद्धता तथा राज्यले गर्न सक्ने उल्लंघनहरूको बारेमा पहिचान गऱ्यौं । यस चरणमा हामी हाम्रो समस्यासँग सम्बन्धित राज्यको दायित्वमा मुख्य रूपमा केन्द्रित हुनेछौं । यसमा राज्यले के गर्ने वचन दिएको छ र वास्तविक व्यवहारमा के नतिजा छ भन्ने बारे पत्ता लगाउँनेछौ । यो विश्लेषणको अन्तिम चरण हो । यसमा चरण ५ मा पत्ता लगाइएका उल्लंघनका विषयहरूलाई राज्यको दायित्वसँग जोडेर हेर्नेछौं । चरण ६ को अन्त्यमा प्रभावित व्यक्तिको मानवअधिकारको प्रवर्द्धन र सम्मान गर्ने परिवर्तनका लागि लवि गर्न बलियो तर्कसहितको निष्कर्ष लेख्नेछौं ।

## राज्यको जवाफदेहिताका मानव अधिकारवादी पक्ष

जवाफदेहिता भन्नाले अन्तर्राष्ट्रिय कानुन अन्तर्गत आफ्नो दायित्व पूरा गर्न राज्य असफल रहेकोमा राज्यलाई जिम्मेवार बनाइन्छ। राज्यले आफ्नो दायित्वको उल्लङ्घन आफ्नो कामबाट साथै कुनै भुलचुकबाट पनि गर्न सक्छ । उदाहरणको लागि मानवअधिकारको उल्लंघनबाट व्यक्तिको सुरक्षा गर्न असफल हुनु ।

यदि कुनै व्यक्तिले मानवअधिकारको उल्लंघन गर्छ भने पीडितको सुरक्षा र उसको मानवअधिकारको सम्मान गर्ने कार्य राज्यको दायित्वभित्र पर्दछ । राज्य र यसको प्रतिनिधिका रूपमा सरकारलाई प्रभाव पार्नु छ अथवा मानव अधिकारको उल्लंघनको लागि जवाफदेही बनाउनु छ भने केही आवश्यकताहरू पूरा गर्नुपर्ने हुन्छ ।

आफ्नो त्रुटिको बारेमा राज्यलाई सूचित गर्नु पर्दछ । सरकारी निकाय तथा प्रतिनिधिहरू जस्तै मन्त्रालय, स्थानीय प्रशासन, राज्यका अन्य निकायहरू, जसले स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय तहमा काम गर्छन् । राज्यको कार्यप्रति जिम्मेवार हुन्छन् । मानव अधिकारको सम्मान गर्नु तथा त्यस्तो गर्न असफल रहेमा कारवाही गर्नु राज्यको जिम्मेवारी हो । सार्वजनिक निकाय तथा संस्थागत क्षमता बोकेका कार्यवाहक व्यक्तिहरूबाट मानव अधिकारको उल्लंघन हुने काम जस्तै उत्तेजित, उक्साउने, मौन सहमति अथवा अन्य कारणले सहभागी अरु अवैध कार्यमा संलग्न हुनबाट रोक्नु राज्यको जिम्मेवारी हो । यसका कर्मचारीहरूले जब मानव अधिकार उल्लंघनको विषयमा थाहा पाउँछन् र त्यसको रक्षार्थ वा प्रतिकारको लागि कारवाही गर्न असमर्थ हुन्छन् तब राज्य त्यसको जिम्मेवार रहन्छ । यसले मानव अधिकारको सन्धिहरूमा अनुमोदन गरेका सम्मान, सुरक्षा तथा पूर्णताको दायित्वलाई समेट्दछ ।

सम्मानको दायित्व भन्नाले राज्यले आफू बाध्य हुने गरी गरेका सन्धिद्वारा प्रदत्त अधिकारमा सरकारले व्यक्तिको मानव अधिकारको उपभोग गर्ने अधिकारमाथि कुनै पनि प्रकारको बन्देज अथवा हस्तक्षेप गर्ने कार्य गर्न पाउँदैन भन्ने हो । सुरक्षाको दायित्व भन्नाले सरकारले राज्य पक्ष र गैर राज्य पक्षलाई (गैसस, सेवा प्रदायक, दातृ संस्था अथवा व्यक्ति) मानवअधिकारको उल्लंघन गर्न दिनु हुँदैन र तेस्रो पक्षबाट भएको मानवअधिकारको उल्लंघनको रोकथामका उपायहरू अपनाउनु पर्दछ । अधिकारको उल्लंघन भएका व्यक्तिहरूलाई उपचार उपलब्ध गराउनको लागि उजुरीको संयन्त्र हुनु पर्दछ । सुरक्षाको दायित्वभित्र रोकथामको दायित्व, अनुसन्धान तथा मानवअधिकारको दुर्व्यवहारको मुद्दा दर्ता गर्ने प्रक्रिया पर्दछ ।

"पूरा गर्ने दायित्व" भन्नाले सरकारले व्यक्तिलाई मानव अधिकारको उपभोग लिन सहयोग र सक्षम बनाउन सकारात्मक उपाय अपनाउनु पर्दछ (परम्पराबादी सोचलाई हटाउने) ।

## गैर राज्य पक्ष

केही अवस्थामा राज्य व्यक्ति तथा कानुनी व्यक्तिको परिचालन गर्न जिम्मेवार रहन्छ । राज्यले आफ्नो दायित्वको उल्लंघन गर्दछ जब व्यक्ति तथा संस्थाहरू दुर्व्यवहारको रोकथाम, जिम्मेवार तथा उपचार गर्न यथोचित परिश्रम गर्न, तथा उपयुक्त उपाय अपनाउन असमर्थ रहन्छ । अर्थात प्रश्नको सञ्चालनमा नियन्त्रण गर्ने केही प्रक्रियामा जब यो समर्थन, मञ्जुर हुन्छ ।

## अगाडि बढ्ने : प्रगतिशील दायित्व बोध

घरेलु हिंसाको पीडित/जोखिममा परेकाहरूको अवस्था सुधारको दायित्व राज्यको हुन्छ। राज्यले यस अधिकारको बोध गर्न सचेत ठोस कदम चाल्नु पर्दछ । यसको प्रगतिको गति राज्यको विशेष अवस्थामा निर्भर गर्दछ र त्यो राज्य राज्यबीच भिन्न भिन्न रूपमा हुन सक्छ। यदि अधिकार कार्यान्वयनको अभावको मुख्य कारण पर्याप्त स्रोतहरूको अभाव हो भने सरकारले अन्तर्राष्ट्रिय सहयोग लिनु पर्दछ।

## पछाडि फर्केर हेर्दा : गैर अवनतिको दायित्व

अवस्था बिग्रँदै गएको छ भने सरकारलाई निष्कृय रहने अनुमति हुँदैन, न त उसले अधिकार उपभोग गर्ने मात्रालाई कम गर्ने उपाय नै अपनाउन सक्छ। सरकारले अधिकार उपभोगलाई कम गर्ने उपाय अपनाएमा त्यो निर्विकल्प एक बलियो मुद्दा बन्न जान्छ । सरकारले यो काम कमसेकम सबैभन्दा उत्पीडित समूहलाई बचाउनको लागि गरिएको हो भन्ने कुरा स्पष्ट देखाउनु सक्नु पर्दछ।

## अन्तर्राष्ट्रिय नीतिको मापदण्ड

राज्य कानुनी रूपमा अन्तर्राष्ट्रिय अधिकारको मापदण्डबाट बाधिएको हुन्छ भने राजनैतिक रूपमा अन्तर्राष्ट्रिय नीतिको मापदण्डबाट बाँधिएको हुन्छ । यो लवि तथा पैरवीको क्रममा कुनै अवस्थामा मानव अधिकार मापदण्ड तथा कुनै अवस्थामा अन्तर्राष्ट्रिय नीतिको मापदण्डमा भरोसा गर्न सकिन्छ। (अध्याय ३ मा हेर्नुहोस्)

## जवाफदेहिताको आङ्कलन

चरण ६ का प्रश्नहरूको उत्तर दिनु अगाडि सबै चरणहरूको निष्कर्ष निकालिएको छ वा छैन भन्नेबारे र चरण ६ को उत्तर दिंदा ती सूचनाहरू उपलब्ध छन् छैनन् भनी सुनिश्चित गर्नु पर्दछ। सरकारको र राज्यको जवाफदेहिताको बारेमा सिंहावलोकन गर्न पृष्ठ नं ७६ का परिणामहरूलाई प्रयोगमा ल्याउन सकिन्छ।

### मुख्य प्रश्नहरू

- पहिचान गरिएको नकारात्मक असर तथा उल्लंघनले राज्यको मानव अधिकारको दायित्वको उल्लंघन गर्दछ ?
- पहिचान गरिएको नकारात्मक असर तथा उल्लंघनले राज्यको अन्तर्राष्ट्रिय नीतिको प्रतिबद्धतालाई उल्लंघन गर्दछ ?
- पहिचान गरिएको नकारात्मक असर तथा अधिकार उल्लंघन राज्यको दायित्व अन्तर्गत पर्दछ ?
- सरकारले आफ्नो दायित्व पूरा गर्दा सामाना गर्नु पर्ने मुख्य बाधाहरू के के हुन् ?

यस चरणमा प्रयोग गरिने सूचनाहरू अघिल्लो चरणहरूमा सङ्कलन गरिएका उत्तर तथा सूचनाहरूबाट प्राप्त हुन्छ। चरण १ का उत्तरहरूले मुख्य पक्षहरू तथा प्रभावित समूहको बारेमा सूचना प्रदान गर्दछ । चरण २ ले सरकारको प्रतिबद्धता, चरण ३ र ४ ले सरकारको कार्यान्वयनको क्षमताको बारेमा सूचना प्रदान गर्दछन्। चरण ५ ले सम्भावित अभ्यासहरू तथा अन्तर्राष्ट्रिय स्तरको सम्भावित उल्लंघनको बारेमा सूचना प्रदान गर्दछ।

## पहिचान गरिएको नकारात्मक असर तथा उल्लंघन राज्यको मानव अधिकारको दायित्वभित्र पर्दछ ?

**व्याख्या :** पहिचान गरिएको नकारात्मक असर तथा उल्लंघनले राज्यले मानव अधिकारको दायित्व निर्वाह नगरेको नतिजा निर्धारण गर्दछ कि भन्नको लागि अभ्यासमा भएका नीतिको असरलाई राज्यले अभिव्यक्त गरेका मानव अधिकारका प्रतिबद्धतासँग दाँज्नु पर्दछ । यदि अधिकारहरू नकारात्मक रूपमा प्रभावित छन् भने अथवा उल्लंघन भएका छन् भने नीति बाझेको विशेष मानव अधिकारको पहिचान गर्न सकिन्छ ।

चरण ५ मा सङ्कलन गरिएका उत्तरहरूमा जानुहोस् र मुख्य रूपमा पहिचान गरिएका असरहरूलाई पेज नं ७६ को टेवलको पहिलो कोलममा उल्लेख गर्नुहोस् ।

### ६.१ कस्तो सकारात्मक प्रभावको पहिचान भयो ?

**व्याख्या :** सकारात्मक प्रभावको पहिचान भएको खण्डमा त्यसको (सकारात्मक प्रभावको) लागि को जिम्मेवार छ भन्ने बारे टिप्पणी लेख्नुहोस् । यो निष्कर्ष नीतिगत सुधारको लागि सल्लाह सुझाव र एउटा पूर्ण तथा सुक्ष्म परिस्थितिको चित्रण गर्नको लागि एक उपयोगी सूचना हुन सक्छ ।

### ६.२ के प्रगतिशील अनुभूतिको दायित्व लागू हुन्छ ?

**व्याख्या :** प्रगतिशील दायित्व अनुभूतिको लागि महिला अधिकारको सुधारको लागि सरकारले जे गर्न सक्छ त्यो गर्नु आवश्यक हुन्छ । के हालको कानुन तथा नीतिले महिला मानव अधिकारको प्रगतिशील अनुभूति गर्न योगदान गर्दछ ? चरण ७ मा लवि र पैरवीको रणनीति तयार गरिदा प्रगतिशील अनुभूतिको दायित्वको सम्बोधन पनि गरिनेछ ।

के कानुन तथा नीतिको परिवर्तन अथवा नयाँ नीतिको निर्माण गरेर सरकारले महिला अधिकारको सम्बन्धमा धेरै प्रगति हासिल गर्न सक्छ ? शायद नीतिका केही असरहरू यथास्थितिमा जस्ताको तस्तै रूपमा रहन सक्दछन् । (यसलाई पेज नं ७६ को टेवल नं २ मा नोट गर्नुहोस्)

### ६.३ के सद्भावको दायित्व लागू हुन्छ ?

**व्याख्या :** यदि मानव अधिकारको अपरिहार्य ह्रास वा गिरावट नीतिको असरको नतिजाको रूपमा छ भने त्यहाँ सद्भावको दायित्वको उल्लंघन भएको हुन्छ । त्यस्तो अपरिहार्य गिरावटको त्याग गर्न सरकारले आवश्यक कदम चाल्नु पर्दछ । सरकारलाई मानव अधिकारको गिरावटको लागि माफ पनि गर्न सकिन्छ, यदि :

- गिरावटलाई त्याग गर्न नसकिने छ
- गिरावटको रोकथामको लागि सरकारले सबै कार्य गरिसकेको छ
- सरकारले समस्याको सम्बोधनको लागि अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गरेको छ ।
- सरकारले गिरावटबाट प्रभावित समूहको सुरक्षा गरेको छ (कृपया यसलाई पेज ७२ को टेवलको तेस्रो कोलम मा उल्लेख गर्नुहोस्) ।

### ६.४ सम्मान, सुरक्षा तथा मानव अधिकारको पूर्णताको दायित्व पूरा गर्न सरकार असफल हुनु कुन असरको परिणाम हो ?

**व्याख्या :** पहिलो कोलममा उल्लेख भएको नीतिको असरले सम्मान, सुरक्षा तथा मानव अधिकारको पूर्णताको दायित्व लागू गर्न यस अध्यायको पहिलो खण्डले सहयोग गर्छ । यसलाई दोस्रो कोलमको उपयुक्त स्थानमा उल्लेख गर्नुहोस् । सधैं सम्मान गर्न विफल, सुरक्षा र पूर्णताको बीचको विभेद स्पष्ट रूपमा छुट्याउन सकिदैन भने तिनीहरूबीच नजिकको अन्तरसम्बन्ध हुन्छ । उदाहरणको लागि चीनको घरेलु हिंसासम्बन्धी कानुनले अविवाहित पीडितलाई पर्याप्त नियम उपलब्ध गराउँदैन र कानुनी अन्तरले गर्दा अविवाहित पीडितलाई मानव अधिकार प्राप्त गर्न अवरोध गर्दछ । पेज नं ७२ को टेवलको कोलम नं २ मा उल्लेख गर्नुहोस् ।

**६.५ महिलाको सहभागिता तथा प्रभावकारीताको सुनिश्चितताको लागि नीतिमा प्रभावकारी उपाय संलग्न गराएको छ ?**

**व्याख्या :** सहभागिताको अधिकार मानवअधिकारको एक महत्त्वपूर्ण दायित्व हो । व्यक्ति तथा समूहको निर्णय प्रक्रियामा सहभागिताको सुनिश्चितता गर्ने संयन्त्र (जसले उनीहरूको विकासमा असर गर्छ) लाई अङ्गको रूपमा राखिनु पर्दछ ।

**६.६ के सरकारले नीतिको कार्यान्वयनमा भएको भेदभावलाई रोक्नको लागि धेरै काम गरेको छ वा नीतिको प्रभावको बारेमा केही गरेको छ ?**

**व्याख्या :** चरण ५ को प्रश्न नं ५.३ को आधारमा सरकारले नीतिको सम्बन्धमा भेदभाव रोकथामको लागि प्रभावकारी रूपमा केही काम गरिरहेको छ या अझै धेरै गर्नुपर्ने छ कोलम २ मा उल्लेख गर्नुहोस् ।

**६.७ के सरकारले नीतिले लैङ्गिक समानतालाई प्रवर्द्धन गर्छ भन्ने बारे सुनिश्चित गर्दछ ?**

व्याख्या : चरण ५ को प्रश्न नं ५.४ को आधारमा सरकारले नीतिको सम्बन्धमा लैङ्गिक समानताको सुनिश्चिततामा प्रभावकारी छ या अझै थप गर्नु आवश्यक छ । (कोलम नं २ मा उल्लेख गर्नुहोस्)

**६.८ के पीडितको स्वयत्ततामा नीतिले प्रभाव पार्दछ ?**

**व्याख्या :** घरेलु हिंसा रोक्नको लागि एउटा सबैलाई थाहा भएको चुनौती भनेको पीडितले उजुरी गर्न चाहन्न पनि सक्छ र उजुरी फिर्ता लिन पनि सक्छ । तसर्थ केही कानुन तथा नीतिमा हिंसा पीडितको स्वायत्ततालाई कमजोर बनाउने नियमहरू रहेका हुन सक्छन् ।

व्यक्तिले उनीहरूले हिंसाको अनुभव कसरी गरे र अगाडि बढ्नको लागि कस्तो रणनीति अपनाउने भन्नेहरू भिन्नता छुट्याउँछ । स्वायत्तता मानव अधिकारको महत्त्वपूर्ण सिद्धान्त हो । कानुन तथा नीतिले यसलाई कमजोर पार्ने अथवा पीडितको स्वायत्ततामा नकारात्मक प्रभाव पार्नु हुँदैन । कोलम नं २ मा उल्लेख गर्नुहोस्)

**६.९ के सरकारले पेशाकर्मी तथा कर्मचारीहरूलाई घरेलु हिंसामा चेतना अभिबृद्धि गर्न तथा सम्वेदनशील बनाउन तालिम तथा क्षमता अभिबृद्धिमा लगानी गरेको छ ?**[६५]

**व्याख्या :** चरण ४ को प्रश्न नं ४.८ देखि ४.१० सम्मको आधारमा सरकारले नीति अर्न्तगत क्षमता अभिवृद्धिमा लगानी गरिरहेको छ या अझै थप गर्नुपर्छ । (कोलम नं २ मा उल्लेख गर्नुहोस्)

**६.१० के सरकारले नीतिको मुल्याङ्कन र मुलभूत अनुसन्धान कार्यक्रमसहित तथ्याङ्कको संकलन, तुलना तथा प्रकाशन गरेको छ ?** [६६]

**ब्याख्या :** चरण ४ को प्रश्न नं ४.११ र ४.१२ को उत्तरको आधारमा या नीतिको आधारमा सरकारले प्रभावकारी रूपमा सम्बन्धित तथ्याङ्कहरू संकलन गरेको छ या अझै धेरै थप गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्नुपर्छ ।

**६.११ के सरकारले घरेलु हिंसाको व्यवहारमा शंसोधन ल्याउन सहयोग तथा कार्यक्रमको कार्यान्वयन गरेका छन् ?**

**व्याख्या :** चरण ५ को उत्तरको आधारमा सरकारले प्रभाकारी रूपमा व्यवहार र अवस्था परिवर्तन गर्न सहयोग तथा कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ वा छैन या अझै थप गर्न आवश्यक छ भन्ने बारेमा निष्कर्ष निकाल्नु पर्दछ ।

---

65 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19

66 Report of the special Rapporteur on violence against women;indicators on violence against women and state response, page 19

### ६.१२ के पहिचान गरिएका नकारात्मक प्रभाव तथा उल्लंघन राज्यको अन्तर्राष्ट्रिय नीति तथा कानुनको प्रतिवद्धताको बिरुद्धमा छ ?

**व्याख्या :** डोभा खासगरी रूपमा राज्यको मानवअधिकारको दायित्वप्रति केन्द्रित छ । आफ्नो राज्यको अवस्थाको आधारमा राज्यको अन्तर्राष्ट्रिय नीतिको प्रतिवद्धताको बारेमा लवि पैरवी गर्नु रणनीतिक हुन्छ कि हुँदैन भन्ने कुरा छनौटमा भर पर्दछ । यदि सकिन्छ भने यस प्रश्नमा धेरै समय दिनु पर्दछ ।

पहिचान गरिएको नकारात्मक प्रभावहरू राज्यको अन्तर्राष्ट्रिय नीतिको प्रतिवद्धतासँग बाझिएको छ भने यो अभ्यासमा नीतिको प्रभावलाई राज्यको अन्तर्राष्ट्रिय नीतिको प्रतिवद्धतासँग दाज्नु पर्दछ । पहिचान गरिएको प्रभावलाई विशेष नीतिको प्रतिवद्धतासँग दाजेर हेर्नु पर्दछ । (पेज नं ७२ मा भएको टेबलको कोलम २ मा हेर्नुहोस्) ।

### ६.१३ के सरकार पहिचान गरिएको दायित्वप्रति प्रतिवद्ध छ ।

**व्याख्या :** प्रश्नको उत्तर दिनको लागि चरण २ र कोलम २ को आधारमा उल्लेख भएका प्रतिवद्धताहरू हेनुहोस् । यदि सरकार पहिचान गरिएको दायित्वले बाँधिएको छ भने त्यसको लेखाजोखा गर्नुपर्दछ ।

**निष्कर्ष :** कृपया प्रतिवद्धताहरूलाई टेबलको तेस्रो कोलममा लेख्नुहोस् । सम्भव भएसम्म पूरै सन्धिमा नभएर ऐनमा सटिक रूपमा चर्चा गर्नुहोस् । सरकारले विशेष रूपमा सिडो, ICESR तथा अन्य महत्त्वपूर्ण सन्धिहरू अनुमोदन गरेको छैन भने दायित्व तथा उल्लंघनलाई समावेश गर्ने प्रतिवद्धतालाई खोज्न सक्षम नहुन पनि सकिन्छ । त्यस्तो अवस्थामा सरकारलाई जवाफदेही बनाउन कठिन हुन्छ । सम्बन्धित मानव अधिकारको महासन्धि तथा अन्तर्राष्ट्रिय नीतिका मापदण्डहरू अनुमोदन गर्नका लागि लवि गर्न ध्यान केन्द्रित गर्नु पर्दछ ।

## पहिचान गरिएको नकारात्मक प्रभाव तथा उल्लंघनले राज्यलाई असर गर्दछ ?

### ६.१४. चरण ५ मा पहिचान गरिएको नकारात्मक प्रभाव तथा उल्लंघनमा संलग्न मुख्य पक्षहरू को हुन् ? राज्य र संलग्न पक्षहरूबीच के सम्बन्ध छ ? राज्यका कुन निकाय वा प्रतिनिधिहरू संलग्न छन् ?

**व्याख्या :** यसको उत्तरको लागि चरण १ र ४ मा हेर्न सकिन्छ । पक्षको रूपमा राज्यका निकायहरू तथा प्रतिनिधिहरू साथै निजी रूपमा व्यक्तिहरू वा संस्थाहरू हुन सक्छन् । राज्यका पक्षहरू भन्नाले स्थानीय, क्षेत्रीय तथा राज्यका राष्ट्रिय अङ्ग वा प्रतिनिधिहरू जस्तै मन्त्रालयहरू, स्थानीय सरकार तथा निकायहरू, प्रहरी आदि हुन सक्छन् । स्थानीय सरकार तथा व्यक्तिगत रूपमा सरकारी कर्मचारीसमेत दोषी हुन सक्छन्, जस्तै भ्रष्टाचारका घटनाहरूमा राज्यका कुन पक्षहरू संलग्न भएका छन् भन्नेबारे ध्यान दिनुहोस् र सो अवस्थाका सन्दर्भमा सरकारको विभिन्न तहको विभिन्न भूमिका तथा जिम्मेवारी हुन सक्छ भन्नेबारे ध्यान दिनु पर्दछ । (कृपया टेबलको कोलम ४ मा उल्लेख गनुहोस् ।)

### ६.१५. यदि सरकारी निकाय बाहेकका अन्य पक्षहरू उल्लंघनमा संलग्न छन् भने के सरकारले हिंसाबाट प्रभावितहरूको सुरक्षा र नकारात्मक प्रभावलाई हटाउन वा रोक्न कुनै उचित र उपयुक्त उपाय अपनाउन यथोचित परिश्रम गरेको छ ?

**व्याख्या :** यदि सरकारी निकायभन्दा बाहिरका पक्षहरू उल्लंघनमा संलग्न छन् भने राज्य र पक्षबीचको सम्बन्धको बारेमा राम्रोसँग हेर्नु पर्दछ । अरु पक्षहरूलाई मानवअधिकारको दुर्व्यवहार गर्न तथा मानिसहरूलाई त्यस्तो दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्ने जिम्मेवारी राज्यको हुन्छ भन्ने कुरालाई ध्यानमा राख्नु पर्दछ । यस्तो गैर राज्य पक्षबाट भएको मानवअधिकारको उल्लंघनमा सरकारले रोकथामको लाीग उपाय खोज्नु पर्दछ । कुनै पनि परिस्थितिमा अन्य पक्षबाट गरेको उल्लंघनमा सरकार संलग्न हुनु हुँदैन । (कृपया टेबलको कोलम ४ मा उल्लेख गर्नुहोस् ।)

**६.१६ के नीति तथा त्यसको कार्यान्वयनको कमजोरीको मुख्य कारण स्रोतहरूको अभाव हो ?**

**ब्याख्या :** आर्थिक, कर्मचारी, सामानहरू, बाहिरी संरचना आदि स्रोतहरूबारे चरण ४ मा उपलब्ध स्रोतहरूको बारेमा हेर्न सकिन्छ । नीतिको उचित कार्यान्वयनको लागि सरकारले पर्याप्त स्रोतहरूको उपलब्धताको सुनिश्चितता गर्नु पर्दछ । (कृपया कोलम ५ मा उल्लेख गर्नुहोस्) ।

**६.१७ के सरकारले नीति तथा त्यसको कार्यान्वयनका कमजोरीको लागि अन्य बाधा अड्चनहरूलाई कारणको रूपमा लिएको छ ?**

ब्याख्या : आर्थिक तथा अन्य बाधा अड्चनहरू बाहेक चरण ३ र ४ मा उल्लेख भएका जस्तैः संस्कृति, धर्म, समाज, वातावरणीय तत्त्वहरू, संरचनात्मक समायोजन कार्यक्रम आदि सीमित तत्त्वहरूको उल्लेख गरिएका छन् । सरकारलाई यी तत्त्वहरूले नीतिको कार्यान्वयनमा अझै कठिनाई ल्याउँछ भन्ने कुरालाई स्वीकार गर्दै लवि गर्नु उपयोगी हुन्छ । यी बाधाहरूको बावजुद पनि मानवअधिकारको प्राप्तिको लागि नीतिले योगदान गर्दछ भन्ने सुनिश्चित गर्ने जिम्मेवारी राज्यको हो । (कृपया कोलम ५ मा उल्लेख गर्नुहोस्)

**६.१८ के नीति तथा त्यसको कार्यान्वयनमा सुधार गर्नको लागि सरकारले कुनै अन्तर्राष्ट्रिय प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रयास गरेको छ ?**

**ब्याख्या :** यदि स्रोतहरूको अभाव मुख्य बाधकको रूपमा रहेको छ भने मात्र यो प्रश्न उपयुक्त छ । प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्न खोज्नु सरकारले एक पाइला अगाडि सार्ने इच्छा प्रकट गरेको हो भन्ने बुझिन्छ । यस्तो अवस्था छ भने यो सूचनालाई लवि, पैरवीको रणनीतिमा समावेश गर्नुहोस् ।

**६.१९ के अन्य अन्तर्राष्ट्रिय सरकार तथा संस्थाहरूले आवश्यक सहयोगलाई बढाएको छ ?**

**ब्याख्या :** यदि स्रोतको अभाव रहेको छ भने मात्र यो प्रश्न उपयुक्त छ । मानव अधिकारको कार्यान्वयनमा सरकारले एक अर्कोलाई सहयोग गर्ने दायित्व हुन्छ । तसर्थ सरकारलाई सहयोग गर्ने अन्तर्राष्ट्रिय सरकार तथा संस्थाहरूसँगको लविलाई विस्तार गर्न विचार पुऱ्याउन सकिन्छ ।

**निष्कर्ष**

चरण ७ को टेवलमा उत्तरहरू भरेर निष्कर्षको झलक निकाल्न सकिन्छ । यसबाट कुन हदसम्म सरकारले काम गर्न असमर्थ रह्यो र के गर्नको लागि अपेक्षा गर्न सकिन्छ भन्ने पहिचान गर्नुपर्छ । यस चरणमा तथ्याङ्क संकलन र विश्लेषणको अन्त्य हुन्छ । चरण ७ मा विश्लेषणबाट प्राप्त नतिजालाई कसरी प्रयोग गर्ने र परिवर्तनको लागि लवि र पैरवीको योजना तयार पारिन्छ ।

*तालिका : सरकारको जवाफदेहिता र प्रभाव*

| **प्रभावित समूहमा समस्या र नीतिले पारेको मुख्य प्रभाव**<br><br>चरण ५ को उत्तर हेर्नुहोस् | **राज्यको दायित्वहरूसँग निम्न लिखित प्रभावहरू जोडिएर रहेको हुन्छ**<br><br>चरण २, ५ र ६ का उत्तर हेर्नुहोस् | **सरकारले नकारात्मक प्रभावको सम्बन्धमा निम्नलिखित प्रतिवद्धताहरू जनाएको छ**<br><br>चरण २, ५ र ६ का उत्तर हेर्नुहोस् | **जिम्मेवार पक्षहरू र राज्य पक्षहरूबीचको सम्बन्ध**<br><br>चरण १ र ६ हेर्नुहोस् | **कुन प्रभावको लागि सरकारलाई जवाफदेही बनाउने**<br><br>चरण ४ र ६ हेर्नुहोस् |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# चरण ७

# सुझाव र कार्य योजना

### उद्देश्य

चरण ७ ले डोभाको विश्लेषणबाट आएका नतिजाहरूलाई कार्य प्रक्रियामा जान सहयोग गर्छ। यसले सूचनाहरूलाई व्यवस्थित गर्न र संस्थागत तथा सञ्जालको रूपमा सुझावलाई बढावा दिनको लागि कस्ता गतिविधिहरूको विकास गर्ने भन्ने बारेमा सहयोग गर्छ। अब परिवर्तनको लागि अधिकारमुखी विश्लेषणलाई पैरवी गर्न कसरी प्रयोग गर्ने भन्ने बारेमा निर्णय लिन सकिन्छ ।

पैरवीको तयारीको लागि पहिले सम्बन्धित सरोकारवालाहरूलाई सूचित गर्नु पर्दछ । दोस्रोमा सिधै सरकारलाई दिने सुझाव र मागहरू तयार गर्नु पर्दछ । सम्भव भएसम्म महिला अधिकारको राम्रो प्रभावको नतिजा पाउन अवस्थालाई कसरी परिवर्तन गर्न सकिन्छ भन्ने बारेमा सुझाव विकास गर्न सकिन्छ । तेस्रोमा सरकारले हामीले चाहे अनुरुपको कार्य गर्छ भन्ने सुनिश्चित गर्न लवि र पैरवीको कार्ययोजना विकास गरिन्छ ।


तलको प्रवाह चित्रमा यसको प्रभाव र प्रक्रियाको बारेमा उल्लेख गरिएको छ

### सहभागिता

अन्तिम चरणमा सल्लाह सुझाव तथा कार्ययोजनालाई प्रभावकारी र प्रासंगिक बनाउनको लगि सबैभन्दा धेरै प्रभावित समूहलाई सहभागी बनाउनु महत्त्वपूर्ण हुन्छ । यस डोभाको विश्लेषणको मुख्य नतिजालाई सबैसँग आदानप्रदान तथा छलफल गरिनु पर्दछ । प्रभावित समूहलाई संलग्न गराउँदा यसले उनीहरूको सुझाव, विचार, आवश्यकता तथा चासोका कुराहरूलाई सुनिश्चित गर्ने अवसर प्रदान गर्दछ । यसो गर्नाले प्रभावित समूहलाई सक्षम बनाउँछ र यसले पैरवी गर्नमा सहयोग गर्दछ ।

### के तपाई आफ्नो परिणामको प्रतिवेदन तयार गर्नु हुन्छ ?

डोभाको प्रयोग र मुल्याङ्कन एक लचिलो प्रक्रिया हो । प्रतिवेदन लेख्न आवश्यक नभएको खण्डमा लेख्नैपर्छ भन्ने बाध्यता महसुस गर्नु पर्दैन। तथापि, मुख्य निष्कर्षमा आधारित प्रतिवेदन तयार पार्न सुझाव दिइन्छ ।



यो प्रतिवेदनले लवि गर्नलाई सहयोग गर्नेछ साथै अन्य आवश्यक स्रोतहरू र सामग्रीको विकास गर्न पनि सहयोग गर्नेछ। जस्तै लिफलेटहरू बनाउने। प्रतिवेदन लेखनले सङ्कलन गरिएका सूचनाको रेकर्ड छ भन्नेबारे सुनिश्चित गर्दछ। विशेष गरी आफू मुल्याङ्कनको टोलीमा काम गरिरहेको र परिणामहरूको संकलन गरिरहेको छ भने यसले कार्य योजना तयार पार्ने क्रममा टोलीका सबै सदस्यहरूसँग एकै प्रकारको सूचना छ भन्ने सुनिश्चित गर्दछ।

**विचार पुऱ्याउनुपर्ने कुरा**

**प्रारम्भिक परिणामहरूको बारेमा छलफल अथवा खेस्रा प्रतिवेदन**

जब मस्यौदा प्रतिवेदन बनाउन सकिन्छ, त्यो (मस्यौदा प्रतिवेदन) सबै मुल्याङ्कनको टोलीलाई विशेष गरी प्रभावित समूहहरूलाई दिन आवश्यक छ कि छैन भन्नेबारे छलफल गर्नु पर्दछ। यसमा कुनै कारणवश त्यो प्रतिवेदन सबैलाई पहिले नै पठाउन नमिल्न पनि सक्छ। यो आफ्नो निर्णयको कुरा हो।

यसमा तपाईले आफ्नो संस्थाका व्यक्तिहरू, बाहिरका विज्ञहरू अथवा आफ्नो विश्वासिलो व्यक्तिहरूबाट प्रतिवेदनमा टीका टिप्पणी गर्नको लागि अनुरोध पनि गर्न सक्नुहुन्छ। जो व्यक्तिहरू समालोचनामा संलग्न छैनन् उनीहरूलाई सोध्नु सधैं उपयोगी हुन्छ। उनीहरूले सजिलैसँग यो मस्यौदा प्रतिवेदनमा कहाँ छैन, कहाँ रिक्तता छ, सूचना कहाँनेर छुटेको छ, कहाँनेर फेरि लेख्नुपर्छ भन्ने बारेमा थाहा पाउन सक्छन्। त्यसले प्रतिवेदनको गुणस्तरमा सुधार ल्याउन सहयोग गर्छ।

यदि तपाईले मस्यौदा प्रतिवेदनलाई सबैमा प्रसार गर्नुहुन्छ र टिप्पणीको लागि सोध्नु हुन्छ भने त्यस प्रक्रियाले केही समय लिन्छ। पृष्टपोषणको लागि एउटा निश्चित अवधि तोक्नु पर्दछ। यसरी प्रतिवेदनलाई सुझावको लागि आफ्नो संस्था वा बाहिर पठाउँदा आएका सुझावहरू बाझिन सक्छन् र सबैलाई प्रतिवेदनमा समेट्न सकिदैन। तसर्थ अन्तिम प्रतिवेदन तयारीको जिम्मेवारी तपाई तथा तपाईको समूहको रहन्छ। तसर्थ यसमा सबै समूहका सदस्यहरू सहमत छन् भन्नेबारे सुनिश्चित हुनुपर्छ।

सन्दर्भ र बयानलाई दोहोरो जाँच गर्नुहोस्। सबै बयानहरू राम्रो समर्थन प्राप्त भएकाहरू छन् भन्नेबारे निश्चित गर्नुहोस्। अलिखित भनाईहरू भएको प्रतिवेदन विश्वसनीय हुँदैनन् र उद्देश्य प्राप्त गर्नको लागि सहयोगी हुँदैनन्। यसले सम्बन्धित निकाय तथा व्यक्तिको प्रतिष्ठालाई हानी गर्ने व्यक्तिलाई बेनकाव गर्न सक्छ। तसर्थ सहभागीहरूको गोपनीयताको पर्याप्त सुरक्षा गरेको छ कि छैन भन्ने बारे दोहोरो जाँच गर्न आवश्यक हुन्छ।

## पैरवी तथा लवी

सङ्क्षेपमा पैरवी भनेको संदेशको आदान प्रदान तथा प्रवर्द्धन हो जसले परिवर्तन प्राप्त गर्नको लागि सहयोग गर्छ। विभिन्न लवि तथा पैरवी गर्न प्रयोग गरेका तरिकाहरूले पैरवीको रणनीति तयार गर्छ जस्तै आफ्नो प्रतिवेदनअनुरुप लिफलेट तयार पार्ने। परिवर्तनका लागि नीति निर्माताहरूसँग प्यानल छलफलको आयोजना गर्ने, मन्त्रीसँग वार्तालाप गर्ने, सञ्चार माध्यमहरू (फेसबुक, ट्वीटर) आदिमा आफ्नो सुझावहरू पठाउने आदि हुन सक्छन्। यी सबै कार्यहरू तपाईको कार्ययोजनाको एक अंशको रूपमा हुनु पर्दछ।

कार्य योजना बनाउनुभन्दा पहिले आफ्नो सन्देशलाई सार्वजनिक बनाउन र पैरवीको रणनीति कार्यान्वयन गर्नको लागि उपयुक्त समय र अवसरको निर्धारण गर्नु पर्दछ। नीतिको परिवर्तन गर्न लविले लामो समय लिन्छ। अक्सर पैरवीको प्रयासको नतिजा तुरुन्त प्राप्त गर्न पनि सकिदैन। तर त्यसबाट हतास हुनु हुँदैन। परिणामहरूलाई रणनीतिक रूपमा प्रयोग गरी त्यसलाई लामो समयसम्मको पैरवीमा समावेश गर्नुपर्दछ र प्रक्रियाको बारेमा सिकेका कुराहरूलाई आदान प्रदान गरिनु पर्दछ।

### मुख्य प्रश्नहरू

- प्रभावित समूह र अन्य सम्बन्धित सरोकारवालालाई कसरी संलग्न र सूचित गर्छौं ?
- सरकार र अन्य पक्षलाई के सुझाव दिन्छौ वा माग राख्छौ ?
- सुधारको लागि लविको कार्ययोजना कस्तो हुन्छ ?
- कार्य योजना कार्यान्वयनको लागि के आवश्यक हुन्छ ?

### सूचना कहाँबाट प्राप्त गर्ने

- प्रश्नको उत्तर दिनको लागि चाहिने धेरै जसो सूचनाहरू तपाईको विश्लेषणबाट नै प्राप्त हुन्छन् ।
- सरकारको रणनीतिक योजना तथा अन्य संस्थाको कार्य योजना छलफलको लागि उपयुक्त हुन्छ । यदि लवि र पैरवीको लागि सीमित अनुभव छ भने अन्य अनुभवी संस्थासँग सल्लाह माग्न सकिन्छ ।
- पैरवीको लागि थप जानकारीका लागि यो वेभसाइटमा हेर्नुहोस् । www.humanrights impact.org

## प्रभावित समूह र अन्य सम्बन्धित सरोकारवालाहरूलाई कसरी सूचित र संलग्न गरायौं ?

### ७.१ प्रभावित समूहलाई परिणाम र सुझावको विकास गर्नको लागि कसरी संलग्न र सूचित गऱ्यौ ?

**व्याख्या :** मुल्याङ्कन प्रक्रियाको क्रममा प्रभावित समूहबाट सूचना सङ्कलन गरियो । मुख्य प्रभावित समूहहरूलाई पैरवीको रणनीति विकासमा सूचित तथा संलग्न गराउनु महत्त्वपूर्ण हुन्छ । यसो गर्नाले प्रभावित समूहलाई सक्षम बनाइन्छ र संयुक्त लविको लागि सहयोगको सिर्जना गरिन्छ ।

### ७.२ अन्य सम्बन्धित सरोकारवालालाई परिणामको बारेमा सूचित, संलग्न र सुझावको निर्माण गर्नको लागि कसरी संलग्न गराइन्छ ?

**व्याख्या :** मुल्याङ्कनको तयारीको चरणमा सरोकारवालाको विश्लेषण गरेको पुनः फर्केर हेर्नुहोस् । (अध्याय ४) र यदि कुनै नयाँ सरोकारवालालाई यस मापनमा थप्नुपर्छ कि भन्नेबारे विचार गर्नुहोस् । कुन सरोकारवालाहरूलाई सुझावको निर्माणको समयमा सहभागी गराउने भन्नेबारे पहिचान गर्नुहोस् ।

यहाँ संलग्न गरिएको सरोकारवालाहरू नै पैरवीको लागि लक्षित समूह हो कि भन्नेबारेमा विचार पुऱ्याउनु पर्दछ । यो सुझावको विकास गर्ने मुख्य र भरपर्दो सम्बन्धित सरोकारवालाहरूको साथमा पैरवी गर्ने रणनीति हो । यी सरोकारवालाहरूले घरेलु हिंसा अन्त्य गर्ने प्रतिवद्धताको आदान प्रदान गर्दछ ।

यस चरणमा सरकारको प्रतिनिधिलाई संलग्न गराउने कि भन्नेबारेमा विचार पुऱ्याउन सकिन्छ । यसो गर्नाले बलियो र रणनीतिक सुझावको विकास गर्न सकिन्छ कि भन्ने विचार पुऱ्याउन सकिन्छ ।

सरकार र अन्य पक्षसँग कस्तो सुझाव र माग हुन सक्छ ?

### ७.३ सूचनाको बारेमा संक्षिप्त सारांश बनाउनुहोस् ?

**व्याख्या :** अगाडि उल्लेख गरे झै सम्पूर्ण मुल्याङ्कन प्रक्रियाको परिणामलाई प्रतिवेदनमा सङ्कलन गर्नुहोस् तथा कम्तिमा मुख्य परिणामलाई उल्लेख गर्नुहोस् । तर तपाईले सरकार तथा अन्य पक्षलाई प्रस्तुत गर्ने भन्दा धेरै सूचनाहरू सङ्कलन गरी सकेको छ । सफल लविको लागि मुल्याङ्कन प्रक्रियाबाट कुन सूचनालाई बृहत स्रोतहरूको बीचमा कसरी प्रस्तुत गर्ने भन्ने बारे निर्णय गर्नु पर्दछ ।

**सूचनाको प्रस्तुतीको लागि विचार गर्नुपर्ने केही कुराहरू**

- खाका : सूचनालाई लिखित, मौखिक, तथा दृष्य रूपमा प्रस्तुत गर्न सकिन्छ । लक्षित समूहमा निर्भर भई विभिन्न खाकाहरू प्रयोग गर्न सकिन्छ । कसको लागि सूचना प्रस्तुत गर्दैछौ भन्ने कुरा ध्यानमा राखी विशेष परिणामलाई अन्य परिणाम भन्दा बढी प्रकाश पार्न सकिन्छ ।
- लम्बाई : जति सक्दो छोटो खाका र तर्कलाई सहयोग गर्ने आवश्यक सूचनालाई मात्र समावेश गर्नुहोस् । जहाँ आवश्यक हुन्छ त्यहाँ मात्र उदाहरण र तथ्याङ्क स्पष्टताको लागि ।

### ७.४ परिवर्तनको लागि सुझावहरूको निर्माण

**व्याख्या :** चरण ६ मा पहिचान गरिएको सबै उल्लंघन तथा अनचाहि प्रभावहरूको परिवर्तनको लागि सुझावहरूको निर्माण गर जसले समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्छ । सुझावहरूले प्रभावित समूहको मानव अधिकारको अवस्था सुधार गर्न नेतृत्व गर्नुपर्छ र नकारात्मक प्रभावलाई हटाउनु पर्दछ ।

यदि सम्भावित सकारात्मक प्रभावको पहिचान र यसलाई परिणमसँग तुलना गरेमा यसले सुझाव निर्माण गर्न सहयोगी हुन सक्छ । यसले आदर्श अवस्थाको प्राप्तिको लागि के कुराको परिवर्तन हुन पर्दछ भन्ने विषयमा दृष्यावलोकन गराउँछ । यदि कानुन तथा नीतिको परिवर्तनले समाधान देखाउँदैन भने सरकारले कस्तो क्रियाकलाप अपनाउनुपर्छ ?

अपेक्षा गरिएको परिवर्तनले प्रभावित समूहलाई नकारात्मक प्रभाव वा हानी पार्छ कि भन्नेबारेमा पनि विचार पुऱ्याउनु पर्दछ । सुझावको निर्माण गर्नुपूर्व थप स्पष्टताको लागि प्रश्न नं ७.५देखि ७.८ सम्म हेर्नुहोस् ।

## ७.५ सुझावहरूको निर्माण कसरी गरिन्छ ?

**व्याख्या :** राम्रो सुझावको निर्माण गर्नु एक चुनौतीपूर्ण कार्य हो । सहयोगको लागि तल चेकलिष्ट दिइएको छ ।

### राम्रो सुझाव कसरी निर्माण गर्न सकिन्छ भन्नेबारे चेकलिष्ट

- **चुस्त निर्माण** : सम्भव भएसम्म (SMART) सूत्रको आधारमा सुझावहरू, विशिष्ट, मापन गर्न सकिने, सत्य, समयभित्र प्राप्त गर्न सकिने निर्माण गर्नुपर्दछ ।
- **अधिकारमुखी अवधारणा** : केही सरकार तथा नीति निर्माता मानव अधिकारको दायित्वप्रति सचेत हुदैनन् । त्यसैले डोभा मुल्याङ्कनको विश्लेषणमा आधारित भई घरेलु हिंसा अन्त्यको लागि उनीहरूको दायित्व के के हो भनी विशेष रूपमा व्याख्या गर्नु आवश्यक हुन्छ ।
- **सत्यता :** सुझाव सकेसम्म सत्य हुनु पर्दछ । धेरै मुद्दाहरूमा सजिलो समाधान प्राप्त हुँदैन । तर त्यसले सरकारलाई आफ्नो दायित्वबाट छुटकारा दिलाउँदैन । अनपेक्षित प्रभावको कारण तथा सम्भव समाधानको लागि थप अनुसन्धान गर्न सुझावहरू दिन सकिन्छ ।
- **सीमा :** सरकारको दायित्व पूरा गर्नको लागि मुख्य बाधाको विश्लेषण गऱ्यौं । तपाईको परिणाम अगाडि आएपछि सरकारले सिमाहरूलाई देखाउन सक्दछ । यी सबै बाधाहरूको बावजुद नीतिहरूले मार्फत पीडित/जोखिममा परेकाहरूको घरेलु हिंसाको स्थितिमा सुधार गर्नु सरकारको जिम्मेवारी हो । त्यसको लागि अन्तर्राष्ट्रिय सहयोग चाहिएको अवस्थामा माग पनि गर्न सक्छ ।
- **सान्दर्भिक मापदण्डको समावेश** : स्थापित मापदण्डले प्राप्त गरेका कुराहरूलाई अनुगमन गर्न सहज बनाउँछ । नीतिमा परेका सुधारात्मक प्रभावको मापन गर्न हरेक सुझावको लागि सान्दर्भिक मापदण्ड निर्माण गर्न सकिन्छ । यी मापदण्डहरू सरकारले आफ्नो नीतिको लागि निर्धारण गरेको अथवा संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेको अथवा कुनै अन्तर्राष्ट्रिय तथा स्थानीय संस्थाले निर्धारण गर्न मापदण्डहरूमा नसकेको खण्डमा सरकारले निर्धारण गरेकोलाई प्रयोग गर्न, त्यसमा हेरफेर गर्न अथवा अर्को नयाँ मापदण्डको निर्माण गर्न भन्न सकिन्छ ।
- **तर्कका आधार र प्रकार :** कसलाई विश्वस्त बनाउने भन्ने आधारमा अलि रणनीतिक रूपमा बढी कानुनी, बढी आर्थिक तथा अलिबढी राजनैतिक तर्कहरूलाई लिन सकिन्छ । मानव अधिकारको तर्क अथवा अन्तर्राष्ट्रिय नीतिगत तर्कका आधारमा तपाईको राज्यमा कुन बढी रणनीतिक छ भन्ने प्रश्नलाई पुनरावलोकन गर्नुहोस् ।
- **प्रभावित समूहहरू :** नीतिबाट सबैभन्दा बढी प्रभावित समूहहरूको लागि उपयुक्त समाधानको खोजी गर्ने प्रयास गर्नुहोस् । पहिलो मुख्य प्रश्नको सन्दर्भमा सुझावहरूको निर्माणको क्रममा सबैभन्दा बढी प्रभावित समूहहरूलाई सहभागी गराउनुहोस् ।
- **नीतिको चरण :** नीति कुन चरणमा छ भन्ने कुरालाई विचार गरेर राख्नुपर्छ त्यसले समाधानको उपाय/सुझाव र कसलाई सम्पर्क गर्ने भन्ने विषयमा सहयोग पुऱ्याउन सक्दछ ।
- **स्वामित्व** : नीति निर्माताहरूलाई विकल्पको खोजी गर्नको लागि सहभागी गराउन सकिन्छ । त्यसले सुझावमा उनीहरूको स्वामित्व र स्वीकृतिको सम्भावना बढाउँछ ।

## ७.६ निर्णयकर्ताहरूको हुन् र कस्ता तर्कहरू उनीहरूलाई बढी सम्झाउन सकिने खालका हुन्छन् ?

**व्याख्या :** आफ्नो सफलताको सम्भावना बढाउनको लागि अपेक्षित परिवर्तन लागू गर्न निर्णय लिने अधिकार कोसँग हुन्छ भन्ने कुरा सोच्नु महत्त्वपूर्ण हुन्छ । निर्णयकर्ताहरूलाई आफ्नो सुझावहरू मान्न सम्झाउन सकियो भने अपेक्षित परिवर्तनमा सिधा प्रभाव पार्न सकिन्छ ।

सुझावहरू विकास गर्दा यस्तो अधिकार सम्पन्न व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा प्रभावित गर्न सकिन्छ कि । यदि उनीहरूले तपाईको कुरा सुनेनन् भने कसको कुरा सुन्छ भन्ने पत्ता लगाउने ५ कुन रणनीति अपनाएर उनीहरूको ध्यानाकर्षण भर्न सकिन्छ भन्नेबारे विचार पुऱ्याउनुपर्छ । के तपाईले निर्णयकर्ताहरूलाई प्रभवित गर्नेहरूलाई प्रभावित गर्न सक्नु हुन्छ ?

पहिचान गरिएको निर्णयकर्तालाई कुन तर्क बढी भरोसालायक हुन्छ भन्नेबारे विचार पुऱ्याउनुपर्छ । उनीहरूको मानव अधिकारको उल्लंघनलाई औंल्याएर उनीहरूलाई परिवर्तनको लागि घच्घच्याउनु पर्नेछ अथवा उनीहरूलाई अन्तर्राष्ट्रिय राजनैतिक प्रतिवद्धताहरू औंल्याएर सम्झाउन सकिन्छ ?

अध्याय २ मा घरेलु हिंसाको सामाजिक तथा आर्थिक मूल्यको बारेमा वर्णन गरिएको छ ।

## ७.७ तपाईको लक्षित दर्शक को हुन् ? यी सुझावहरूले कसलाई सम्बोधन गर्दछन् ?

**व्याख्या :** धेरैजसो सुझावहरू निर्णयकर्ताहरूलाई दिइएको हुन्छ, जो लक्षित समूहको रूपमा रहेको हुन्छ ।

तथापि, अन्य सरोकारवालाहरू जस्तै गैरसरकारी पक्षहरूको लागि पनि सुझावहरू हुन्छन् । विशेष पक्षहरूका लागि पनि सुझावहरू लक्षित गर्नुपर्छ ।

**तलका प्रश्नहरू मुख्य लक्षित पक्षको सुझावको लागि रहेको हुन् ?**

- तिनीहरू कस्ता तर्कहरूमा सम्वेदनशील छन् ?
- तिनीहरू कस्ता भाषामा सम्वेदनशील छन् ?
- उनीहरूलाई मानव अधिकारको बारेमा के थाहा छ ?
- उनीहरूलाई अन्तर्राष्ट्रिय नीतिको मापदण्डको बारेमा के थाहा छ ?
- कुन विशेष परिणामलाई प्रकाश पार्न चाहन्छौं ?

**विचार पुऱ्याउनुपर्ने कुरा : परिवर्तनको प्राप्ति**

परिवर्तनको प्राप्ति भनेको एउटा अप्ठ्यारो प्रक्रिया हो । थानको निरन्तरताको लागि उच्चस्तरको प्राप्तिको लागि छोटो अवधिको पहिचान गर्नुपर्छ जस्तै सम्बन्धित सरोकारवालासँग गोलमेच बैठक तथा प्रकाशनहरू साथै केही लामो समयको लक्ष्यको निर्माण गर्नुपर्छ जस्तै कानुनी परिवर्तन तथा कार्यान्वयनमा सुधार । विभिन्न खालका लक्षहरूको निर्धारणले परिवर्तनको लागि पैरवी गर्न बढी उत्प्रेरणा जगाई राख्छ ।

## ७.८ सुझावहरूको थप विकास तथा कार्यान्वयनको लागि तपाईको संस्थाले सरकारलाई कुन हदसम्म सहयोग पुऱ्याउन सक्छ ?

**व्याख्या :** सहयोगको मापन, समितिमा सहभागिताबाट गर्न सकिन्छ जसले नीतिको कार्यान्वयनको जिम्मेवारी लिने रणनीतिको विकल्प तयार गर्छ । सुधारको लागि लवि गर्ने कस्तो कार्य योजना रहन्छ ?

## ७.९ तपाईले कस्तो प्रकारका पैरवीका कार्यहरू गर्न सक्नु हुन्छ ?

**व्याख्या :** सुझावहरूको सङ्कलन पछि लक्षित पक्षहरूकोमा लैजाने सूचना सामग्री बनाउने कार्यबारे निर्णय लिनु पर्दछ ।

कुन क्रियाकलपाहरू सत्य, उपयुक्त र आफ्नो क्षमताभित्रको छ भन्ने विषयमा मस्तिष्क मन्थन गर्नुपर्दछ । कसरी

आफूसँग भएको अनुभव सञ्जाल तथा सम्पर्कहरूमा आउनेलाई प्रयोग गर्ने भन्ने विषयमा रणनीतिक हिसाबले सोच्नुपर्छ । पैरवीका क्रियाकलापलाई र नयाँ क्रियाकलापहरू बनाउने कार्यलाई पैरवीको कार्यसँग जोडनु ताकि लक्ष्य प्राप्तिमा सहयोग पुगोस् ।

पैरवीका कार्यहरूको उदाहरण, विश्लेषण र प्रतिवेदनमा भएका परिणामलाई प्रकाशमा ल्याउन पत्रकार सम्मेलन

- सञ्चार र इन्टरनेटको प्रयोग
- प्रभावित समूह, विज्ञ, सरकारका प्रतिनिधि, राजनैतिक पार्टीका प्रतिनिधिलाई समावेश गरी कार्यशाला गोष्ठी तथा सेमिनारको आयोजना गर्ने । सरकार तथा अन्य जिम्मेवार पक्षसँग वार्ता गर्ने
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियान
- उल्लंघनको विरुद्ध मुद्दा चलाउने तथा कानुनी कारवाही गर्ने
- अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रको प्रयोग
- संयुक्त राष्ट्रसङ्घको महिलामाथि हिंसाविरुद्धको विशेष प्रतिवेदक तथा अन्य राष्ट्रिय आयोगहरूको प्रयोग
- प्रभावित समूह तथा समुदायलाई लक्षित गरी मानव अधिकार तालिम कार्यक्रम

सबै क्रियाकलापको लागि के कस्तो स्रोतको आवश्यकता पर्छ र कति समय लाग्छ भन्नेबारे अनुमान गर्नुपर्छ ।

### ७.१० तपाईसँग कस्तो पैरवीका अवसरहरू छन् ?

**व्याख्या :** रणनीतिक लविको लागि सबैभन्दा उपयुक्त अवसर खोज्नु राम्रो काम हो । यसका लागि सरकारले सुन्न चाहेको छ कि छैन भन्ने बारेमा निश्चित हुनु पर्दछ । तपाईले चाहनु भएको कुराको खोजी सरकारको एजेण्डा तथा अन्य पक्षको एजेण्डाभित्र पर्छ कि पर्दैन भन्ने कुरा बुझ्नु पर्छ । नीति परिवर्तनको लागि समय सीमा कस्तो छ ?

के यो शीर्षकले ध्यानाकर्षण गराएको विषय समय तथा वर्षभित्र नै पर्दछ । जस्तै १६ दिवसीय अभियान । के परिवर्तनका लागि सुझाव र मागहरू पेश गर्न कुनै उपयुक्त सम्मेलन, संसदसँग वार्तालाप चुनाव तथा उच्चस्तरीय अधिकृतको भ्रमण आदिको सम्भावना छ ?

### ७.११ के रणनीतिक समय उपयुक्त छ ?

तपाईको राज्यले सम्बन्धित मानव अधिकारको संयन्त्रमा राष्ट्रिय प्रतिवेदन कहिले प्रस्तुत गर्छ ? छायाँ प्रतिवेदनको रूपमा डोभाको विश्लेषणलाई पनि प्रस्तुत गर्न सकिन्छ कि सकिदैन ? अथवा कुनै विशेष प्रतिवेदकको ध्यानाकर्षण गराउन सकिन्छ कि सकिंदैन भन्नेबारे जाँच गर्नुपर्छ ।

### ७.१२ सरकारले तपाईको सुझावको आधारमा कहिले र कसरी काम गर्न थाल्यो भनी कसरी पत्ता लगाउने ?

**व्याख्या :** यसको लागि सरकारको एजेण्डा र क्रियाकलापको बारेमा थाहा पाउनु आवश्यक हुन्छ । सुझावहरूको बारेमा छलफलको समयमा उपस्थित हुन सकिन्छ । निर्णय प्रक्रियाले कति समय लिन सक्छ ? के सरकारले नीतिमा भएको परिवर्तनलाई प्रकाशित गर्छ ? सरकारले सुझावहरूमा काम गरेको छ कि छैन भन्नेबारे पत्ता लगाउने अरु के के उपायहरू छन् ?

### ७.१३ घरेलु हिंसा पीडित तथा जोखिममा परेकाहरूको अवस्थामा सुधार आएको तथा परिवर्तनको बारेमा कसरी र कहिले जाँच गर्न सकिन्छ ?

**व्याख्या :** यो जाँच अति आवश्यक हुन्छ । किनभने सरकारले सुझावहरू स्वीकार गरेमा यसले सधैं चाहेको नतिजा प्राप्त भएको मान्न सकिंदैन परिवर्तनका सुझावहरू अवस्था सुधारको लागि अपर्याप्त हुने र अन्य तत्त्वहरूले यसको कार्यान्वयनमा बाधा पुऱ्याउने सम्भावना हुनसक्छ । यस्तो अवस्थामा किन चाहेका सुधारहरू प्राप्त हुन सकेन भन्ने विषयमा डोभाको पूरा विश्लेषण फेरि गर्नुपर्ने हुनसक्छ ।

पैरवीको रणनीतिमा आफ्नो क्रियाकलापहरूको मुल्याङ्कन गर्ने योजनालाई समावेश गर्नुहोस् । प्राप्त गर्न खोजिएको

परिवर्तनको लागि सूचक तथा मापदण्डको निर्धारण गरी चाहेको परिवर्तन प्राप्तिको लागि समय तालिका निर्धारण गर्नुहोस् ।

## ७.१४ कार्य योजनाको कार्यान्वयनको लागि के को आवश्यकता पर्दछ ?

**व्याख्या :** समय तालिका र बजेट बनाउनाले दिगो लवी र पैरवीको लागि यथार्थ रूपमा कार्ययोजना बनाउन सहयोग गर्छ । साथै बाहिरी सहयोग र लगानीको लागि पनि यो उपयुक्त हुन्छ । कार्य योजनाको दृष्यावलोकनको लागि अनुसूची ५ को खाकामा संक्षिप्त रूपमा उल्लेख गर्नुहोस् ।

आफ्नै आवश्यकताअनुसार फरम्याटको प्रयोग गर्न सकिन्छ तर यसले सबै चाहेका सूचनाहरूलाई मिलाएर राख्छ र प्रक्रियामा जान सहयोग गर्छ ।

### निष्कर्ष

तपाईले आफ्नो डोभा विश्लेषणको साथै सुझाव र कार्ययोजना समाप्त गरिसक्नु भएको छ । सबै राम्रोसँग भएको भए घरेलु हिंसाका पीडित तथा प्रभावितहरूको जीवनमा सुधार ल्याउनको लागि कसरी र किन परिवर्तन गरिनु पर्दछ भन्ने विषयमा ठोस तर्कहरू राख्नु पर्दछ । यहाँ तपाईले अवस्था सुधारको लागि सरकारबाट कस्तो अपेक्षा राखेको छ भन्ने पहिचान गरिएको छ । यहाँ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहका अन्य पक्षहरूको सहभागिता कस्तो रहेको छ भन्ने विषयमा पनि हेरेको छ । तपाईको कार्ययोजनाले सरकार तथा अन्य पक्षहरूलाई महिला मानव अधिकारको कार्यान्वयनमा सुधारको लागि सम्झाउने प्रभावकारी लविका क्रियाकलापहरू सुरु गर्न सहयोग गर्दछ ।

# अनुसूची १
# शव्दावली

यो शव्दावली यस डोभाको औजारभित्र प्रयोग भएका अप्ठ्यारा शव्दहरूको बारेमा जानकारी दिनको लागि राखिएको हो । यसमा घरेलु हिंसाको सन्दर्भमा प्रयोग भएका शब्दहरूलाई परिभााषित गर्न खोजिएको छ ।

**मञ्जुरी :** यो अन्य राष्ट्रले स्वीकार गरिसकेको सन्धि महासन्धिमा आफ्नो स्वीकारोति दिने प्रक्रिया हो । यसमा राज्यले सन्धिहरूलाई अनुमोदन न गरेको तर त्यो स्वीकार गरेको विषय पर्दछ । त्यसलाई अनुमोदन वा स्वीकृति गरे सरह मान्यता प्राप्त हुन्छ ।

**जवाफदेहिता :** आफूले अनुमोदन गरेको सन्धिहरूमा भएको सम्मान, सुरक्षा र परिपूर्तिको जिम्मेवारी निभाउन सकेन भने राज्य जिम्मेवार हुनु पर्दछ ।

**पैरवी :** यो कानुन तथा नीतिगत निर्णयलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रभावकारी रूपमा कार्यान्वयन गराउने प्रक्रिया हो । यसले समुदायका मुद्दाहरूमा नीति निमार्णकर्ताहरूको ध्यानाकर्षण गराउँदछ । पैरवीको लागि नागरिक सामाजको सहभागिता आवश्यक हुन्छ ।

**मानव र नागरिकको अधिकारमा अफ्रिकन चार्टर** : यो सन् १९८१ मा नैरोवीले ग्रहण गरेको क्षेत्रीय मानव अधिकारको सन्धि हो । यो अफ्रिकी क्षेत्रको प्राथमिक मानव अधिकारको सामग्री हो ।

CAT : यातना र अन्य क्रूर अमानवीय व्यवहार र सजायविरुद्धको महासन्धि

**उजुरीको संयन्त्र :** यो मानव अधिकारका सम्बन्धित सन्धिहरूको अनुगमन तथा कार्यान्वयन गराउने विषयको संयन्त्र हो । यसले कुनै व्यक्तिको अधिकारको हनन् त्यस्ता सन्धिहरूमा हस्ताक्षर गरेको राज्यले गरेको छ भने यस संयन्त्र मुताविक उसले आफ्नो उजुरी सम्बन्धित निकायमा गर्न सक्दछ ।

**सहमति दस्तावेज:** यी त्यस्ता दस्तावेजहरू हुन जुन घोषणापत्रहरूबाट लिइएको हुन्छ । तर यो कानुनी रूपमा बाध्यात्मक भने हुँदैन । तर नैतिक र राजनैतिक रूपमा सरकार यसप्रति उत्तरदायी हुन्छ । किनभने राजनैतिक रूपमा सरकारले यसलाई स्वीकार गरेको हुन्छ ।

De facto: सत्य तथ्य अथवा यथार्थ । हाल विद्यमान सत्य तथ्यको अवस्था कानुन सम्मत पनि हुन सक्छ अथवा नहुन पनि सक्दछ ।

De jure : कानुन सम्मत अथवा अधिकारद्वारा स्थापित अभ्यासको क्रममा कानुन अनुसार हुनुपर्ने अवस्था ।

Due diligence : मानव अधिकारको हनन्को रोकथामको लागि राज्यको कानुनी दायित्व हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र भएका अधिकार हनन्को विषयमा सम्वेदनशील भएर अनुसन्धान गर्नु पर्दछ । ताकि अपराधीले सजाय पाओस् पीडितले क्षतिपूर्ति प्राप्त गरोस् ।

**मानव अधिकारको हनन् :** राज्यले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको सुरक्षा गर्न नसकेको अवस्था ।

**महिलामाथि हुने हिंसा :** महिलालाई महिला भएकै कारण गरिने सबैप्रकारका हिंसा ।

**छाया प्रतिवेदन :** मानव अधिकारको कार्यान्वयन तथा प्रतिवद्धताहरू राष्ट्रिय स्तरबाट पूरा भए नभएको कुराहरू विश्लेषण गरी गैर सरकारी संस्थाहरूद्वारा तयार पारिने प्रतिवेदन सरकारको प्रतिवेदन प्रकाशित भए पश्चात गैर सरकारी संस्थाहरूले यस्तो प्रतिवेदन सरकारले गरको प्रतिवद्धताहरू पूरा भए नभएको, मानव अधिकारहरूको वेवास्ता दिएका जस्ता विषयहरू समेटेर सन्धि अनुगमन समितिमा पठाउँछन् ।

**पीडित :** आफैसँग बस्ने वा नबस्ने अथवा पारिवारिक सम्बन्ध भएको व्यक्तिबाट पीडा दिइएको व्यक्ति ।

**गैसस :** गैर सरकारी संस्था ।

**बैवाहिक बलात्कार :** आफ्नो श्रीमान् वा साथीबाट आफ्नो इच्छाविरुद्ध बलजफ्ती हुने यौनिक क्रियाकलापहरू ।

# अनुसूची २

## बाँच्न पाउने अधिकार

### नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR )

#### धारा ६

१. प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ । कानुनद्वारा यस अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण गरिने छैन ।

### मानव अधिकारको युरोपियन महासन्धि (ECHR )

धारा २

सबैको बाँच्न पाउने अधिकार हुन्छ । कसैलाई पनि मृत्युदण्डको सजाय दिनु हुँदैन ।

### अफ्रिकन चार्टर

धारा ४

मानव अधिकारहरू हनन् गर्न पाइँदैन । सबै मानवहरूको जीवनको आदर गरिनु पर्दछ र व्यक्तिको सम्पूर्णताको कदर गरिनु पर्दछ । कसैलाई पनि यो अधिकारबाट वञ्चित गरिनु हुँदैन ।

### आन्तरिक अमेरिकन महासन्धि

धारा ४

१ सबै मानवहरूको जीवनको आदर गरिनु पर्दछ । मानवको अधिकारहरू कानुनद्वारा संरक्षित गरिएको छ र यो पहिले देखि नै क्रमिक रूपमा हुदै आईरहेको धारणा हो । कसैलाई पनि यो अधिकारबाट वञ्चित गरिनु हुँदैन ।

२ केही देशहरूमा मृत्यु दण्डको सजाय समाप्त भएको छैन । मृत्यु दण्ड अति सम्वेदनशील अपराधमा मात्र लागु गर्न सक्दछ । जुन विशेष अदालत वा अपराध आयोगले मात्र अन्तिम निर्णय गर्दछ ।

३ मृत्यु दण्ड त्यो देशले स्थपित गर्न सक्दैन जसले यसको अन्त्य गरिसकेको छ ।

४ राजनीतिक मुद्दा वा सो सम्बन्धी अपराधमा केन्द्रित कारवाही कमजोर हुन्छ ।

५ १८ वर्ष भन्दा कम वा ७० बर्ष भन्दा माथिका र गर्भवती अवस्थामा महिलाहरूमा कुनै अपराध गरेमा कानुनी कारवाही बाध्यकारी हुँदैन ।

६ प्रत्येक मृत्यु दण्डको सजाय घोषणा भएको व्यक्तिलाई क्षमायाचना गर्न अधिकार छ । यो सबै अपराधमा वा मुद्दामा लागु हुन्छ । विशेष अधिकारीबाट निर्णयको अन्तिम सुनुवाई स्थगित गरेको अवस्थामा मुख्य सजायहरू दिनु हुँदैन ।

## शारीरिक तथा मानसिक अखण्डताको अधिकार

### अफ्रिकन चार्टर

धारा ४

मानव अधिकारहरू हनन् गर्न सकिदैन । सबै मानवहरूको जीवनको आदर गरिनु पर्दछ र व्यक्तिको सम्पूर्णताको कदर गरिनु पर्दछ । कसैलाई पनि यो अधिकारबाट वञ्चित गरिनु हुँदैन ।

### आन्तरिक अमेरिकन महासन्धि

धारा ५

१ प्रत्येक व्यक्तिसँग मौलिक, मानसिक तथा नैतिक सम्मानको अधिकार हुन्छ ।

२ कोही पनि व्यक्तिगत रूपमा तनावग्रस्त, निन्दनीय, अमानवीय हुनु हुँदैन । सबै व्यक्तिहरूले मानवीय, स्वाभिमानपूर्वक र सम्मानजनक व्यवहार गर्नु पर्दछ ।

३ अपराधीलाई बाहेक अरु व्यक्तिहरूलाई सजाय लम्बाउन पाईदैन ।

४ दोषी व्यक्तिलाई केही परिस्थितिहरूमा अलग रूपमा सुरक्षित राखिन्छ, उसलाई दोषी व्यक्तिको रूपमा व्यवहार गरिदैन ।

५ नाबालकहरूलाई अपराधीको रूपमा हेरिनु पर्दा उनीहरूको अपराधिक सजायको प्रक्रिया बयस्कहरूलाई भन्दा छुट्टै हुन्छ र विशेष अदालतहरूमा लगिन्छ र चाडो भन्दा चाडो रूपमा प्रक्रियाको थालनी गरिन्छ ।

६ स्वतन्त्रता छिनिने सजायको पछाडिको मुख्य उद्देश्य भनेको कैदिहरूको समाजमा पुर्नस्थापना गराउनु नै हो ।

## व्यक्तिको सुरक्षाको अधिकार

### नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा ९

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाईने छैन । कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।

२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारण सहितको सूचना दिईने र निजविरुद्ध लगाइएको आरोपको जानकारी तुरुन्त दिईनेछ ।

३. कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधिश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त उपस्थित गराईनेछ र त्यस्तो व्यक्तिलाई मुनासिव समयभित्र सुनुवाई गरी पाउने वा छुट्कारा पाउने अधिकार हुनेछ । सुनुवाईको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन तर निजको रिहाई भने न्यायिक कारवाहीको अन्य कुनै पनि चरणको सुनुवाईमा उपस्थित हुने जमानत र अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधिनमा रहन सक्नेछ ।

४. पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न र थुना कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सकोस् ।

५. गैर कानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ ।

### युरोपियन मानव अधिकारको महासन्धि

धारा ५

१ सबै व्यक्तिको स्वतन्त्रता र उसको सुरक्षाको अधिकार छ । कानुनमा उल्लेख गरेका कुराहरूमा बाहेक अरु कुनै कुराले पनि उसको यो अधिकारको हनन् गर्नु हुँदैन । खासगरि कसैले पनि कसैलाई कैदमा राख्नु वा समाएर राख्नु हुँदैन ।

### अफ्रिकन चार्टर

धारा ६

१ सबै व्यक्तिको स्वतन्त्रता र उसको सुरक्षाको अधिकार छ। कानुनमा उल्लेख गरेका कुराहरूमा बाहेक अरु कुनै कुराले पनि उसको यो अधिकारको हनन् गर्नु हुँदैन। खासगरि कसैले पनि कसैलाई कैदमा राख्नु वा समाएर राख्नु हुँदैन।

### अन्तर अमेरिकन महासन्धि

धारा ७

१ सबै व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार हुन्छ।

२ राज्यको संविधान, कानुन बाहेक अरु कसैले पनि कसैलाई उसको शारीरिक स्वतन्त्रताबाट वञ्चित गरिनु हुँदैन।

३ कसैलाई पनि कैद वा थुनामा राख्नु हुँदैन।

४ यदि कसैलाई कैद वा समातिन्छ भने उसलाई किन कैद वा समातेको भन्ने कुराको जानकारी गराउनु पर्दछ।

५ कैद वा थुनामा राखिएको व्यक्तिलाई तुरुन्त न्यायाधिशको अगाडि हाजिर गराउनु पर्दछ। अथवा सम्बन्धित अधिकार प्राप्त अधिकारीकोमा उपस्थित गराउनु पर्दछ। यसरी उपस्थित गराउँदा उसलाई थुनामा राखि कारवाही गर्नु नपर्ने देखिएमा उसलाई धरौटि लिएर छोडिदिन सकिन्छ तर उसले त्यो निकायले चाहेको बेलामा उपस्थिति हुन आउनु पर्दछ।

६ यदि कुनै व्यक्तिलाई उसको स्वतन्त्रताको अधिकारबाट वञ्चित गराईएको छ भने विशेष अदालतमा उपस्थित गराइन्छ र अविलम्व उसको मुद्दामा सुनुवाई भई उसलाई कानुन अनुसार कैद गरिएको छैन भने तुरुन्त रिहा गरिन्छ। कुनै व्यक्तिले आफ्नो स्वतन्त्रताको अधिकारबाट वञ्चित हुने भय वा शंका लागेमा अदालतमा आउन सक्छन् र उपचारको माग राख्न सक्छन्।

७ कसैलाई पनि ऋणको लागि कैदमा राख्न सकिदैन। यो सिद्धान्तले विशेष न्यायिक निकायको सहयोग गर्ने कर्तव्य नगरेकोमा  निर्णय सिमित गर्दैन।

## यातना विरुद्धको अधिकार

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा ७

कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी, कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

### युरोपियन मानव अधिकारको महासन्धि

धारा ३

कसैलाई पनि बर्बरतापूर्वक यातना क्रूर अमानवीय व्यवहार तथा तल्लो स्तरको व्यवहार गरिनु हुँदैन।

### अफ्रिकन चार्टर

धारा ५

सबै व्यक्तिको सम्मानपूर्वक मानवको रूपमा बाच्न पाउने तथा कानुनी रूपमा चिनिने अधिकार छ। सबै प्रकारको शोषण, यातना, क्रूर व्यवहार तथा तल्लो स्तरको सजाय जस्तै दासता, अमानवीय व्यवहार, व्यापारिक दासको रूपमा यातना तथा सजाय दिन निषेध गरिएको छ।

### आन्तरिक अमेरिकन महासन्धि

धारा ५

१ प्रत्येक व्यक्तिसँग मौलिक, मानसिक तथा नैतिक सम्मानको अधिकार हुन्छ।

२ कोहि पनि व्यक्तिगत रूपमा तनावग्रस्त, निन्दनिय, अमानवीय हुनु हुँदैन। सबै व्यक्तिहरूले मानवीय, स्वाभिमानपूर्वक र सम्मानजनक व्यवहार गर्नु पर्दछ।

३ अपराधीलाई बाहेक अरु व्यक्तिहरूलाई सजाय लम्बाउन पाईदैन।

४ दोषी व्यक्तिलाई केही परिस्थितिहरूमा अलग रूपमा सुरक्षित राखिन्छ, उसलाई दोषी व्यक्तिको रूपमा व्यवहार गरिँदै न।

५ नाबालकहरूलाई अपराधीको रूपमा हेरिनु पर्दा उनीहरूको अपराधिक सजायको प्रक्रिया बयस्कहरूलाई भन्दा छुट्टै हुन्छ र विशेष अदालतहरूमा लगिन्छ र चाँडो भन्दा चाडो रूपमा प्रक्रियाको थालनी गरिन्छ।

६ स्वतन्त्रता छिनिने सजायको पछाडिको मुख्य उद्देश्य भनेको कैदिहरूको समाजमा पुर्नस्थापना गराउनु नै हो।

## स्वच्छ सुनुवाईको अधिकार

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा १४

१. सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन्। कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुनेछ। प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशमा पत्रकार प्रेस तथा जनताको प्रवेशमा रोक लगाउन सकिनेछ। तर किशोरहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै पनि फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू भने सार्वजनिक गरिनेछ।

२. फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ।

३. प्रत्येक व्यक्ति विरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ

(क) आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रूपमा जानकारी पाउने

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने

(ग) अनुचित विलम्ब विना सुनुवाई गरी पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनुवाई हुने, तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने,

(ङ) आफू विरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरी पाउने र आफू विरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको उपस्थति र परीक्षण प्राप्त गर्ने

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने

(छ) आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने

४. किशोर किशोरीहरूको हकमा निजहरूको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरूको व्यवस्था हुनेछन् ।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गराई पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसूरमा सजाय पाएको र पछि गएर नयाँ वा हालै पत्ता लागेको तथ्यबाट वेइन्साफ भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाईएको वा निजलाई माफी दिईएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमै पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिईनेछ ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानुन र दण्ड कार्यविधि अनुसार अन्तिम सजाय दिई सकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसूरमा निज विरुद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाईने छैन ।

### युरोपियन मानव अधिकारको महासन्धि

१ नागरिक अधिकार तथा कतर्व्य अथवा व्यक्तिलाई कुनै अपराधिक दोषको विरुद्धमा, सबै व्यक्तिहरूको कुनै निश्चित समयभित्र कानुनले निर्धारण गरेको एकता वा संयुक्त इजलासमा स्वच्छ सुनुवाई तथा सार्वजनिक सुनुवाईको अधिकार हुन्छ । प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशमा पत्रकार प्रेस तथा जनताको प्रवेशमा रोक लगाउन सकिनेछ । तर किशोरहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै पनि फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू भने सार्वजनिक गरिनेछ ।

२ फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ ।

३ प्रत्येक व्यक्तिविरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ

(क) आफूविरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रूपमा जानकारी पाउने

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने,

(ग) अनुचित विलम्व विना सुनुवाई गरी पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनुवाई हुने, तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने

(ङ) आफू विरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरी पाउने र आफू विरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको उपस्थति र परीक्षण प्राप्त गर्ने

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने

## अफ्रिकन चार्टर

धारा ७

१ सबै व्यक्तिको कारण सुन्ने अधिकार हुन्छ । यसमा निम्न कुराहरू पर्दछ

क) कानुन महासन्धि, नियम, प्रचलनमा रहेका प्रथले ग्यारेन्टि गरेका मौलिक अधिकारको हनन् भएको खण्डमा राष्ट्रिय निकायहरूमा निवेदन राख्न पाउने अधिकार

ख) अदालत वा इजलासले दोषी ठहर नगरेसम्म निर्दोष अवस्थामा रहने अधिकार

ग) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने

घ) अनुचित विलम्व विना सुनुवाई गरी पाउने ।

## आन्तरिक अमेरिकन महासन्धि

धारा ८

१) सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन् । कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुनेछ ।

२) अदालत वा इजलासले दोषी ठहर नगरेसम्म निर्दोष अवस्थामा रहने अधिकार हुन्छ । प्रत्येक व्यक्ति विरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ

(क) आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रूपमा जानकारी पाउने

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने

(ग) अनुचित विलम्व विना सुनुवाई गरी पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनुवाई हुने तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने

(ङ) आफू विरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरी पाउने र आफू विरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको उपस्थति र परीक्षण प्राप्त गर्ने

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने

## सम्पत्तिको अधिकार

### अफ्रिकन चार्टर

**धारा १४**

१ सम्पत्तिको अधिकारको सुनिश्चित गरिनु पर्दछ। नागरिकको आवश्यक्ता वा समुदायको सार्वजनिक हितको लागि र उपयुक्त कानुनको आधारमा मात्र सम्पत्तिमा अतिक्रमण गर्न सकिन्छ।

### आन्तरिक अमेरिकन महासन्धि

धारा २१

१ सबै व्यक्तिको सम्पत्तिको आनन्द लिने अधिकार छ। कानुनले त्यस्तो प्रकारको प्रयोजनको लागि र समाजको हितको लागि गर्न सक्छन्।

२ क्षतिपूर्तिको भरण तथा सार्वजनिक प्रयोजनको लागि र कानुनले निर्धारण गरेका कुराहरूमा बाहेक सम्पत्तिको अधिकारबाट कसैलाई पनि वञ्चित गरिनु हुँदैन।

३ एउटा मान्छेले अर्को मान्छेसँग गैर कानुनी रूपमा ब्याज लिने काम कानुनले निषेध गरेको शोषणभित्र पर्दछ।

## गोपनीयताको अधिकार

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा १७

१. कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानुनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानुनी आक्रमण नै गरिने छ।

२. प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ।

### युरोपियन मानव अधिकारको महासन्धि

धारा ८

१ सबै व्यक्तिको व्यक्तिगत तथा पारिवारिक जिवनको सम्मानको अधिकार छ।

२ यसमा सार्वजनिक निकायको निम्न कुराहरूमा बाहेक अन्य कुराहरूमा हस्तक्षेप गर्न पाउँदैन। जस्तै कानुनमा उल्लेख गरे बमोजिम प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा सार्वजनिक सुरक्षा अथवा राज्यको आर्थिक वृद्धि, स्वास्थ्य तथा नैतिकताको सुरक्षा तथा अरुको स्वतन्त्रताको अधिकारको सुरक्षाको विषय भएमा हस्तक्षेप गर्दछ।

### आन्तरिक अमेरिकन महासन्धि

धारा ११

१ सबै व्यक्तिको आफ्नो सम्मानको अधिकार र उसको पहिचानको अधिकार हुन्छ।

२ कसैलाई पनि अरु व्यक्तिको सम्मान, उसको परिवारको सम्मानको हनन् गर्ने तथा कानुन विपरितको आक्रमण गर्न पाउने अधिकार हुँदैन।

३ सबै व्यक्तिले त्यस्तो आक्रमणबाट कानुनद्वारा सुरक्षा पाउने अधिकार हुन्छ।

## घर बनाउने अधिकार

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा ११

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोगमार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्वन गर्नेछन्:

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतामा विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुबैका समस्याहरूलाई ध्यान दिंदै आवश्यकता अनुरुप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

### युरोपियन मानव अधिकारको महासन्धि

धारा ८

१ सबै व्यक्तिको व्यक्तिगत तथा पारिवारिक जिवनको सम्मानको अधिकार छ ।

२ यसमा सार्वजनिक निकायको निम्न कुराहरूमा बाहेक अन्य कुराहरूमा हस्तक्षेप गर्न पाउंदैन जस्तै कानुनमा उल्लेख गरे बमोजिम प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा सार्वजनिक सुरक्षा अथवा राज्यको आर्थिक वृद्धि, स्वास्थ्य तथा नैतिकताको सुरक्षा तथा अरुको स्वतन्त्रताको अधिकारको सुरक्षाको विषय भएमा हस्तक्षेप गर्दछ ।

## शिक्षाको अधिकार

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन् । मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरूबीच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र सङ्घका क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिहरूलाई सबल बनाउनेछ भन्ने कुरामा समेत उनीहरू सहमत छन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले देहायका कुराहरू स्वीकार गर्छन् ।

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई नि:शुल्क उपलब्ध हुनेछ

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा लगायत विभिन्न रूपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा

खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाईनेछ

(ग) सबैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनवाट उच्च शिक्षा समान रूपमा पहुँचयोग्य बनाईनेछ

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पूरा नगरेका व्यक्तिहरूको लागि यथा संभव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ

(ङ) सबै तहहरूमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रूपमा अवलम्वन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरू बाहेक पक्ष राष्ट्रहरूले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्ड अनुरुप चल्ने विद्यालयहरू छान्ने र आफ्नो आस्था अनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको र लागू हुने अवस्थामा, कानुनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिईने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेका न्यूनतम मापदण्डहरू अनुरुप हुनुपर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरू स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

## महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि

धारा १०

पक्ष राष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरहको समान अधिकार सुनिश्चित गर्ने र खासगरी, महिला र पुरुषको समानताको आधारमा देहायका कुराहरू सुनिश्चित गर्ने उद्देश्यले महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्नेछन् ।

(क) वृत्ति तथा व्यवसायिक मार्गदर्शन, अध्ययनमा पहुँच र ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थाहरूबाट उपाधि प्राप्त गर्नको लागि समान अवस्थाहरू यो समानता पूर्व विद्यालय, साधारण, प्राविधिक, व्यवसायिक तथा उच्च प्राविधिक शिक्षाका साथै सबै प्रकारका व्यवसायिक तालिमहरूका हकमा सुनिश्चित गरिनेछ।

(ख) समान पाठ्यक्रम, समान परीक्षा, समान मापदण्डको योग्यता भएका प्रशिक्षण कर्मचारी र विद्यालय परिसर तथा समान गुणस्तरको उपकरणमा पहुँच

(ग) पुरुष र महिलाको भूमिकाको रुढीवादी अवधारणा उन्मूलन गर्ने लक्ष्य हासिल गर्न सहयोगी हुने सह-शिक्षा तथा अन्य किसिमका शिक्षालाई प्रोत्साहित गर्दै र खासगरी पाठ्यपुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिमार्जन र शिक्षण विधिहरू ग्रहण गरी सबै तह र प्रकारको शिक्षामा रुढीवादी अवधारणाको उन्मूलन

(घ) छात्रवृत्ति तथा अन्य अध्ययन अनुदानबाट फाईदा लिनको लागि समान अवसर

(ङ) प्रौढ शिक्षा तथा कार्यमूलक साक्षरता कार्यक्रमहरू लगायतका निरन्तर शिक्षण कार्यक्रमहरू, खासगरी पुरुष र महिलाकाबीचमा विद्यमान शैक्षिक अन्तरलाई जतिसक्दो छिटो घटाउदै जाने लक्ष्य रहेका कार्यक्रमहरूमा पहुँचको समान अवसर

(च) पढाई छाड्दै जाने महिला विद्यार्थीको दरमा कमी ल्याउने र पढाई अधुरो हुँदै विद्यालय छाडेका बालिका तथा महिलाहरूको निमित्त कार्यक्रमहरूको आयोजना

(छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रिय रूपमा सहभागी हुन पाउने समान अवसर

(ज) परिवार नियोजनसम्बन्धी सूचना र सल्लाह लगायत परिवारको स्वास्थ्य र कल्याण सुनिश्चित गर्न सहायक हुने विशेष शैक्षिक सूचनामा पहुँच ।

**अफ्रिकन चार्टर**

धारा १७

१ सबै व्यक्तिको शिक्षाको अधिकार हुन्छ ।

२ सबै व्यक्तिहरू स्वतन्त्र रूपमा समुदायको सांस्कृतिक कार्यक्रममा भाग लिन पाउछ ।

३ समुदायले पहिचान गरिएको प्रथाजनिक मूल्य मान्यता, नैतिकताहरूको वृद्धि तथा सुरक्षा गर्ने कर्तव्य राज्यको हुन्छ ।

## खाद्य अधिकार

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

धारा ११

१ प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोगमार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्वन गर्नेछन्

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुबैका समस्याहरूलाई ध्यान दिंदै आवश्यकता अनुरुप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

## स्वास्थ्य र स्वास्थ्य सुरक्षाको अधिकार

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

धारा १२

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन :

(क) शिशु मृत्युदर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था

(ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षहरूको सुधार

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना ।

### महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि

धारा १२

१. पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा परिवार नियोजनसँग सम्बन्धित सेवाहरू लगायत स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवाको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भवती, प्रसूति र प्रसूति पश्चातको अवधिमा उपयुक्त सेवाहरू र आवश्यक भएका बखत निशुल्क सेवा एवम् गर्भवती र दुध ख्वाउने अवधिमा पर्याप्त पोषणसमेत उपलब्ध भएको सुनिश्चित गर्नेछन् ।

### अफ्रिकन चार्टर

धारा १६

१ सबै व्यक्तिको राम्रो स्वास्थ्य तथा मानसिक स्वास्थ्यको अधिकार हुन्छ ।

२ राज्यले हालको चार्टर अनुरुप आफ्नो नागरिकको स्वास्थ्यको सुरक्षाको आवश्यक मापन तथा बिरामी अवस्थामा स्वास्थ्य सुविधा पाए नपाएको सुनिश्चित गर्नु पर्दछ ।

## भेदभावविरुद्धको अधिकार, कानुनको अगाडि समानता र कानुनबाट समान सुरक्षाको अधिकार

### नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा २

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आफ्ना ईलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन् ।

२. विद्यमान कानुनी वा अन्य उपायहरूबाट व्यवस्था भई नसकेको अवस्थामा प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले आफ्नो संवैधानिक प्रक्रिया र प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरू अनुरुप प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरूलाई प्रभावकारी बनाउन आवश्यक कानुनी वा अन्य उपायहरू ग्रहण गर्न आवश्यक कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले निम्न कुराको प्रतिज्ञा गर्दछ

(क) सरकारी हैसियतमा काम गर्ने व्यक्तिहरूबाटै उल्लंघन भएको भए तापनि प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका आफ्ना अधिकार तथा स्वतन्त्रताहरू उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै पनि व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरू वा सो राष्ट्रको कानुन प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारण गरी पाउने कुरा सुनिश्चित गर्ने र न्यायिक उपचारका संभावनाहरूको विकास गर्ने,

(ग) उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले त्यस्ता उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

धारा १४
सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन् । कुनै व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुनेछ । प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्नसक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाई वा त्यसको कुनै अंशमा पत्रकार प्रेस तथा जनताको प्रवेशमा रोक लगाउन सकिनेछ । तर किशोरहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै पनि फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू भने सार्वजनिक गरिनेछ ।

२. फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ ।

३. प्रत्येक व्यक्ति विरुद्धको कुनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछ
   (क) आफूविरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रूपमा जानकारी पाउने
   (ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने
   (ग) अनुचित विलम्ब विना सुनुवाई गरी पाउने ।
   (घ) आफ्नो उपस्थितिमा सुनुवाई हुने, तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने
   (ङ) आफूविरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरी पाउने र आफूविरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नो तर्फका साक्षीहरूको उपस्थति र परीक्षण प्राप्त गर्ने
   (च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने
   (छ) आफ्नोविरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने

४. किशोर किशोरीहरूको हकमा निजहरूको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरूको व्यवस्था हुनेछन् ।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानुन बमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गराई पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसुरमा सजाय पाएको र पछि गएर नयाँ वा हालै पत्ता लागेको तथ्यबाट वेइन्साफ भएको कुरा निर्विवाद रूपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाईएको वा निजलाई माफी दिईएको अवस्थामा पूर्ण वा आंशिक रूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमै पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिईनेछ ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानुन र दण्ड कार्यविधि अनुसार अन्तिम सजाय दिई सकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसूरमा निजविरुद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाईने छैन

धारा १६

प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

धारा २६

सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव बिना कानुनको समान संरक्षणका हकदार छन् । यस सम्बन्धमा कानुनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचाार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिइनेछ ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

**धारा २**

१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोगमार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलत कानुनी उपायहरूको अवलम्वन समेत सम्पूर्ण समुचित उपायहरूबाट प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरू प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रस्तुत प्रतिज्ञापत्रमा उल्लेखित अधिकारहरू जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन् ।

३. विकासशील देशहरूले मानव अधिकार तथा आफ्ना राष्ट्रिय अर्थ व्यवस्थालाई उचित ध्यान दिँदै प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत आर्थिक अधिकार गैर नागरिकहरूलाई कुन हदसम्म प्रत्याभूत गर्ने हो सो कुरा निर्धारण गर्नेछन् ।

धारा ३

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रस्तुत प्रतिज्ञापत्रमा उल्लेखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन् ।

## महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि

धारा १

यस महासन्धिको प्रयोजनको लागि “महिलाविरुद्धको भेदभाव” भन्नाले पुरुष र महिलाहरूको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिवन्ध सम्झनु पर्छ ।

धारा २

पक्ष राष्ट्रहरू महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विना ढिलाई महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मञ्जुर गर्दछन् र यस उद्देश्यका लागि देहायका काम गर्न कवुल गर्दछन् ।

(क) पुरुष र महिलाबीचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानुनमा अझै समावेश गरिन सकिएको भए यस सिद्धान्तलाई त्यस्तो संविधान वा कानुनमा समावेश गर्ने तथा कानुन र अन्य उपयुक्त माध्यमद्वारा यस सिद्धान्तको व्यवहारिक प्राप्ति सुनिश्चित गर्ने,

(ख) महिला विरुद्धको भेदभाव निषेध गर्ने कानुनी र अन्य उपायहरू एवम् उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्थासमेत अवलम्वन गर्ने

(ग) पुरुष सरह समान आधारमा महिलाका अधिकारहरूको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरूमार्फत भेदभावको कुनै पनि कार्यविरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने

(घ) महिला विरुद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरूले यस दायित्व अनुरुप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने

(च) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानुन, नियम, परम्परा तथा व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने

(छ) महिलाविरुद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने ।

### युरोपियन मानव अधिकारको महासन्धि

धारा १४

स्वतन्त्रताको अधिकार र आनन्द प्राप्तीको अधिकार महासन्धिमा कुनै प्रकारको भेदभाव विना जस्तै लिङ्ग, जाति भाषा, धर्म, राजनीति तथा अन्य विचार, राष्ट्रिय तथा सामाजिक पहिचान जनजातीको सङ्घमा आवद्धता, सम्पत्ति, जन्म तथा अन्य आधारमा दिनु पर्दछ ।

## काम गर्ने अधिकार

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा ६

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले काम गर्ने अधिका स्वीकार गर्छन्, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकारसमेत समावेश हुनेछ । साथै यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूबाट चालिने कदमहरूमा प्राविधिक र व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरू एवम् व्यक्तिका मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रताहरू सुरक्षा गर्ने अवस्थाहरू अन्तरगत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन् ।

धारा ७

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले खास गरी देहायका कुराहरू सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन् ।

(क) सबै कामदारहरूलाई न्यूनतम रूपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिक

(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति

(२) प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरुप उनीहरू र उनीहरूका परिवारहरूलाई राम्रो जीवनस्तर

(ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरू

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधिनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमाङ्कन तथा तलबी आवधिक विदा लगायत सार्वजनिक विदा वापतको पारिश्रमिक ।

## वाक स्वतन्त्रताको अधिकार

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

धारा १९

१. प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । सीमाको बन्देज विना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यममार्फत सबै किसिमका सूचना र विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन् ।

३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समेत निहित हुन्छन् । तसर्थ यो अधिकार केही निश्चित प्रतिवन्धहरूको अधिनमा हुन सक्नेछ । तर यस्ता प्रतिवन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ

(क) अरुको अधिकार वा प्रतिष्ठाको सम्मान

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण

### युरोपियन मानव अधिकारको महासन्धि

**धारा १०**

१ सबै व्यक्तिलाई वाक स्वतन्त्रताको अधिकार छ । यसमा सार्वजनिक पदका अधिकारीहरूको हस्तक्षेप विना विचार आदान प्रदान गर्ने स्वतन्त्रता, सूचना लिने तथा दिने स्वतन्त्रता हुन्छ । यस धाराले सरकारलाई सिनेमा घर, टेलिभिजन प्रसारण आदिको लागि रोक लगाएको छैन ।

२ प्रजातान्त्रिक समाजका लागि र त्यसको सुरक्षाको अपराधिक कार्य हुन नदिन लागि अरुको अधिकार र सम्मानको सुरक्षाको लागि सूचनाको गोपनीयताको लागि सरकारले आफ्नो काम तथा जिम्मेवारी लिएदेखि नै कानुनमा निर्धारण गरेका सर्तहरू जस्तै अवस्था, औपचारिकता, प्रतिबन्ध तथा जरिवानाहरू राखेका हुन्छन् ।

## अनुसूची ३
## संक्षिप्त पुनरावलोकनको उदाहरण

*यो अनुसूची अलबानियाले त्यहाँको वास्तविक अवस्थामा डोभाको संक्षिप्त पुनरावलोकनको प्रयोग सन् २००९ मा गरेको उदाहरण हो । डोभाको सञ्जाल सदस्यहरू र यसको विज्ञको रूपमा रहेका श्री अरेलाको संयुक्त प्रयासमा यसको संक्षिप्त पुनरावलोकनको प्रश्नहरूमा छलफल गरी निम्न उत्तरहरू प्राप्त गरिएको थियो ।*

**प्रश्न नं १ अभ्यासमा कस्तो समस्या बेहोर्नु परेको छ ? कुन समस्यालाई सम्बोधन गर्न रुचाउनु हुन्छ ?**

अलबानियामा घरेलु हिंसाका पीडितहरू प्रहरीकोमा जादा प्रायः डराउने गर्छन् । त्यसरी प्रहरीकोमा जादा उनीहरू घरेलु वातावरण झन् बिग्रन्छ भनी डराउँछन् ।

**प्रश्न नं २ कस्तो विशेष परिवर्तन चाहनु हुन्छ र किन ?**

हामी पीडक जेलमुक्त भएपछिको अवस्थामा पीडितको संरक्षणको लागि संरक्षणात्मक संयन्त्र चाहन्छौ । पीडकको मानसिक उपचारको लागि एक प्रकारको पुनःस्थापना सम्बन्धी व्यवस्था हुनुपर्छ ।

**प्रश्न नं ३ यो परिवर्तन प्राप्तीमा कुन कानुन नीति अथवा अभ्यासले (आउँदो अथवा नभएको) बाधा पुऱ्याउँछ ?**

अलबानियामा कानुनले आकस्मिक सुरक्षाको आदेश दिएको भएता पनि प्रहरीहरू सक्षम छैनन् र भए पनि कहिलेकाहिँ सुरक्षा प्रदान गर्न इच्छा व्यक्त गर्दैनन् । यस प्रकारको सुरक्षाको आदेशको लागि प्रहरीको कर्तव्यको बारेमा स्पष्ट मार्गनिर्देशिकाको अभाव छ ।

**प्रश्न नं ४ कुन कानुन, नीति तथा अभ्यासलाई प्रभावित गर्न सक्छौ र किन ?**

अलबानियामा उपकानुनी ऐनले मन्त्रालयले के गर्ने र कसरी समन्वय गर्ने भन्ने बारेमा बताउँछ ।

हामीले उप कानुनी ऐनलाई प्रभावित पार्न सक्छौ, जसले घरेलु हिंसाको ऐन कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा बताउँछौ ।

क्षमता : हामीसँग मुद्दालाई सम्बोधन गर्न उपयुक्त साझेदार संस्था तथा सीप छ

तह : उप कानुनी ऐन कार्यान्वयनको प्रक्रियामा रहेको छ ।

राजनैतिक वातावरण : मुद्दालाई सम्बोधन गर्न इच्छुक छैन ।

**प्रश्न नं ५ केन्द्रित समस्याको निर्माण कानुन, नीति र अभ्यास**

घरेलु हिंसाको पीडितहरूको सुरक्षाको लागि अलबानियामा घरेलु हिंसाको कानुनको उपकानुनी ऐनको कार्यान्वयनमा सुधार ।

**प्रश्न नं ६ परिवर्तन प्राप्तीको लागि मानव अधिकार मुल्याङ्कनको योगदान र रणनीतिक के हो ?**

मानव अधिकार मुल्याङ्कनले विश्लेषणसहितको अधिकारमुखी प्रमाणहरू उपलब्ध गराउँछ, जसले हाम्रो परिवर्तनको एजेण्डालाई सवल बनाउँछ ।

## संक्षिप्त पुनरावलोकनको उदाहरण

*यो जिम्वावेमा सन् २००९मा त्यहाँको वास्तविक अवस्थामा डोभाको संक्षिप्त पुनरावलोकनको प्रयोग गरेको उदाहरण हो । डोभाको अन्य सञ्जाल सदस्यहरू र त्यसको विज्ञको रूपमा रहेका श्री प्रिस्का डुवले संयुक्त रूपमा यसको संक्षिप्त पुनरावलोकनको प्रश्नहरूमा छलफल गरी निम्न उत्तरहरू प्राप्त गरेका थिए ।*

**प्रश्न नं १ अभ्यासमा कस्तो समस्या बेहोर्नु परेको छ ? कुन समस्यालाई सम्बोधन गर्न रुचाउनु हुन्छ ?**

जिम्बाबेका घरेलु हिंसाका पीडितहरू जब प्रहरीको जान्छन् उनीहरू धेरै जसो डराउने गर्छन् र यसरी प्रहरीकोमा जाँदा उनीहरूको घरेलु वातावरण झन् बिग्रन्छ भनी डराउँछन् ।

**प्रश्न नं २ कस्तो खालको विशेष परिवर्तन चाहनु हुन्छ र किन ?**

पीडकको मस्तिस्कको परिवर्तन हुनुपर्छ - पुनःस्थापनाको व्यवस्था, पहिले नै समाधानको उपाय रहेको छ ।

**प्रश्न नं ३ यो परिवर्तन प्राप्तीमा कुन कानुन नीति तथा अभ्यासले (आउँदो तथा नभएको) बाधा पुऱ्याउँछ ?**

घरेलु हिंसाको ऐनले पीडकको मस्तिस्क परिवर्तन तथा व्यवहार परिवर्तन गर्न सहयोग गर्दछ, यसले पीडकलाई पक्राउको आदेश दिन्छ । र साथै कानुनले स्वेच्छिक मध्यस्ताको र मेलमिलापको विकल्प पनि राखेको हुन्छ ।

तथापी, यो कानुनी विकल्पहरू विविध संस्कृतिहरूबाट प्रभावित भएको हुन्छ । जिम्वावेमा अझै पितृसत्तात्मक समाज छ । पीडकका घरमा परिवारहरू कानुन व्यवसायीकोमा आउँछन र पक्राउको आदेश फिर्ता गराउनको लागि अनुरोध गर्छन् र आइन्दा पीडकको व्यवहारको अनुगमन गर्ने बाचा गर्दछन् । पीडकको परिवारलाई घरेलु हिंसा गर्नु हुँदैन भनेर थाहा छ र यस्तो प्रकारको पीडकको व्यवहारको अनुगमन गर्ने काम गाउँमा नै मिलाउने गर्ने गर्दछ । तर सबै जिम्वावेको परिवारहरू एकै गाउँमा नै बस्ने गर्दैनन् र यस प्रकारको घरको परिवारबाट अनुगमन गर्ने कार्य असफल रहन्छ ।

**प्रश्न नं ४ कुन कानुन, नीति तथा अभ्यासलाई प्रभावित गर्न सक्छौ र किन ?**

यसप्रकारको पक्राउको आदेशको हटाउ अनुरोध गरिने अभ्यासको नकारात्मक असरको बारेमा स्पष्ट पारेर तथा सम्बोधन गरेर अभ्यासको परिवर्तन गर्न सहयोग गर्न सकिन्छ ।

क्षमता : जिम्वावे ओमेन लयर्स एसोशिएशनको मुद्दालाई सम्बोधन गर्ने क्षमता रहेको र यो हाल अभियान गर्दै रहेको अवस्थामा पनि रहेको छ ।

अवस्था : यससँग सम्बन्धित नीति कार्यान्वयनको अवस्थामा रहेको छ । तर यसको अभ्यास चाहि भइरहेको छ ।

राजनीतिक वातावरण : असहज राजनैतिक वातावरण भएतापनि यो महिलाहरूको मुद्दाको लागि एक रणनीतिक समय हो । महिलाको मुद्दालाई एक नरम प्रकारको मुद्दाको रूपमा लिने पनि दुवै पक्षहरू यसको सुधारका पक्षहरूमा सहमत छन् ।

**प्रश्न नं ५ केन्द्रित समस्याको निमाण कानुन, नीति र अभ्यास**

कानुनी प्रणालीबाट परिवारहरूले पछि हट्ने अभ्यासलाई सम्बोधन गर्नेर पक्राउको आदेशलाई सुरक्षा प्रदान गर्ने अभ्यासलाई सम्बोधन गर्ने ।

**प्रश्न नं ६ मानव अधिकारको मुल्याङ्कन गर्नाले परिवर्तन प्राप्तीको लागि योगदान र रणनीतिक हो ?**

होइन, हाल भईरहेको अभ्यासको परिवर्तन गर्ने राम्रो तरिका भनेको परिवारलाई र पीडित तथा जोखिममा परेकालाई उजुरी फिर्ता लिनाले हुने जोखिमको बारेमा सावधान गर्ने हो । यो समुदायिक अभियान तथा सूचनाको बाडफाँडबाट गर्न सकिन्छ ।

# अनुसूची ४
# डोभा विश्लेषणको कार्ययोजना

तलको कार्ययोजनाको खाकाले डोभा विश्लेषण प्रक्रियामा सहयोग पुऱ्याउँछ । राम्रो तयारीले पछि गर्ने विश्लेषणको समयमा समयको बचत गर्दछ । तसर्थ अध्याय ४ को राम्रो अध्ययन गर्ने सुझाव दिन्छौं । राम्रो कार्ययोजना बनाउनाले पछि ७ चरणमा गएर विश्लेषण गर्न सजिलो हुन्छ ।

**डोभा विश्लेषणको कार्ययोजना**

| कार्य | उद्देश्य | मुख्य क्रियाकलाप | सुरु मिति | अन्त्य मिति | कसलाई संलग्न गराउने |
|---|---|---|---|---|---|
| संक्षिप्त पुनरावलोकन अध्याय ४ | समस्या र सम्बन्धित कानुन तथा नीतिको छनौट गर्नुहोस् र आफ्नो संस्थाको डोभा विश्लेषणको प्रभावकारीताको सम्बन्धमा विचार गर्नुहोस् | • विभिन्न सरोकारवालाहरू सँगको समूह छलफल | | | |
| तयारी अध्याय ४ | कुन सूचनाको लागि कुन संस्थासँग छलफल गर्ने भन्नेबारेमा निर्णय गर्ने | • सम्बन्धित प्रश्नको छनौट<br>• अन्तर्वाताको लिष्ट तयार गर्ने<br>• मुल्याङ्कन समूहलाई सँगै राख्ने | | | |
| अध्याय ५ चरण १ | नीतिको सम्बन्धमा सम्बन्धित मुद्दाहरू विस्तृत रूपमा उल्लेख गर्ने | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने | | | |
| अध्याय ५ चरण २ | सरकारको प्रतिवद्धताको मापन गर्ने | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने | | | |
| अध्याय ५ चरण ३ | सामाजिक तथा राजनैतिक सम्बन्धि अवस्थाको बारेमा पहिचान गर्नु | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने | | | |
| अध्याय ५ चरण ४ | सरकारको कार्यान्वयन क्षमताको खोजी गर्नु | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने | | | |
| अध्याय ५ चरण ५ | तथ्याङ्क संकलन अभ्यासमा नीतिको प्रभाव<br><br>विश्लेषण : कस्तो प्रकारको हिंसाहरू विद्यमान छ | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने<br>• छनौट गरिएको सहभागितात्मक प्रक्रियाबाट सूचना सङ्कलन जस्तै समूह छलफल | | | |
| अध्याय ५ चरण ६ | जवाफदेहिताको मुल्याङ्कन<br>विश्लेषण : कस्ता प्रकारका हिंसाहरूमा सरकार जिम्मेवार रहन्छ | • छनौट गरिएका प्रश्नहरूको उत्तर दिने | | | |
| अध्याय ५ चरण ७ | सुझावको पहिचान र कार्ययोजनाको निर्णय | • विश्लेषण<br>• समूह छलफल<br>• प्रतिवेदन लेखन र कार्ययोजना | | | |
| लवी | सुझावहरूको कार्यान्वयनको लागि लवी गर्ने | • लवी<br>• चेतना अभिवृद्धि | | | |

# अनुसूची ५
# पैरवीको कार्ययोजना

**कसरी विश्लेषण गर्ने, सुझावहरू दिने ?**

## पैरवीको सूचना

सुझावको आधारमा एक भन्दा बढी पैरवीको सूचना निर्माण गर्न सकिन्छ । यो छानिएको लक्षित वर्गमा निर्भर गर्दछ । सबै लक्षित वर्गले आफ्नो भाषा चाहिन्छ ।

..............................................................................................................................................

..............................................................................................................................................

## लक्षित वर्ग

लक्षित गर्न खोजिएको समूहलाई स्थापित गर । तपाईले प्राथमिक तथा दोस्रो वर्गको छनौट गर्न सकिन्छ । जस्तै उदाहरणको लागि कानुनको परिवर्तन गर्न निर्णय गरेको खण्डमा मन्त्रालय प्राथमिक वर्ग हुन सक्छ तर दोस्रो वर्गको रूपमा निजामती कर्मचारी तथा नीति निर्माताहरू रहन सक्छन् जसले मन्त्रालयलाई परिवर्तनको लागि सल्लाह तथा तरिकाहरू दिन सक्छन् ।

..............................................................................................................................................

## कार्यक्रमको बारेमा

| तपाईले योजना बनाउनु भएको सबै कार्यक्रमको बारेमा उल्लेख गर्नुहोस् । कुन कार्यक्रम कुन कार्यसँग मिल्छ स्पष्टसँग उल्लेख गर्नुहोस् र जिम्मेवार व्यक्ति वा संस्था तोक्नुहोस् । | जिम्मेवार व्यक्ति |
|---|---|
| | |

विभिन्न क्रियाकलाप विभिन्न सुझावहरूसँग उपयुक्त हुन सक्छ । त्यसैले सबै सुझावहरूमा कुन क्रियाकलाप सबैभन्दा बढी उपयुक्त हुन्छ भन्नेबारे राम्रोसँग सोच्नुहोस् । यसलाई संयुक्त रूपमा पनि गर्न सकिन्छ ।

## सञ्चार माध्यम

सुझावहरू प्रस्तुत गर्न र पैरवीका सूचनाहरू सम्प्रेसण गर्न कुन सञ्चार माध्यमको प्रयोग गर्नुहुन्छ ? हरेक क्रियाकलापको लागि उपयुक्त सञ्चार माध्यमको छनौट गर । यो सूचना प्रवाह गर्ने कार्य कम खर्च लाग्ने कार्य हो । जस्तै बैठकमा भाग लिने र सूचनाको छलफल गर्ने । साथै स्थानीय सञ्चार माध्यमको सहभागिता पनि एक उपाय हो ।

## सहयोग / आर्थिक सहयोग

क्रियाकलापहरू गर्नको लागि कस्तो किसिमको स्रोतहरूको आवश्यक्ता पर्दछ ? यसको लागि के थप आर्थिक सहयोगको कार्यक्रमको आवश्यक्ता पर्दछ अथवा तपाई भएका स्रोतहरूको प्रयोग गरेर गर्न सक्नु हुन्छ ? के तपाई कम खर्च लाग्ने रणनीति अपनाउनु सक्नु हुन्छ ?

## अनुगमन र मुल्याङ्कन

पैरवीको अभियान एक लामो समयसम्मको गरिने कार्यको बचन बद्धता हुनसक्छ । कार्यन्वयन भएका क्रियाकलापको र त्यसको असरको अनुगमन गनुहोस् । तपाई कहिले आफ्नो पैरवी कार्य गर्न सफल हुनुहुन्छ ? आफ्नो क्रियाकलापको मुल्याङ्कन गर्नुहोस् । के तपाईको रणनीतिलाई अझै सफल बनाउन केही समायोजनको आवश्यक्ता छ ?

## समयरेखा

| मिति | पहिलो महिना | दास्रो महिना | तेस्रो महिना | चौथो महिना | अन्य |
|---|---|---|---|---|---|
| योजना गरिएको क्रियाकलापहरू | | | | | |